"सबैका लागि घर-घरमा मानव अधिकार, शान्ति र विकासको आधार"

## राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको

# वार्षिक गतिविधि-२०७२/०७३




## राष्ट्रिय मानवअधिकार आयोग


क्षेत्रीय कार्यालय, उत्तर बेहडी, धनगढी, कैलाली

फोन नं. : ०९१-५२५६२१, ५२५६३३

फ्याक्स : ०९१-५२५६२३

मोबाइल नं. : ९८५८४२३६२१

वेबसाइट : www.nhrcnepal.org


सबैका लागि मर्यादा, समानता र न्याय

मानवअधिकार उलङ्घनका

घटनाहरूको उजुरी/सूचना नजिकैको आयोगको

कार्यालयमा दर्ता गरौं

आयोगमा उजुरी/सूचना दर्ता गर्दा

कुनै दस्तुर लाग्दैन। उजुरकर्ताको विवरण

गोप्य रहने छ ।


विस्तृत जानकारीको लागि

**राष्ट्रिय मानवअधिकार आयोग**

**क्षेत्रीय कार्यालय, उत्तर बेहडी, धनगढी, कैलाली**

फोन नं. : ०९१-५२५६२१, ५२५६२२,

मो.नं. : ९८५८४२३६२१

फ्याक्स : ०९१-५२५६२३

वेबसाइट : www.nhrcnepal.org

"सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको

# वार्षिक गतिविधि-२०७२/७३

**(२०७२ साउन देखि २०७३ असारसम्म)**

## राष्ट्रिय मानव अधिकार आयोग
**क्षेत्रीय कार्यालय, धनगढी**

## आयोगका पदाधिकारीहरु

अध्यक्ष : माननीय अनूपराज शर्मा

सदस्य : माननीय प्रकाश वस्ती

सदस्य : माननीय सुदिप पाठक

सदस्य : माननीय मोहना अन्सारी

सदस्य : माननीय गोविन्द शर्मा पौड्याल

## सचिव

वेदप्रसाद भट्टराई

**संयोजक** **मोहनदेव जोशी**

सदस्यः पवनकुमार भट्ट

सदस्यः लक्ष्मी पौडेल

सदस्यः दिपक कार्की

सदस्यः भुपेन्द्रबहादुर धामी

सदस्यः विदेशराम चौधरी

सदस्यः महिमा चौधरी

**प्रकाशक** राष्ट्रिय मानव अधिकार आयोग

क्षेत्रीय कार्यालय, धनगढी

© *मुद्रण तथा प्रकाशानाधिकार आयोगमा सुरक्षित रहनेछ । राष्ट्रिय मानव अधिकार आयोगको पूर्व स्वीकृति बिना यस पुस्तकलाई कुनै व्यवसायीक प्रयोजनका लागि पुनः प्रकाशन, मुद्रण गर्ने वा कुनै माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनका लागि केहि अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।*

संस्करण : दशौं प्रतिवेदन

प्रकाशन प्रति : ५०० प्रति

प्रकाशन मिति : २०७३, श्रावण

फोन नं.०९१-५२५६२१, ५२५६२२

फ्याक्स नं. ०९१- ५२५६२३

मोबाइल नं. : ९८५८४२३६२१

**Email address :** nhrcdhn@nhrcnepal.org

**Website :** www.nhrcnepal.org

**Facebook Page:** https://www.facebook.com/pages/National-Human-Rights-Commission-Of-Nepal-Regional-Office-Dhangadhi

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)



## मन्तव्य

जीवन, समानता, स्वतन्त्रता, मर्यादा जस्ता विषय प्रत्येक व्यक्तिको जन्मसिद्ध प्राकृतिक अधिकार हो । प्रत्येक राज्यको लोकतान्त्रीकरण, उदारीकरण र जनताप्रतिको जिम्मेवारी र दायित्वको बिषय उक्त राज्यले आफनो नागरिकहरुलाई के-कति मानव अधिकारको प्रत्याभूति र व्यावहारिकरुपमा अनभूती गराएको छ भन्ने कसिमा हेरिनु पर्दछ । हेरक नेपालीले जीवन, मर्यादा, समानता र स्वतन्त्रताका साथै आधारभूत रुपमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, विकासका अधिकार उपभोग गर्न पाउनु पर्दछ । मानव अधिकारको सम्मान संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक एवं कानूनी जिम्मेवारी हो । यसलाई व्यावहारिक रुपमा प्रत्येक व्यक्तिलाई अनुभूती गराउन सक्ने वातावरण सृजना गर्न आयोगले आफनो रणनीतिक उद्देश्यहरु तयार गरी कार्यान्वयनको क्रममा छ । आयोगले **सबैका लागि घर घरमा मानव अधिकार शान्ति र विकासको आधार** लाई मूलमन्त्र बनाई आफ्ना काम कार्वाही अगाडी बढाउँदै आएको छ ।

सबै मानव अधिकार सबैका लागि रहने हुँदा राज्यका दृष्टिमा अन्य क्षेत्रको तुलनामा मानव विकासमा पछाडी रहेको सुदूरपश्चिम क्षेत्रमा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्य आयोगले स्थापनाकाल देखिनै निरन्तर रुपमा गर्दै आएको छ । सुदूरपश्चिममा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, मुक्त हलिया-कमैया, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जातीय विभेद, उपभोक्ताका अधिकार लगायतका अधिकारको अवस्था यस आर्थिक बर्षमा के-कस्तो रहन गयो भन्ने सम्वन्धमा आयोगको क्षेत्रीय कार्यालय धनगढीले गरेको कार्य सर्‌हानीय छ । मानव अधिकार संरक्षण, सम्वर्द्धन तथा संस्कृति निर्माणका लागि गरेको प्रयासको सम्वन्धमा यस क्षेत्रका सर्वसाधारण नागरिक र आम सरोकारवालालाई जानकारी दिनु आयोगको कर्तव्य पनि हो । यही उद्देश्यले आयोगको क्षेत्रीय कार्यालय धनगढीले यो गतिविधि पुस्तिका प्रकाशन गर्नु सकारात्मक ठानेको छु ।

अन्त्यमा, आयोगको धनगढी क्षेत्रीय कार्यालयबाट सम्पादन गरिएका कार्यहरुलाई सर्वसाधारणको पहुँचमा ल्याउन गरिएको यो प्रयासको लागि सम्वद्ध सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अनूप राज शर्मा
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

२५ श्रावण २०७३

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org

# गतिविधि पुस्तिकाका सम्बन्धमा

आयोगले समग्र देशको मानवअधिकारको अवस्थाको सम्बन्धमा संवैधानिक व्यवस्था अनरुप प्रतिवेदन राष्ट्रपति मार्फत संसद समक्ष प्रस्तुत गरेपनि आयोगका क्षेत्रीय कार्यालयले आफुले गरेका गतिविधिहरु नियमित रुपमा प्रकाशन गर्दै आएको छ । मानव अधिकारको संरक्षण सम्वर्द्धन र सोको प्रभावकारी कार्यान्वयनको संवैधानिक दायित्वका साथै आयोगको वर्तमान नेतृत्वसंगै आयोको रणनीतिक योजना अनरुप आयोगको मुल मर्म **सबैका लागि घर-घरमा मानवअधिकार, शान्ति र विकासको आधार**लाई आत्समात गरि आयोगले आफनो कार्य सम्पादन गर्दै आएको छ ।

नागरिक तथा राजनीतिक अधिकारको उपभोगको अवस्थाले यस बर्ष सन्तोषजनक देखिन, मूलतः राज्य पुर्नसंरचनामा सिंमाकनका बिषयमा भएका विवाद, आन्दोलनका कारण ठुलो मात्रामा जनधनको क्षतिका साथै लामो समयसम्म कर्फ्यु निषेधाज्ञाका कारण नगारिकहरुका संबैधानिक रुपमा प्राप्त स्वतन्त्रताका अधिकार कुण्ठित हुन पुगेको भने आपूर्ति प्रणलीमा अहसजताका कारण आर्थिक समाजिक जीवनमा गम्भिर संकट बेहोर्नु परेको थियो । यस क्षेत्रमा प्रथा- परम्पार र सँस्कृतिका नाम समाजका सबै भाग असमानता र विभेदका थुप्रै घटनाहरु समेत हुने गरेको पाईन्छ । राजनैतिक अस्थिरता, दण्डहिनता, सामाजिक संरचना आदिका कारण मानवअधिकारको संरक्षण र प्रवर्द्धधनको कार्य चुनैतीपूर्ण रहेको छ । सुदुरपश्चिम विकास क्षेत्र देशको अन्य क्षेत्रको तुलनामा संरचनात्मक विकास र मानव विकासमा पछाडी रहेको छ । समग्रमा सुदुरपश्चिम क्षेत्रमा विगतको तुलनामा मानवअधिकारको अवस्था सुधारोन्मुख भएपनि सन्तोषजनक भने छैन ।

आयोगको पहुँच विस्तारका क्रममा आयोगको क्षेत्रीय कार्यालय धनगढी २०६२ फाल्गुन १७ गते स्थापना भएको र सुदुरपश्चिमका ९ वटा जिल्लाहरुको यसको कार्यक्षेत्र भित्र रहेको छन । नेपाली नागरिकहरुको मौलिक हकका रुपमा प्राप्त सुचनाको हक, सार्वजनिक निकायमा पारदर्शीता, उत्तरदायित्व र जिम्मेवारी जस्ता पक्षलाई आत्मसात गर्दै आयोगको क्षेत्रीय कार्यालय धनगढीले आ.व २०७२/७३ (२०७२ श्रावण १ देखि २०७३ असारसम्म) सम्पादन गरेका गतिविधिलाई सार संक्षेपरुपमा सरोकारवाल निकाय, संघ-सस्था तथा सर्वसाधरणको जानकारी लागि प्रकाशन गरिएको छ ।

सिमित स्रोत र साधन, न्यून कर्मचारी, भौगोलिक बिकटता, लगायतका विविध कारणका बावजुद पनि यस क्षेत्रीय कार्यालयले आशातित कार्य सम्पादन गर्न नसकेको पनि हुन सक्छ तथापि मानव अधिकार उल्लंघनका घटनाहरुको बारेमा जानकारी राख्न चाहने सरोकारवाला तथा आम सर्बसाधारणलाई यस प्रतिबेदनबाट थोरै भए पनि केहि मद्दत पुग्ने छ । आयोगको काम कर्तव्यलाई सक्षम, उत्तरदायी र प्रभावकारी बनाउनका लागि सर्वसाधरण, सरोकारवाला तथा श्रद्धेय पाठक बर्गबाट आगामी दिनमा सुझावको अपेक्षा गर्दछु ।

अन्तमा यस गतिविधि पुस्तिका प्रकाशनका लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने आयोगका माननीय अध्यक्ष अनुपराज शर्मा माननीय सदस्यहरु ,सचिव वेदप्रसाद भट्टराई, आयोगका सहकर्मी साथीहरु, सहित सम्पूर्ण आयोगका परिवारलाई हार्दिक धन्यवाद तथा अभार व्यक्त गर्दछु ।

**मोहनदेव जोशी**
**(निमित्त क्षेत्रीय निर्देशक)**

# बिषय-सूचि

## (भाग-१)


१.परिचय १
१.१ पुष्ठभूमि २
१.२ पेरिस सिद्धान्त र आयोग ३
१.३ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ३
१.४ आयोगको काम, कर्तव्य र अधिकार ४
१.५ आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको स्थापनाको दसौ बर्ष ६
१.६ जनशक्ति र कार्यालय व्यवस्थापन ६
१.७ यस बर्षको संक्षेपमा गतिबिधि ७
१.८ यस प्रतिवेदनको उद्देश्य र सीमा ९


## (भाग-२)


२. सुदूरपश्चिमाञ्चलमा मानव अधिकारको अवस्था १०
२.१.पृष्ठभूमि १०
२.२ नागरिक तथा राजनैतीक अधिकारको अवस्था १०
२.३ आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार ११
२.४ यातना बिरुद्धको अधिकारको अवस्था १२
२.५ बाल अधिकारको अवस्था १३
२.६ महिलाको अधिकारको अवस्था १४
२.७ जातिय भेदभाव बिरुद्धको अधिकारको अवस्था १५
२.८ अपाङ्ग तथा असहायहरुको अधिकारको अवस्था १५
२.९ वलपुर्वक वेपत्ता पार्ने विरुद्धको अधिकारको अवस्था १६
२.१० आप्रवासी कामदार तथा वेचविखन विरुद्धको अधिकारको अवस्था १७
२.११ आदिबासी जनजातीको अधिकारको अवस्था १८
२.१२ मुक्त कमैया, हलिय र भूमिहिनहरुको अधिकारको अवस्था १८
२.१३ मानव अधिकार रक्षकहरुको अधिकारको अवस्था १९
२.१४ उपभोक्ता अधिकारको अवस्था २०


## (भाग-३)


३.क्षेत्रीय कार्यालय धनगढीबाट आ.ब.२०७१/०७२ मा सम्पादित भएका कार्यहरु । २२
३.१ मानव अधिकार संरक्षण सम्बन्धि कार्यहरु २३
३.१.१ राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीमा रहेका उजुरीको अवस्था २३
३.१.२ (आ.ब.२०७१/०७२ मा आयोगको यस क्षेत्रीय कार्यालयले गरेको उजुरीहरुको अनुसन्धान बिवरण) २४
३.१.३ मानव अधिकारको अवस्था अनुगमनको अवस्था २६
३.२.४: २०७१ साउन देखी जेष्ठ मसान्त २०७२ सम्ममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीले गरेको विभिन्न सम्बर्द्धन/प्रबर्द्धन सम्बन्धि गतिविधिहरु २८

३.३.५ अन्य क्षेत्रले (सरकारी तथा गैरसरकारी) आयोजना गरेका सम्बर्धन सम्वन्धि कार्यक्रममा भएको सहभागिता र बिषयबस्तु ३२

## (भाग-४)

(उपसंहार)

४. निष्कर्षमा मानव अधिकारको अवस्था ३६
४.१ केहि सकारात्मक पक्ष ३८
४.२.चुनौतिहरु ३८
४.३ केहि सुझावहरु ३९
४.४ सुदूरपश्चिम क्षेत्रका मानवअधिकार हननका घटनामा आयोगबाट भएको सिफारिश ४०

## (भाग-५)

अनुसुची-१

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको वार्षिक आय व्यय विवरण ६५
राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको आ.व.२०७१/०७२ को वार्षिक आय व्यय विवरण ६५
पुँजिगत वजेट (२१४०११४) ६६
नागरिक वडापत्र ६८
नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रहरु ६९
नेपाल पक्ष भएका श्रम सम्बन्धी ११ वटा महासन्धिहरु (आई.एल.ओ कन्भेन्सनहरु) ७१
मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ७२
उजुरी ७३
आयोगका गतिविधिहरु छापामा ७५
आयोगका विविध गतिविधिहरु तस्वीरबाट ७७

# (भाग-१)

## १.परिचय :-

२१ औ शताव्दीमा विश्वमा राज्य सञ्चालनका प्रमुख दुई आयम मध्ये एक लोकतन्त्र र अर्को मानवअधिकार हो भनि मूलतः विश्वका प्रायः जसो धेरै राष्ट्रहरुले संविधानतह स्विकार गरेको अवस्था हो । विश्वमा कुन सरकार कती उदार, कानूनसम्मत सञ्चालन भइरहेको छ भनि जाँच गरिने विभिन्न सुचकहरु मध्ये उक्त देशको मानवअधिकार प्रतिको प्रतिवद्धतालाई एउटा प्रमुख सुचकको रुपमा हेरिने गरिन्छ, । नेपालमा बहुदलिय व्यवस्थाको पुर्नस्थापनासंगै मानव अधिकारको सवाल अहम रुपमा अगाडी आएको छ । मानव अधिकारले, व्यक्तिको जीवन स्वतन्त्रता, समानता, र मर्यादासंग सम्बन्धित अधिकारको प्रत्याभूतिको माग गर्दछ र सोको संरक्षणका लागि नेपालमा मानवअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य, मान्यता र राष्ट्रिय कानूनहरुको प्रभावकारी कार्यान्वयनको लागि जारी भएको मानव अधिकार आयोग ऐन २०५३ अनुसार २०५७ साल जेष्ठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको विधिवत स्थापना भएको हो । मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि आयोग एक स्वतन्त्र निकायको रुपमा स्थापित भएको हो । बि.सं. २०६२/०६३ को राजनैतिक परिवर्तन पछि आयोगलाई संबैधानिक रुपमा नेपालको अन्तरिम संबिधान २०६३ मा स्थापित गरिएको छ । यद्दपि आयोगले राज्यका अन्य संबैधानिक निकायझै कानूनतः समान हैसियत राखे पनि कार्यगत हिसाबले हेर्दा यसको बिशिष्ट पहिचान भएको मान्न सकिन्छ । यसको मुलकारण आयोगले स्वतन्त्रता, स्वायत्तता, पारदर्शिता, पहुच आदि मुल्य र मान्यतालाई आत्मसात गरेको छ ।

आयोगले मानव अधिकार संस्कृतीको निर्माण तथा दण्डहिनताको अन्त्यका लागि सरकारी निकाय, गैरसरकारी सघ-संस्था तथा सरोकारवाला निकायहरु, नागरिक समाज, बिभिन्न पेशा व्यवसायीसंग सम्वन्धित संघ संगठन, मजदुर, किसान र आम-नागरिकका बिच सहकार्य गर्दै आईरहेको छ । यसक्रममा आयोगले समग्र मानव अधिकारको अवस्थाको अनुगमन गरि सुधार गर्नुपर्ने सवालहरुमा सम्बन्धित निकायलाई आवश्यक सुझाव सल्लाह दिने, मानव अधिकार उलंघनका घटनाहरुको अनुगमन तथा अनुसन्धान गरि कानुन बमोजिम कारवाही प्रकृया अगाडि बढाउन लगाउने र मानवअधिकार प्रवर्द्धनको लागि तालिम, गोष्ठि र विभिन्न सचेतना सम्बन्धि काम गर्दै आइहेको छ । हाल आयोगको केन्द्रिय कार्यालय लगायत बिराटनगर, पोखरा, नेपालगंज, जनकपुर र धनगढीमा गरि ५ वटा क्षेत्रीय कार्यालयहरु र जुम्ला, बुटवल, खोटाङ्गमा गरी ३ उप-क्षेत्रीय कार्यालयको रहेका छन ।

## १.१ पुष्ठभूमि

मानव अधिकार, शान्ति, सुरक्षा र विकास जस्ता महत्वपूर्ण उदेश्यका साथ १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना पश्चात, विश्वभरि मानवअधिकारका बिषय प्रमुख प्राथमिकताको क्षेत्रमा रहेका छन् । खास गरि सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणपत्र र १९६६ को नागरिक तथा राजनीतिक एवं आर्थिक, सामाजिक, सास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पश्चात विश्वका प्राय सबै जसो राष्ट्रले अनुमोदन गरिएको र मानव अधिकारको सवाल अन्तर्राष्ट्रिय चासो र सरोकारको बिषय हुन गएको देखिन्छ । नेपालमा भएका सबैजसो राजनीतिक परिवर्तनले मुलतः राजनीतिक सत्ता समीकरण तथा व्यवस्था परिवर्तन आन्दोलनहरुको मुख्य मुद्धामा नागरिक स्वतन्त्रता र मानव अधिकारको प्रत्याभुति रहेको देखिन्छ । नेपालको राजनीतिक ईतिहासलाई हेर्दा २००७ साल देखि २०६३ साल सम्मका बिभिन्न ठूला राजनैतिक परिवर्तनसम्म आईपुग्दा राजनीतिक स्वतन्त्रता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका साथै मानव अधिकारका मुद्धाहरु चरमोत्कर्षमा पुगेको पाईन्छ । मानव अधिकारको मुख्य सवालमा मानिसहरुको आफ्नो जीवन, स्वतन्त्रता लगायत सुनिश्चित भविश्यको चाहना रहेको पाईन्छ । यद्दपि स्वतन्त्रताका लागि जतिसुकै ठूला आन्दोलनहरु भएता पनि मानव अधिकारको संस्थागत बिकास हेर्दा त्यति सहज देखिदैन । नेपालमा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न एक स्वतन्त्रत र स्वायत्त संस्थाको स्थापनाको लागि २०४६ सालको राजनैतीक परिवर्तनपछि खासगरि त्यतिबेलाका नागरिक समाजका अगुवाहरुले बिभिन्न संघर्ष गर्नुपरेको इतिहास हाम्रो सामु छ । २०४६ सालपछि प्रजातान्त्रिक सरकारको स्थापना भएको र अन्तरिम मन्त्री-परिषदले संयुक्त राष्ट्र संघबाट जारि भएका विभिन्न अर्न्तराष्ट्रिय महासन्धिहरु पारित गरेता पनि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न त्यति चासो देखाईएन लामो जनदवाब पछि तत्कालिन संसदद्वारा मानव अधिकार आयोग ऐन २०५३ पारित भएको थियो । ऐन पारित भएको लामो समय बिति सक्दा पनि आयोगको गठन भएन । यसैबिच आयोगको गठनको बिषयलाई लिएर सर्बोच्च अदालतमा रिट निवेदन दायर भएपछि सो उपर सुनवाई हुदा सर्बोच्च अदालतले मिति २०५६।०३।२९ गतेका दिन "राष्ट्रिय मानवअधिकार आयोगको तुरुन्त गठन गर्नु, गराउनु .." भनि तत्कालिन सरकारका नाउँमा परामादेश जारी गरेको थियो । परिणाम स्वरुप मिति २०५७ साल जेठ १३ गतेका दिनमा राष्ट्रिय मानव अधिकार आयोगको विधिवत गठन भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु गरि जम्मा ५ जना पदाधिकारीहरु रहने संबैधानिक तथा कानूनी प्रावधान रहेको छ । आयोगका पदाधिकारीहरुको नियुक्ति संबैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले गर्दछन्। राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुको कार्यकाल ६ बर्षको हुन्छ । आयोगको वर्तमान नेतृत्वसंगै आयोगले ६ बर्षे रणनीतिक योजना २०१५-२० ल्याएको छ र आयोगको प्रमुख नारा "सबैका लागि घर घरमा मानव अधिकार शान्ति र विकासको आधार" तय गरि सोही मुताविक गतिविधीहरु सञ्चलान भइ रहेका छन ।

## १.२ पेरिस सिद्धान्त र आयोग

वर्तमान संविधानको धारा २९३ ले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका संवैधानिक निकायको काम कार्वाहीको अनुगमन मुल्यांकन ,सुझाव निर्देशन गर्ने अधिकार प्रतिनिधि सभाका समितिलाई प्रदान गरिएको छ । यस अवस्थाले राष्ट्रिय मानव अधिकार आयोगको हैसियत पेरिस सिद्धान्त अनुरुप निर्धारण गरिएको देखिन्छ । मानव अधिकार सम्बन्धी राष्ट्रिय सस्थाहरुको स्तर तथा हैसियत निर्धारण गर्नको लागि सन् १९९१ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुको एक सम्मेलनले मानव अधिकार सम्बन्धि एक स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्थाको स्थापना हुनपर्ने बिषयमा एक दस्ताबेज प्रस्तावित गरि सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट पारित भएको थियो । उक्त दस्तावेजलाई नै पेरिस सिद्धान्त भनिन्छ । नेपालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना पेरिस सिद्धान्तको आधारमा भएको मानिन्छ । नेपालमा रहेको मानव अधिकारको संरक्षण , सर्म्वधन र प्रर्वधन गर्नका लागी स्थापित संस्था राष्ट्रिय मानव अधिकार आयोग जस्तै अन्य कतिपय देशहरुमा समेत नाम फरक-फरक भए पनि मानवअधिकार सम्बन्धि राष्ट्रिय संस्था स्थापना भएका छन । उक्त दस्तावेजमा मानवअधिकारको संरक्षण र सम्बर्धनका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको मापदण्ड तयार गर्ने सिद्धान्त तय भएको पाईन्छ । जसमा राष्ट्रिय संस्थामा हुनपर्ने मानव अधिकारसम्बन्धी आवश्यक तत्वहरु समावेश गरिएका छन । ति मूलभुत तत्वहरुमा स्वतन्त्रता, स्वायत्तता, निर्धारित क्षेत्राधिकार र जनशक्ति भएको, सहज पहुचको अवस्था, सहयोग, कार्यदक्षता, दायित्वबोध भएको हुनपर्दछ । राष्ट्रिय मानव अधिकार संस्थाहरुलाई आवश्यक पर्ने साधन र श्रोत राज्य वा सरकारले प्रदान गर्नुपर्ने उल्लेख छ किनभने यो संस्था राज्यको निकाय भएपनि स्वतन्त्र र स्वायत्त संस्थाका रुपमा काम गर्न पाउनुपर्ने र सरकारको हस्तक्षेप हुनुहुदैन भन्ने मान्यता राख्दछ । यहि मूल सिद्धान्त जुन "पेरिस सिद्धान्त का आधारमा नेपालमा राष्ट्रिय मानवअधिकार आयोगको गठन गरिएको हो

## १.३ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

जनआन्दोलन २ पश्चात् राजनीतिक दलहरु बिचको सहमतीमा जारी गरिएको नेपालको अन्तरिम संविधान २०६३ ले मानवअधिकार आयोगलाई कानूनी आयोगबाट स्तरवृद्धि गरि संवैधानिक आयोगको रुपमा स्थापित गरेको सन्दर्भमा मानवअधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्चनीय भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ल्याएको र ऐनलाई कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली २०६९ समेत पारित भई कार्यान्वयनमा रहेको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संबिधान २०७२  को धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । जसमा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य पनि हो । उल्लेखित कर्तव्य पूरा गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

**राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः-**

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

**वार्षिक प्रतिवेदन :** संविधानको धारा २९४. संवैधानिक निकायको वार्षिक प्रतिवेदन : (१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

**देहायका अवस्थाको मानव अधिकार उल्लघंन/हनन वा त्यसको दुरुत्साहनका बिषयलाई अत्यन्त जरुरी बिषय मानिन्छ ।**

क) कसैको हत्या वा मृत्यु भएको वा हत्या वा मृत्यु हुने संभावना रहेको,

ख) गम्भीर यातना दिएको,

ग) मानिस विक्षिप्त भएको,

घ) कुनै समुह वा सम्प्रदाय नै पीडित भएको,

ङ) बेपत्ता पार्ने संभावना भएको वा बेपत्ता पारिएको,

च) माहिला माथि हुने यौन दुर्व्यवहार,

छ) बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकसँग सम्बन्धित उजूरी,

ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गंभिर उलंघन वा मानवीय क्षति हुन सक्छ भन्ने विषयमा आयोग विश्वस्त भएको कुनै विषय ।

**आयोगको रणनीतिक उद्देश्य (२०१५-२०)**

१ मानव अधिकार उल्लघंन घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने

२ मानव अधिकार प्रवर्द्धनको सुदृढीकरण गर्ने

३ विपन्न, सिमान्तकृत एवं पिछडिएका वर्गको अधिकार सुनिश्चित गर्ने

४ आयोगको पहुँच विस्तार, प्रभावकारिता, सुदृढीकरण एवं सस्थागत विकास

## १.५ आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको स्थापनाको दसौ बर्ष

मानव विकास सुचकाङ्कमा देशका अन्य क्षेत्रको तुलनामा पछाडी रहेको सुदुरपश्चिम क्षेत्रमा मानव अधिकारको अवस्था सन्तोषजनक नरहेको । मुलतः आन्तरिक सशस्त्र द्वन्द्वको बिचमा स्थापना भएको आयोगले केन्द्रबाट नै देशका सबै क्षेत्रको मानवअधिकारको अनुगमन तथा अनुसन्धानमा कठिनाई ठानी आयोगको क्षमता विस्तार कार्यक्रम अनुसार पछि युरोपियन युनियन, युएनडिपी लगायतका दातृ संघ-संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा आयोगको पहुँच बिस्तार र क्षमता विस्तार कार्यक्रम लागु भै क्रमशः क्षेत्रीय कार्यालय, सम्पर्क कार्यालय हुदै उप-क्षेत्रीय कार्यालयहरु स्थापना भएका हुन । आम नागरिकको मानव अधिकार संरक्षण र सम्बर्द्धनको मूल जिम्मेवारी लिएको आयोगको स्थानीय स्तरसम्म पहुँच बिस्तार हुन आवश्यक रहेको थियो । यहि उद्देश्य अनुरुप यस सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको स्थापना बि.सं.२०६२ साल फागुन १७ गतेका दिन भएको थियो। हाल आएर स्थापनाको दसौं बर्ष पार गरिसकेको छ । यस सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले सुदूरपश्चिमको कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, वैतडी, बझाङ्ग, बाजुरा, र दार्चुला गरि ९ वटा जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाएको छ । आयोगको यस क्षेत्रीय कार्यालयले नीतिगत र उजुरीहरुको अन्तिम निर्णय बाहेक मानव अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धि अन्य सबै प्रकारका कार्यहरु गर्ने गर्दछ ।

## १.६ जनशक्ति र कार्यालय व्यवस्थापन

यस कार्यालयको आन्तरिक व्यवस्थापनमा उजुरी सुन्ने र दर्तागर्ने शाखा, अनुगमन तथा अनुसन्धान शाखा, प्रबर्धन शाखा, बाल अधिकार शाखा, लेखा तथा प्रशासन शाखा, कार्यालय प्रमूखको कार्य कक्ष, मानव अधिकार श्रोत केन्द्र, सुरक्षा शाखा र सोधपुछ शाखाहरु रहेका छन । यी शाखाहरुमा आवश्यक तालिम प्राप्त दक्ष कर्मचारीहरुद्वारा कार्यसम्पादन सहज र सरल रुपमा भैरहेको छ । तर आवश्यक जनशक्ति तथा साधनश्रोतको अभावमा अपेक्षा अनुरुप कार्य भने हुन सकिरहेको छैन । हाल दरबन्दि अनुरुप कर्मचारी नभएकाले उपलब्ध जनशक्तिले कार्यभार थेग्न कठिनाई भैरहेको छ । करिब २२/२५ जना जनशक्ति चाहिने यस कार्यालयमा हाल १ जना उप-निर्देशक, ३ जना मानव अधिकार अधिकृत, १ जना लेखा अधिकृत, ३ जना सहायक स्तरका कर्मचारी, १ जना सवारी चालक, २ जना कार्यालय सहायक र ३ जना सुरक्षा गार्ड गरि १४ जना कर्मचारीहरुको भरमा क्षेत्रीय कार्यालय संचालन भैरहेको छ ।

आयोगको बजेट नेपालसरकारबाट प्राप्त भएकाले दरबन्दी अनुसार कर्मचारी नहुँदा केही रकम फिर्ता गएको छ भने अन्य शिर्षकमा मर्मत सम्भार, कार्यालय सम्बन्धि खर्च, ईन्धन, कार्यालय सामग्री खरिद र कार्यक्रममा बजेट अभाव देखिएको छ । त्यसैले आकस्मिक घट्ने घटनाहरुको अनुगमन, अनुसन्धान कार्यमा कठिनाई आईरहेको छ । यद्दपि भएको श्रोतसाधनको बढीभन्दा बढी उपयोग गरि कार्यालयको जिम्मेवारी पुरा गर्ने कार्य भएको थियो ।

## १.७ यस बर्षको संक्षेपमा गतिबिधि

यस आर्थिक बर्ष २०७२/७३ को साउन र भाद्र महिनामा संघियता र सिंमाकनका बिषयमा सुदुर पश्चिम क्षेत्र अखण्ड रहनु पर्ने माग सहित अखण्ड सुदुरपश्चिम आन्दोलन परिचालन समिति र कैलाली र कञ्चनपुर जिल्ला थरुहट प्रदेश रहनु पर्ने माग सहित थरुहट आन्दोलन परिचालन समिति आन्दोलनका क्रममा भएका बन्द, हडताल तोडफोड, आगजनी र हिँसात्मक घटनाले अस्तव्यस्त मूलत कैलालीको टिकापुर क्षेत्रमा २०७२ भाद्र ७ गते भएको हिँसात्मक घटनामा ८ जना प्रहरी कर्मचारी र एक जना नावालकको ज्यान गएको छ भने भाद्र ८ गते कर्फयु र निषेधाज्ञाका विचमा भएको आगजनी लुटपाटका कारण थुप्रै थारु समुदायका घर टहरा क्षति भएको, विस्थापनका घटना र  त्यस्तै स्थानिय प्रशासनबाट झण्डै एक महिनाको अवधिसम्म सुरक्षाको दृष्टिकोणबाट लगाएको  कर्फयुका कारण नागरिकहरुको स्वतन्त्रताको अधिकार , पेशा व्यवसायको अधिकार, आवतजावतको अधिकार हनन भएको सो अवस्थालाई समान्यीकरण गर्न तथा समुदाय बिच शान्ति सदभाव कायम गर्दै सौहार्दताको वातवारण बनाउन  साउन २३ गते देखि नै कैलाली कञ्चनपुर टिकापुर क्षेत्रमा निरन्तर आन्दोलन तथा बन्दको अनुगमन कार्य  र कैलालीमा साउन २७ गते प्रमुख जिल्ला अधिकारी सहित आन्दोलनरत पक्ष सहित छलफल कार्यक्रम सम्पन्न गरियो भने टिकापुरमा भएको हिँसात्मक घटना पश्चात १५ वटा अन्तरक्रिया , अन्तरसंवाद ,छलफल जस्ता कार्यक्रम प्रभावित क्षेत्रमा आयोगका माननीय सदस्यको उपस्थितमा सम्पन्न गरियो । टिकापुर घटनाको समग्र अनुसन्धान र अनुगमनको कार्य समेत जारिरहेको अवस्था छ । टिकापुरमा भएको हिँसात्मक घटनामा ८ जना उच्च सुरक्षा अधिकारी सहित नावालकको हत्या पश्चात स्थानिय प्रशासनले झण्डै एक महिना सम्म लगाएको. निषेधाज्ञा र कर्फयुका कारण दैनिक जनजीवन प्रभावित भएको अवस्थामा आयोगबाट समग्रे अवस्थाको अनुगमन गरि स्थानिय प्रशासन संग छलफल कार्य गरिएको । टिकापुरको घट्ना साम्य हुन नपाउदै भारतले अघोषितरुपमा लगाएको नाका बन्दिको कारण यस क्षेत्रको मानव अधिकारको अवस्था अत्यन्त नाजुक रहेको पाईयो ।  भारतबाट प्रर्याप्त मात्रामा दैनिक उपभोग्य सामग्री  नेपाल भित्रिन नसक्दा यस क्षेत्रको जनजीवन दिन प्रति दिन भयबह बन्दै गइरहेको पाईयो । पेट्रोलियम पर्दाथको प्रर्याप्त मात्रामा आपूर्ति हुन नसक्दा यस क्षेत्रको प्राय: सवै क्षेत्र प्रभावित भएको पाईयो । यसैको संख्यामा यातायातका साधनहरु पेट्रोल पम्पहरुमा थन्किदा यस क्षेत्रको अर्थ व्यवस्था धरासायी भैरहेको पाईयो । सर्वसाधारणहरु एक स्थानबाट अर्को स्थानसम्म यात्रा गर्न नसकेको पाईयो । बिद्यालयहरु संचालन हुन नसकेको पाईयो । नेपालीहरुको महान पर्व दशै मनाउन घर जाने यात्रुहरुले यातायातको साधन प्रयाप्त पाउन नसक्दा सास्ती भोग्नु परेको समेत पाईयो । भने मजदुरी गरी दैनिक घरखर्च चलाउने वर्गसमेत यस नाकाबन्दीको प्रत्यक्षमारमा परेको पाईयो । यसरी प्रर्याप्तरुपमा दैनिक उपभोग्य सामग्री तथा पेट्रोलियम पदार्थको आपूर्ति हुन नसक्दा कालोबजारीको प्रत्यक्षमारमा आम सर्वसाधारणहरु परिरहेको पाईयो । उक्त अवस्थाको आयोगबाट कैलाली र कञ्चनपुरमा स्थलगत रुपमा अनुगमन कार्य गरिएको र बाँकी जिल्लामा आपूर्ति अभावको अवस्थाको सम्बन्धमा टेलिफोन मार्फत अनुगमन कार्य गरिएको । आयोगबाट विगतमा गरिएका सिफारिशको कार्यान्वयनको अवस्थाको

सम्बन्धमा कार्तिक महिनामा डोटीको शैलेश्वरी मन्दिरमा भएको घटना तथा कञ्चनपुरमा बाढी पहिरोका कारण विस्थापनाको अवस्थाका सर्न्दभमा आयोगबाट गरिएको सिफारिशको हाल कार्यान्वयानको अवस्थाको अनुगमन कार्य गरिएको । मंसिर महिनामा विकेन्द्रित रुपमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने क्रममा आयोगका माननीय सदस्य प्रकाश वस्तीको प्रमुख आथित्यतामा धनगढीमा सुदूरपश्चिमको मानव अधिकार सम्बन्धि अन्तरसम्बाद कार्यक्रम, डोटी जिल्लामा ६७ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने कार्य सम्पन्न गरिएको थियो भने डोटी र बाजुर जिल्लामा अस्पताल, कारागारको अनुगमनका साथै राष्ट्रिय मानव अधिकार कार्ययोजनाको कार्यान्वयनको अवस्थाको अनुगमन र अन्तक्रिया सम्पन्न गरिएको र टिकापुर घटनाका पीडितहरुसंग छलफल अन्तरक्रिया कार्यक्रम गरिएको थियो । पुष महिनामा बैतडी जिल्लामा महिला अधिकारको अवस्था लैङ्गिके समानताको दृष्टिकोणबाट गरिएको थियो  भने दार्चुला जिल्लामा मानव अधिकार राष्ट्रिय कार्ययोजना  कार्यान्वयको अवस्थाबारे अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैशाख महिनामा टिकापुर जोशीपुर लगायतको क्षेत्रमा टिकापुर घटना पश्चता थारु समुदायमा रहेको भलमन्सा प्रथामा परेको प्रभावको सम्बन्धमा अनुगमन गरि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको र धनगढीमा पछिल्लो समयमा मानवअधिकार  अवस्थाका सम्बन्धमा बृहत अन्तरक्रिया कार्यक्रम गरिएको । जेष्ठ महिनामा बर्दिया जिल्लाबाट यस क्षेत्रीय कार्यालयमा दर्ता भएका द्वन्द्वकालिन घटनाको अनुसन्धानका साथै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानविन आयोगको उजुरी दर्ताको प्रभाव बारे अनुगमन कार्य गरिएको । आयोगको घर घरमा मानव अधिकार पुर्‍याउने कार्यक्रम अन्तर्गत कैलाली , कञ्चनपुर , बैतडी, अछाम जिल्लाका एफ एम रेडियो मार्फत मानव अधिकार सचेतना  कार्यक्रम सञ्चालन गरिएको । क्षेत्रीय कार्यालयमा दर्ता हुन आएका उजुरी मध्ये ४५ वटा उजुरीको अनुसन्धान सम्पन्न गर्ने अघिल्लो बर्षको  लक्ष्य  पूरा गर्दै ५४ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरि केन्द्रिय कार्यालयमा निणयार्थ पठाएको । विभिन्न समयमा भएका बन्द, हडताल, आपूर्ति अभाव ,सत्य निरुपण र बेपत्ता आयोगको उजुरी संकलन कार्य लगायतका घटनाहरुको गरि १९ पटक अनुगमन कार्य सम्पन्न गरिएको । स्थानिय क्षेत्रमा मानव अधिकारको प्रवर्द्धनको लागि डोटेली भाषामा मानव अधिकार प्रश्नोत्तर लाई अनुवाद गरिएको । नेपाल प्रहरी, सशस्त्र प्रहरीका अधिकृत तथा जवानलाई मानव अधिकार सम्बन्धी तालिम प्रदान गरिएको । विभिन्न संघसस्थाहरु संग संयुक्त रुपमा जातिय भेदभाव विरुद्धको, महिला हिंसा विरुद्धको दिवस, बालश्रम विरुद्धको दिवस लगायतका दिवसहरुमा सक्रिय सहभागिता जनाउने कार्य गरिएको । गैससहरुको क्षमता वृद्धिका लागि विभिन्न समयमा हुने तालिम गोष्ठी, आदिमा प्रशिक्षक, सहजकर्ता टिप्पणीकर्ता, कार्यपत्र प्रस्तोताको रुपमा भूमिका निर्वाह गरेको । आयोगको यस कार्यालयमा यस आर्थिक बर्षमा १५ वटा उजुरी दर्ता  हुनुका  साथै २१ वटा जानकारीका रुपमा रहेको भने झण्डै ८४ भन्दा बढी पटक विभिन्न संघसस्था सरकारी निकायका कार्यक्रममा सहभागिता जनाएको । हाल आयोगमा १८३ मानव अधिकार उल्लघंनका उजुरी उपर अनुसन्धान कार्य जारी रहेको छ ।

## १.८ यस प्रतिवेदनको उद्देश्य र सीमा

सुचनाको हक आम नागरिकहरुको संवैधानिक अधिकार रहेको र आयोग एक संवैधानिक निकाय रहदा आयोगका समग्र गतिविधि सहित बार्षिक प्रतिवेदन राष्ट्रपती मार्फत संसद समक्ष प्रस्तुत हुने भएपनि क्षेत्रीय कार्यालयले आफनो क्षेत्रमा गरेका गतिविधीहरुको जानकारी सबै सरोकारवालाई हुन आवश्यक रहदा आयोगको स्थापना भएपछि आफूले गरेका कार्यहरु जनस्तर समक्ष यथासम्भव पु¥याउनु पनि आयोगको कर्तव्य तथा दायित्व हो । सधै अरुको कार्यमा समेत सुझाव, सल्लाह दिने आयोग आफूले के-के कार्य गरेको छ वा गर्दैछ भन्ने जानकारी गराउन आवश्यक पनि हुन्छ । आयोगको कार्यको समेत अरु सरोकारवालाले अध्ययन तथा राय, सुझाव दिन पाउनु पर्दछ । यद्दपि आयोगको केन्द्रिय कार्यालयले समेत बार्षिक प्रतिवेदन प्रकाशन गर्दै आईरहेको छ । तथापि यस क्षेत्रको मानव अधिकारको अवस्थाका बारेमा अझ सुक्ष्म रुपमा जानकारी गराउन सकियोस भन्ने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ ।

यो प्रतिवेदन खासगरि आ.ब. २०७२ श्रावण देखि २०७३ असारसम्म आयोगको यस क्षेत्रीय कार्यालय धनगढीले गर्न सकेका कार्यहरुको एक संक्षिप्त रुप मात्र हो । यस प्रतिवेदनमा कतिपय घटना र अवस्थाका बारेमा छपाई, प्राबिधीक कारणले पूर्णरुपमा प्रकाशित नभएको पनि हुन सक्छ । तैपनि यो प्रतिबेदन सकेसम्म संक्षेपमा गत बर्षमा आयोगले सुदूरपश्चिमका नौवटै जिल्लाका मुख्य मुख्य गतिबिधिलाई समेट्ने प्रयास गरिएको छ ।

प्रस्तुत प्रतिवेदन केवल अध्ययन र जानकारीको लागि मात्र हो । तथापि सरोकारवाला निकायले आफूसंग सम्बन्धित बिषयबस्तुमा आफ्नो निकायमा आवश्यक सुधार र परिवर्तनको लागि भने यो सहायक हुन सक्छ ।

# भाग-२

## २. सुदूरपश्चिमाञ्चलमा मानव अधिकारको अवस्था

## २.१.पृष्ठभूमि

यस बर्षमा (२०७२/०७३) आयोगले सुदूरपश्चिमाञ्चल क्षेत्रका ९ वटा जिल्लाहरु कैलाली, कंचनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम, बाजुरा, दार्चुला र बझाङ्गको मानवअधिकार अवस्थाको अनुगमन तथा मानवअधिकारसँग जोडिएका केहि घटनाहरुको समेत अनुगमन/अनुसन्धान कार्य सम्पन्न गरेको थियो आयोगको यस क्षेत्रीय कार्यालयलाई विभिन्न श्रोतबाट प्राप्त सूचना र उजुरीहरुको आधारमा गरेको कार्य विवरण गत बर्ष २०७२ साल श्रावण १ गते देखि २०७३ असार सम्मको संक्षेपमा जानकारी गराउने प्रयास गरिएको छ ।

## २.२ नागरिक तथा राजनैतीक अधिकारको अवस्था

मानव अधिकारको आधारशीला भनेको जीवन, समानता स्वतन्त्रता, मर्यादा  र न्याय हो, यसको प्रत्याभुती नेपालले देशको मुल कानून संविधान तथा विभिन्न अर्न्तराष्ट्रिय मानव अधिकारका सन्धि महासन्धि मार्फत जनाईसकेको अवस्था छ । नेपालको संविधान २०७२ को धारा १६,१७,१८,२० ले सम्मानपूर्वक बाच्न पाउने ,स्वतन्त्रता, समानता, न्याय लगायतका अधिकारहरुको प्रत्याभूति गरेको छ नागरिक अधिकार ऐन २०१२ ले पनि मानिसको बाँच्न पाउने अधिकारको संरक्षण गरेको पाईन्छ भने मृत्यु दण्डलाई निषेध गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले पनि जीवन, समानता स्वतन्त्रता मर्यादा र न्यायको अधिकारलाई सुनिश्चत गरेको पाईन्छ, ।नेपालमा नागरिक तथा राजनितिक अधिकारको संरक्षणका लागि विभिन्न ऐन कानूनहरु प्रचलित रहेको अवस्था छ । विगतका बर्षको तुलनामा नागरिक तथा राजनैतीक अधिकारको अवस्था कमजोर रहेको देखिन्छ , मूलत संघियता  सिमांकनको विवादका बिच भएका बन्द, हडताल, हिंसात्मक घटनाले जनजीवन नराम्रोसंग प्रभावित भएको देखिन्छ कैलालीको टिकापुर क्षेत्रमा भएको थरुहटको आन्दोलनमा बरिष्ठ प्रहरी अधिकारी सहित ९ जनाको ज्यान गएको सर्वसाधारणका घरमा तोडफोडका घटना भएका र आन्दोलनको दौरान कर्फयुका विच थारु समुदायका घरटहरा व्यवसायमा आगजनी ,लुटपाट तोडफोडका घटनाले शान्ति सुरक्षा चुनौतीपूर्ण रहेको ,शान्ति सुरक्षा कायम गर्न सथानिय प्रशासनबाट एक महिना लामो कर्फयु र निषेधाज्ञाले जनताका संवैधानिक रुपमा प्राप्त स्वतन्तत्रताको अधिकार कुण्ठित हुन गएको । गाँउ समाजमा भैरहेका विभिन्न प्रकारका हिँसात्मक  घटनाहरु जस्तैः हत्या, यातना, कुटपिट, लुटपाट, बलात्कार तथा आत्महत्याका घटनाले समेत यस क्षेत्रका आम नागरिक अन्योलमा परेको अवस्था छ ।

कञ्चनपुर जिल्लामा विगत ४ महिनामा ७ भन्दा बढी हत्याका घटनाले सर्वसाधरणमा त्रासको वातावरण रहेको पाईयो, कैलाली जिल्लामा आत्महत्याका घटना व्यापक रुपमा रहेको पाईयो । यस बर्ष पनि बिभिन्न समयमा आयोजना गरिएका बन्दका कारण यस क्षेत्रको जनजीवन प्रभावित रहेको, बन्द हुदा पेशा व्यवसाय गर्न नपाएको, प्रत्यक्षरुपमा सर्बसाधारण नागरिकको आवतजावत गर्ने तथा बासस्थानको छनौट गर्ने अधिकार माथि ठाडो हस्तक्षेप भएको पाईयो । कानूनको सिद्धान्तमा “ढिलो न्याय दिनु भनेको न्याय नदिनु हो” भनिन्छ , मानव अधिकारको आधारभूत मान्यता र सिद्धान्तले समेत न्यायलाई अगाडी सारेको छ । न्याय सर्वसुलभ, निष्पक्ष, छरितो हुनु पर्दछ । निष्पक्ष सुनुवाईको अधिकारको अवस्थाका बारेमा जानकारी लिनका लागि सुदूरपश्चिमका विभिन्न जिल्लाका कारागार शाखाको अनुगमन गरी बन्दीहरुसंग कुराकानी गरिएको थियो भने कतिपय जिल्लाहरुमा अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । आयोगले यसबारेमा विभिन्न मुद्दाका पक्षहरुसँग पनि जानकारी लिएको थियो । बन्दीलाई पक्राउ गर्दाका अवस्थामा धेरै जसो मुद्धाहरुमा कानूनको कार्यविधि अवलम्बन गरिएका पनि कतिपय अवस्थामा बन्दीको स्वास्थ्य परिक्षण नगरी थुनामा राख्ने, अभियोग पत्र दायर नहुदा सम्म कानून ब्यावसायीसंग भेटघाट र कुराकानी गर्न नदिएको । आयोगमा आउने अधिकाशं निवेदन तथा उजुरीहरुमा प्रहरी, प्रशासनबाट अनुसन्धान एवं कानूनी प्रकृया सिघ्र नगरिदिएको, जाहेरी दरर्खास्त दर्ता गर्न अस्विकार गरेको जस्ता बिषय समेत रहेको अवस्था छ । आयोगका माननीय सदस्यहरु सहितको उच्च स्तरिया टोलीबाट कैलाली डोटी, बाजुरा, लगायतका जिल्लामा नागरिक तथा राजनीतिक अधिकारको अवस्थाको सम्बन्धमा अन्तरक्रियाहरु मार्फत सचेतनाको कार्य भएको छ ।

### २.३ आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

आधारभूत रुपमा बाँच्नको लागि आवश्यक पर्ने गाँस, बास कपास, शिक्षा, ,स्वास्थ्य रोजगारी लगायतका अधिकार यस भित्र रहेका छन । नेपालको संविधान २०७२ को धारा ३० देखि ३७ सम्म मुलत स्वास्थ्य वातावरण , शिक्षा , खाद्य, आवस रोजागारी लगाएतका हकहरुलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ , मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८, आर्थिक समाजिक सांस्कृतिक अधिकार सम्बन्धी महाससन्धि १९६६, लगायतका दस्तावेज मार्फत नेपाल राज्यले यी अधिकारहरुको प्रत्याभुती नेपाली नागरिक माझ व्यक्त गरिसकेको छ । आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा सर्म्वद्धन सम्वन्धि कानुनी सरंचना हेर्दा संवैधानिक व्यवस्थाका अतिरिक्त विभिन्न कानुनहरु निर्माण भएको देखिन्छ । विकास र रोजगारीको अभावका कारण सुदूरपश्चिम क्षेत्रमा बर्षेनी शैक्षिक बेरोजगारहरुको संख्या बढ्दो क्रममा छ । सुदूरपश्चिमको कंचनपुर कैलाली, बैतडी तथा दार्चुला नाकाबाट बर्षेनी ठूलो संख्यामा दक्ष अदक्ष युवा जमात भारत लगायत तेश्रो मुलत खाडी क्षेत्रमा रोजगारीको सिलसिलामा पलायन भैरहेका छन् । उनीहरुले जीविकोपार्जनको लागि भारतमा निकृष्ट श्रमका साथै शोषण युक्त जीवन बाँच्न बाध्य रहेका छन । भारतमा असंगठित किसिमले रोजगारीमा जानेको तथ्याङ्क कुनै निकाय संग नरहेको । एउटा गैससले गरेको अध्ययनबाट कञ्चनपुरको बेतकोट नपाको दुईवटा वडामा मात्र सयको संख्यमा भारतमा रोजगारीमा गएका व्यक्ति हराएको देखिन्छ । जनसंख्याको ठूलो हिस्सा व्यवसायिक सिप

नभएको र कृषिमा आधारित रहेको छ । बेरोजगारीलाई न्यून गर्ने, नागरिकको रोजगारको अधिकारको ग्यारेण्टी गर्ने, शिपमुलक तालिमहरुको आयोजना गर्ने दायित्व राज्यको हो । सुदूरपश्चिम क्षेत्रमा यसबर्ष पेशा व्यवशाय र रोजगारीको अधिकारको पूर्ण प्रत्याभूति र कार्यान्वयन भएको पाइएन । सामाजिक र प्राकृतिक कारणले उपयुक्त बासस्थान र जीवनस्तरको अधिकारः गुमाउन पुगेका व्यक्तिहरुले विभिन्न मागहरु राखि सम्वन्धित निकायमा पहल गर्दा पनि सुनवाई हुनसकेको छैन । यसबाट बालबालिका, बृद्ध, महिलाहरु बढी जोखिममा परिरहेका छन । यस क्षेत्रमा २ वटा अञ्चल अस्पताल, ९ वटै जिल्लामा जिल्ला अस्पताल र स्थानीयस्तरमा स्वास्थ्य चौकी तथा प्रत्येक गा.बि.समा उपस्वास्थ्य चौकीहरुको स्थापना भई सेवारत रहेका छन । पहाडी जिल्लाका जिल्ला अस्पतालहरुमा चिकित्सक जान नमान्ने यदि गैहालेको खण्डमा लामो समयसम्म नबस्ने कुरा परम्पराकै रुपमा स्थापित भइसकेको छ । आपतकालिन रुपमा आउने विरामीहरु पनि दक्ष चिकित्सकको सेवा लिनबाट बञ्चित भएको पाइएको छ । जिल्ला अस्पतालहरुमा चिकित्सक बसिहाले पनि आवश्यक उपकरणको अभाव र उपकरण छ भने पनि त्यस्तो उपकरण संचालन गर्न सक्ने प्राविधिक जनशक्तिको अभावमा जिल्ला तहमा नै स्वास्थ्यको अधिकारको प्रत्याभूतिमा समस्या रहेको पाइएको छ ।

सरकारले निःशुल्क दिने भनेका औषधीहरुको अभावका कारण ग्रामिण भेगका जनताहरुको आर्थिक र भौतिकरुपमा स्वास्थ्यको अधिकार माथि पहुँच स्थापित हुन सकको छैन बैतडी जिल्लामा सुत्केरी हुन अस्पतालमा जाने महिलाले घरैबाट पानी बोकेर ल्याउनु पर्ने बाध्यता रहेको पाईएको थियो । डडेल्धुरा जिल्लामा उप क्षेत्रीय अस्पतालको रहेपनि दक्ष तथा गुणस्तरीय सेवा तथा चिकित्सकको अभाव रहेको छ । सुदुरपश्चिमको कैलाली स्थित सेती अंचल अस्पतालमा आईसियु सेवा भएपनि दक्ष जनशक्तिको अभाव रहेको पाईयो ।

## २.४ यातना बिरुद्धको अधिकारको अवस्था

नेपाल यातना तथा अन्य क्रुर, अमानवीय, वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको अन्तर्राष्ट्रिय महसन्धि १९८४ को पक्ष राष्ट्र हुनुका साथै वर्तमान संविधानको धारा २२ ले यातना विरुद्धको हक मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । यातनाको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि प्रत्याभूति गरेको छ साथै यातना सम्वन्धि क्षतिपुर्ति ऐन २०५३ लगायतका ऐनबाट कानूनी हक संरक्षित गरिएको पाईन्छ । आयोगमा प्राप्त उजुरी र विभिन्न समयमा आयोगद्वारा हिरासतमा गरेको अनुगमनको आधारमा हेर्दा अमानवीय किसिमले यातना दिने कार्य भईरहेको देखिन्छ । द्वन्द्वको समयमा द्वन्द्वरत पक्षबाट वढी मात्रामा भएको देखिन्छ । आयोगले प्रहरी हिरासत भित्र हुने गरेको यातनाको सम्बन्धमा बेलाबखत प्रहरी थुनुवा कक्ष, हिरासत तथा कारागारको अनुगमन गर्ने गरेको छ । कैलाली, कञ्चनपुर जिल्लाबाट प्रहरीले यातना दिएको भनि आयोग समक्ष उजुरी/ जानकारी प्राप्त हुन आएको

छ । यातनका सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले बिभिन्न जिल्लामा सुरक्षा निकायमा कार्यरत अधिकृत तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गरेको थियो । आयोगका माननीय सदस्यहरु सहितको उच्च स्तरिया टोलीबाट बाजुरा, कैलाली, डोटी लगायतका जिल्लामा प्रहरी हिरासत कक्ष तथा कारगारको अनुगमन गरि यातना विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । आयोगले बिभिन्न जिल्लामा गरेको हिरासत तथा कारागार अनुगमनबाट समेत अहिले पनि अनुसन्धानका क्रममा सुरक्षा निकायबाट यातना दिने गरेको प्रमाण आयोगले अनुगमनका क्रममा फेला पारेको थियो। सो सम्वन्धमा सम्वन्धित अधिकारीसंग कुरा गर्दा यातना दिने मनसाय नहुदा नहुदै पनि कतिपय अवस्थामा ड्युटिमा खटिएकाबाट उक्त कार्य हुने गरेको र भोलिका दिन त्यस्ता कार्य आफुहरुबाट नहुने तथा प्रहरीसंगठन भित्रै मानव अधिकार सेल को स्थापना गरिएकोले हामी मानव अधिकार प्रति सचेत छौ भने प्रतिबद्धता पनि बिभिन्न जिल्लामा सम्वन्धित निकायका अधिकारीले ब्यक्त गरेका छन ।

## २.५ बाल अधिकारको अवस्था

नेपालको संविधान, २०७२ ले बालबालिकाको हकलाई मौलिक हककै रुपमा धारा ३९ मा स्थापित गरिएको छ। जहा पहिचान,शिक्षा, स्वास्थय र सर्वाङ्गिण विकास,जोखिम पूर्ण कार्यमा नलाउने, बाल शोषण नगर्ने, विद्यालय लगायत कुनै पनि स्थानमा यातना दिन नपाईने, बालन्याय, सहभागिताको अधिकार अनाथ, द्वन्द्वपीडित विस्थापीत बालबालिकालाइ बिशेष सुविधा लगायतको प्रत्याभूत गरेको पाईन्छ । कानूनी रुपमा नेपालमा बालबालिकाका हकहितका संरक्षणका निमित्त बालबालिका सम्बन्धि ऐन २०४८, र बालबालिका सम्बन्धि नियमावलि २०५१, कार्यान्वयनमा रहेको छ् । त्यस्तै बालश्रम ( निषेध र नियमित गर्ने) ऐन २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने ) नियमावली २०६२ बनेका छन् । बालन्याय (कार्यविधि) नियमावलि २०६३, कायान्वयनमा आएको छ । आयोगले बाल अधिकारको बिषयमा परेका उजुरीहरु ग्रहण गर्ने, त्यस माथी अध्ययन, अनुगमन र अनुसन्धान गर्ने, पीडितलाई न्याय, राहत परिपुरण र पीडकलाई कानुनी कारवाहीको निम्ति सिफारिस गर्ने कार्य गर्दै आएको छ। कतिपय गम्भिर प्रकृतिका उजुरीमा स्वयं आयोगलेनै स्वबिबेकले उजुरी ग्रहण गरी बालबालिकाको मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि नेपाल सरकारको ध्यान आकृष्ट पनि गर्दै आएको छ । कैलाली जिल्लामा यस बर्ष असोजमा माटोको डिस्कोमा पुरिएर ६ जना बालबालिकाको निधन भएको थियो भने चौमलामा ९ बर्षीय बालकको मृत्युको घटनाको प्रभावकारी अनुसन्धान हुन नसकेको ,कञ्चनपुर जिल्लामा आगलागीबाट २ जना बालकको मृत्यु भएको ,आधा दर्जन भन्दा बढी बालिका माथी जवरजस्ती करणीका घटनाहरु सार्वजनिक भएको भने कैलालीका प्रतिष्ठीत विद्यालयमा बालबालिकालाइ् शारिरिक यातना दिएको भन्ने घटना प्राप्त भएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले बाल अधिकारको अवस्थाको सम्वन्धमा बिभिन्न जिल्लामा अनुगमन कार्य सम्पन्न गरेको थियो । बिद्यार्थीलाई यातना दिएको घटना, एच. आई. भी. संक्रमित बालबालिका र उनीहरु माथी भएको भेदभावको घटनाका सम्वन्धमा, बाल गृहहरुको अनुगमन, राजनीतिक दलले आयोजना गरेका बन्दका कार्यक्रममा बालबालिकाको प्रयोग, गैर कानुनी थुना, बालश्रमका घटनाहरुको सम्वन्धमा

अनुगमन तथा अनुसन्धान गरेको थियो । त्यसै गरी बालबालीका माथी बिभिन्न पक्षबाट भएका दुर्व्यवहार, यौन दुर्व्यवहार, कम्लहरीको अवस्था, बालबालिकाले उपचारको अभावमा ज्यान गुमाउनु परेको अवस्था, द्वन्द्वपीडित बालबालिकाहरुको अवस्था, घरेलु बालश्रमिकको अवस्था, दैबि प्रकोपबाट बिस्थापित बालबालिकाहरुको अवस्था, अपहरण, बेपत्ता, हत्या, बन्द, हडताल लगायतमा बाल अधिकारको बिषयमा माथि केन्द्रित रहि अनुगमन तथा अनुसन्धान कार्य पनि गरेको थियो ।

## २.६ महिलाको अधिकारको अवस्था

नेपालको संविधान २०७२ को धारा ३८ ले प्रत्येक महिलालाई लैगिंक विभेदविना समान बंशिय हक प्रत्याभूत गरिएको र सुरक्षित मातृत्व र प्रजनन  स्वास्थ्यको अधिकार  त्यस्तै महिला माथी हुने सबै किसिमका भेदभाव शोषणलाई दण्डनिय बनाईएको  राज्यका सबै निकायमा समानुपातिक समावेशी गराएको शिक्षा,  स्वास्थ्य स्वास्थय सुरक्षामा सकारात्मक विभेदको अधिकार र सम्पत्ती र पारिवारीक कुरामा दम्पत्तीको समान हकको प्रत्याभूत गरिएको पाईन्छ । महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ को नेपाल पक्ष राष्ट्र रहेको छ । खास गरि मुलकी ऐन २०२०,को ११ औ शंसोधन (सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था, जवरजस्ती करणी सम्बन्धी व्यवस्था, गर्भपतन सम्बन्धी व्यवस्था, अंश सम्बन्धी व्यवस्था, अपुतालि सम्बन्धी व्यवस्था, स्त्री अंशधन सम्बन्धी व्यवस्था, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४, लैङ्गिक समानता कायम गर्न केहि नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३, तीन वर्षिय अन्तरीम योजना (२०६७/६८-२०६९/७०), मानव अधिकार राष्ट्रिय कार्य योजना , मानव बेचविखन तथा ओसार पसार नियन्त्रण, राष्ट्रिय कार्ययोजना, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धि राष्ट्रिय रणनिति तथा कार्ययोजना, सर्वोच्च अदालतबाट भएका विभिन्न आदेश हरुमा पनि महिलाहरुको हक अधिकारका विषयमा उल्लेख भएको पाईन्छ ।

यस क्षेत्रमा आत्महत्याका अधिकाश घटनामा महिलाले वाध्यतावश आत्महत्या गर्नु परेको र विभिन्न मानसिक तथा शारीरिक यातनाका कारण यस क्षेत्रमा आत्महत्या गर्ने महिलाहरुको संख्यामा दिनानुदिन बृद्धि भएको छ भन्ने अधिकारकर्मीहरुको भनाई रहेको देखिन्छ । घरेलु हिंसा ठुलो समस्याको रुपमा रहेको पाईन्छ । महिलाको आर्थिक उपार्जनको श्रौंत माथि पहुँच स्थापित हुन सकेको अवस्था छैन, महिलाको  लागि शिक्षा, रोजगार, राजनैतिक क्षेत्रमा पहुच, स्वास्थ्य प्राथमिकताको विषय बन्न सकेको छैन, स्थानीय निकायहरुमा हुने योजना निर्माण, कार्यान्वय तथा अनुगमनमा महिलाको सहभागिता र क्रियाशिलता बढ्न नसकेको अवस्था छ । महिला विरुद्धका हिंसा, वालश्रम शोषण तथा घटनाहरु दिन प्रतिदिन वढदै गईरहेका अवस्था छ । महिला मानवअधिकार संरक्षणको क्षेत्रमा काम गरिरहेका संघसंस्थामा महिला पीडित संख्यात्मक रुपमा धेरै रहेको पाउन सकिन्छ । पीडितले न्याय नपाउदा र पीडकलाई कानुनी कारवाहिको दायरा भित्र ल्याउन नसक्दा हत्या, आत्महत्या, चेलिवेटी वेचविखन जस्ता घटना र अपराधहरु बढ्दै गई रहेका छन  । कन्चनपुरको बेतकोट नपामा रामदुलारी रानाको अपहरण र हत्या भएको लगायतका घटनाले शान्ति सुरक्षामा थप चुनैती थपएिको देखिन्छ ।

अशिक्षा, गरिवि, रुढीवाढी परम्परा, महिला भएकै कारण भेदभाव, राजनीतिक क्षेत्रमा पहुच नहुनुले महिला हिंसा दिनप्रतिदिन बढ्ने अवस्थामा रहेको पाईएको छ ।समाजमा तथा महिलाको घरमा जुन रुपले सम्मान हुनु पर्ने हो त्यो हुन नसकेको अवस्था छ। सुदुरपश्चिम क्षेत्रका कतिपय ठाउँमा अहिले पनि महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्ने गरेको पाईएकोले यहाँ महिलालाई केहि सस्कार तथा कु प्रथाले समेत दुःख दिई रहेको अवस्था छ । डोटी, अछाम, बाजुरा र बझाङ जिल्लामा छाउपडी प्रथाको नाममा कतिपय महिलाले ज्यान गुमाई सकेका छन । महिनावारी भएको (छाउ) समयमा ४-५ दिन सम्म गोठ बस्नु पर्ने, यस्ता फोहर ठाँउमा बस्नाले कतिपय किशोरीहरुले अकालमै ज्यान गुमाउनु पर्ने बाध्यता हालसम्म पनि कायमै रहेको पाईन्छ ।

## २.७ जातिय भेदभाव बिरुद्धको अधिकारको अवस्था

मानव अधिकारको आधारभूत सिद्धान्तले समानता र सबै किसिमको विभेदको अन्त्य भन्दछ मर्यादा र समानताको अनुभूती भनेको नेपाल जस्तो सामाजिक संरचना भएको मुलुकमा जातिय विभेदको अन्त्यबाट हुन्छ । नेपाल सबै प्रकारका जातीय भेदभाव अन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ को पक्ष राष्ट्र भई सकेको छ । नेपालको संविधान २०७२ को धारा २४ ले छुवाछुत विरुद्धको हकलाइ मौलिक हकको रुपमा प्रत्याभूत गरिसकेको छ जहा निजी वा सार्वजनिक कुनै पनि स्थानमा छुवाछुत र भेदभाव नगरिने प्रावधान रहेको । त्यस्तै फौजदारी अपराधको रुपमा परिभाषीत गर्दै जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८, समेत कार्यान्वयनमा रहेको अवस्था विद्यमान छ । मानव अधिकारको आधारभुत सिद्धान्तले अभिवेद तथा समानतालाई महत्व दिएको तथा नेपालमा संबैधानिक तथा कानुनी रुपमा जातिय विभेद विरुद्धको अधिकारलाई सुनिश्चित गरिएको भएतापनि परम्परागत रुपमा समाजमा देखापरेको जातिय भेदभाव जो खासगरि उपल्लो जात र तल्लो जात भनिएको विचको विभेदले समाजमा बैमनस्यता कायमै रहेको देखिन्छ । यस सुदुर-पश्चिमाञ्चल बिकास क्षेत्रमा जातिय छुवाछुतका घटना अन्य क्षेत्रको तुलनामा बढी रहेको मानिन्छ । बैतडी जिल्लामा जातिय विभेद गरिएको भनिएको घटनाको आयोगबाट अनुगमन कार्य गरिएको । यस क्षेत्रमा समय समयमा हुने मेला तथा जन्तीहरुमा जातीय बिभेदका घटनाहरु भई रहन्छन । हाल पनि यस क्षेत्रमा अर्न्तजातिय बिवाहका नाममा बिभेद/छुवाछुत हुने गरेको पाईएको छ । महिला विरुद्व हुने हिंसा, जातिय छुवाछुत तथा अर्न्तजातिय विवाहका कारण पारिवारीक कलहका घटनाहरु बाहिर आएका थिए ।

## २.८ अपाङ्ग तथा असहायहरुको अधिकारको अवस्था

नेपालको संविधान २०७२ ले समानता र अभिवेदको सिद्धान्तलाई मौलिक हक अन्तर्गत प्रत्याभुत गरेको अवस्था अपागंता भएका व्यक्ति समेतको अधिकारलाई सकारात्मक विभेदको सिद्धान्त, संविधानको समाजिक न्यायको हक र समानताको हकमा अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्न विशेष कानून निर्माण गर्न सकिने प्रावधान रहेको कानूनी रुपमा, अपांग संरक्षण तथा कल्याण

ऐन २०३९ र नियमावली २०५१, राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकाल देखिनै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बिभिन्न कार्य गर्दै आएको छ। आयोगले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण एबं सम्बर्द्धन कार्यका लागि आयोगको रणनीतिक योजना कार्यन्वयनमा रहेको छ । अपाङ्गता भएका व्यक्तिको हक अधिकार प्रत्याभुती गर्ने अन्तराष्ट्रिय महासन्धि सिआरपीडि नेपालले अनुमोदन गरीसकेको र उक्त महासन्धिमा भएका प्रावधान लागु गर्नु पर्ने दायित्व नेपाल सरकारको रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुका हक अधिकारको सुरक्षा, सुधार, संरक्षण र सम्वर्द्धनकालागि राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीले सरकोरवालासंग बिभिन्न प्रकारका छलफल, अर्न्तक्रिया कार्यक्रमको आयोजना समेत गर्दै आएको छ, भने सरकोरवालाहरुद्वारा आयोजना गरिएका कार्यक्रमहरुमा पनि सहभागिता जनाउदै अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य समान हक अधिकारको उपभोग गर्न पाउनु पर्छ भनी बकालत समेत गर्दै आएको छ । आयोगले बेला बेलामा गरेका बिभिन्न अनुगमन अनुसार समाजले अपांगलाई हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तन आउनु पर्ने, परिवार, गाउँ, समाजले अपांगहरुलाई उनीहरुको अधिकारको उपभोग गर्ने बाताबरण सृजना गर्ने, नेपाल सरकारबाट समेत सो संग सम्वन्धित ऐन कानुनको पालना हुन सकेमा केहि मात्रामा भए पनि अपांगहरुको हक अधिकारको संरक्षण हुने देखिन्छ । अपांगता भएका व्यक्तिको शिक्षाको अवस्था कमजोर रहेको छ । ब्रेल लिपीबाट ठांउ ठांउमा पठन पाठन हुन सकेको छैन । अपांगको नाममा सपांगले परिचय पत्र बनाएको उदाहरण गाउ समाजमा कैयौ छन ।

## २.९ वलपुर्वक वेपत्ता पार्ने विरुद्धको अधिकारको अवस्था

नेपालमा जारि भएको १० बर्ष सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटना मध्ये वलपुर्वक वेपत्ता पार्ने कार्य प्रमुख रहेको छ । यस क्षेत्रको सबैभन्दा बढी नागरिक वेपत्ता पारिएको जिल्ला कैलाली रहेको छ । आयोगमा राज्यपक्ष र तत्कालिन विद्रोही पक्षबाट नागरिकहरु वेपत्ता पारिएका भनि आयोगसमक्ष उजुरी पर्न आएका छन । वेपत्ता सम्बन्धी उजुरीलाई आयोगले उच्च प्रथामिकतामा राख्दै सम्भव भए सम्म सवै उजुरीमा प्रारम्भीक अनुसन्धान कार्य सम्पन्न भै सकेको छ । हाल दुवै पक्षबाट व्यक्तिहरुलाई कब्जामा लिई बलपुर्वक वेपत्ता पार्ने घटनाहरु भने भएको देखिदैन । तर सशस्त्र द्वन्द्वको क्रममा बलपुर्वक वेपत्ता पारिएका नागरिकहरुको अवस्था सार्वजानिक गर्ने कार्य यस वर्ष पनि हुन सकेन । सरकारले बेपत्ता पारिएका नागरिकहरुका परिवारलाई ५लाख रुपियाँको दरले राहत उपलब्ध गराएको पाइएको छ । सरकारले दिएको उक्त राहतमा वेपत्ता पारिएका सवै नागरिकका परिवारहरुको पहुँच पुग्न नसके पनि अधिकांश पीडितहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट बुझेको पाईएको छ ।

नेपालको संविधान बमोजिम सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७१ जारि भएपनि त्यस भित्ररहेका प्रवाधान तथा मिति २०६४ जेष्ठ १८ को श्री सर्वोच्च अदालतबाट बेपत्ता नागरिकहरुका

सम्बन्धमा भएको आदेश अनरुप नभएको भनि विभिन्न पक्षहरुबाट विरोध भएको समेत देखिन आँउछ। बेपत्ता छानविन आयोग गठन भई कार्यरत रहेको छ । यस्ले पीडितहरुबाट उजुरी संकलन गरी घटनाहरुको गहन रुपमा अध्ययन गरि रहेको अवस्थामा पीडितहरु भने न्याय पाउने कुरामा ससंकित भएको पाईयो । बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,२००६ लाईृ अनुमोदन गर्न आयोगले नेपाल सरकारलाई सिफारिश गरिसकेको अवस्था रहदा हालसम्म नेपाल उक्त महासनिधको पक्ष राष्ट्र नभएको अवस्था रहेको ।

## २.१० आप्रवासी कामदार तथा वेचविखन विरुद्धको अधिकारको अवस्था

सुदूरपश्चिमको कंचनपुर  कैलाली, बैतडी तथा दार्चुलाका नाकाबाट बर्षेनी ठूलो संख्यामा दक्ष अदक्ष युवा जमात भारत लगायत तेश्रो मुलत खाडी क्षेत्रमा रोजगारीको सिलसिलामा पलायन भैरहेका छन् । उनीहरुले जीविकोपार्जनको लागि भारतमा निकृष्ट श्रमका साथै शोषण युक्त जीवन बाँच्न बाध्य रहेको छन । भारतमा असंगठित किसिमले रोजगारीमा जानेको तथ्याङ्क कुनै निकायसंग नरहेको । एउटा गैससले गरेको अध्यननमा कञ्चनपुरको बेतकोट नपाको दुईवटा वडामा मात्र सयको संख्यमा भारतमा रोजगारीमा गएका व्यक्ति हराएको देखिन्छ ।  आप्रवासी कामदार तथा तिनीहरुका परिवारको संरक्षण सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी १९९० नेपालले अनुमोदन गरेको छैन । नेपालबाट कामका लागि जाने खाडी क्षेत्रका मुलकहरुले पनि उक्त महासन्धी अनुमोदन नगरेकाले कामदारको अधिकारको सुनिश्चितताको अवस्था कमजोर रहेको छ । वेचविखन सम्बन्धी सार्क स्तरिय सन्धीको नेपाल पक्ष राष्ट्र भए पनि यस क्षेत्रमा व्यवहारिक रुपमा वेचविखन नियन्त्रणमा प्रभावकारिता आएको देखिदैन । कामदारको रुपमा भारत हुँदै अन्य तेस्रो मुलुकमा लगिने भनिएका व्यक्तिहरु कि त अन्य मुलुकमा जोखिमपुर्ण काम तथा अमानविय व्यवहारको शिकार भईरहेका जानकारी आएका छन । सुदूरपश्चिम क्षेत्रका बालबालिकाहरु आफ्नो जीवीकोपार्जनका लागि पढाई छोडेर कैलालीको गौरीफन्टा, कंचनपुरको बनवासा । बैतडीको झुलाघाट र दार्चुलाको धार्चुला नाका हुँदै भारततिर लाग्ने प्रवृतिहरु बढी देखिन्छ। यस्तो प्रवृतिले एकातिर उनीहरुको शिक्षाको अधिकारबाट बञ्चित हुनुपर्ने अवस्था र अर्को तिर वेचविखनमा पर्ने घटनाहरु पनि भईरहेका छन । सरकारीस्तरबाट सिमा क्षेत्रमा हुन सक्ने वेचविखन नियन्त्रणमा प्रभावकारिता देखिएको छैन । वेचविखनमा परेका कामदारलाई उद्धार, फिर्ता गर्ने, पुर्नस्थापना तथा सामाजिक एकिकरण गर्ने जस्ता कार्यहरुका लागि पर्याप्त व्यवस्था, प्रभावकारी संयन्त्र तथा अग्रसरता हुन नसकेको आयोगको अनुगमनबाट देखिएको छ । आप्रवासी कामदारको सम्बन्धमा पठाउने संस्थाले पर्याप्त जानकारी नदिने, अनावश्यक शुल्क लिने र जिम्मेवारीपन वहन नगर्ने जस्ता प्रवृतिहरु देखिएका छन । सरकारले पनि आवश्यक निगरानी गर्न नसकेको कारणले पीडितहरुले सरकारबाट प्राप्त गर्नुपर्ने सहयोग, समन्वय हुन नसकी कतिपय घटनामा विचल्लीमा पर्न गएको अवस्था समेत रहेकोछ । जोखिममा परेका कामदारलाई घरमा फर्काउने, मृत्यु भएका व्यक्तिहरुलाई समयमा उद्धार गर्ने, पीडितका परिवारहरुलाई राज्यले क्षतिपुर्ति तथा अन्य निकायहरुसँग समन्वयकारी भुमिका र प्रभावकारी अनुगमन समेत नगरेको भन्ने जस्ता गुनासाहरु समेत आयोगमा आउने गरेका छन ।

## २.११ आदिबासी जनजातीको अधिकारको अवस्था

नेपाल बहुभाषिक, बहुधार्मीक, बहुसांस्कृतिक र बहुजातिय देश हो । यहाँ विभिन्न जातजातिहरु देशभरी नै छरिएर रहेका छन । देसको कुल जनसंख्याको ३७.२ प्रतिशत आदिवासी जनजाति बसोवास गर्छन । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा भएको, परम्परागत रीतिरिवाज भएको, छुट्टै सांस्कृतिक पहिचान भएको, छुट्टै सांस्कृतिक संरचना र लिखित अलिखित इतिहास भएको जाति वा समुदायलाई आदिवासी जनजाति भनिन्छ । आदिम  देखि नै कुनै निश्चित क्षेत्रमा निरन्तर वसी आएको वा औपनिवेशिक रण वम  या आधुनिक राज्य निर्माण वा या अतिक्रमण हुनुभन्दा पहिले देखि नै बसी आएका मानव समुह वा या मानव समुहका सन्तान नै आदिवासी हुन । नेपालमा १०१ भन्दा बढी जात तथा जनजाति र आदिवासीहरु रहेका छन ।  सुदुर पश्चिममा आदिबासी जनजातिहरुको मुख्य बसोबास कैलाली, कंचनपुरमा भए पनि अन्य पहाडी जिल्लाहरुमा पनि थोरै मात्रामा भए पनि बसोबास रहेको छ । तराईका आदिबासी जनजातिहरुको स्थानीय निकाय लगायत राज्यका अन्य निकायहरुमा पहुँच पुग्न सकेको छैन । आदीबासी जनजातिको ठूलो भाग मुक्त कमैयाका रुपमा उपयुक्त बासस्थान र जीवनस्तरको अधिकारबाट बञ्चित हुँदै आएको छ । पहाडी क्षेत्रमा बसोबास गर्ने आदिबासी जनजातिहरुको राज्यका श्रोत साधनहरुमा पहुँच स्थापित हुन नसकेको, जनजाति बहुल क्षेत्रमा खाद्यान्न उत्पादन अति न्युन हुने गरेको भए पनि राज्यको तर्फबाट खाद्य डिपो राखी जनजातीहरुको खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको अधिकारको संरक्षण गर्न नसकेको । आदिबासी महिलाहरुमा विभिन्न जिवन उपयोगि शिपहरु भए तिनलाई ब्यावसायिककरण गर्न नसकिएको । हिमाली क्षेत्रमा बसोबास गर्ने जनजातिहरुको भेषभूषा, भाषा, रितिरिवाज अन्य आदिवासी जनजाति भन्दा फरक भए पनि अल्पसंख्यकमा सूचिकृत नगरिएको । नेपाल सरकारका तर्फबाट आदिबासी जनजातिका अधिकारहरुलाई सुनिश्चित गर्न र अन्तर्राष्ट्रियरुपमा भएका प्रयासहरुमा ऐक्यवद्धता जनाउनका लागि सन २००७ मा आईएलओ महासन्धी १६९ अनुमोदन पनि गरिसकेको भएपनि ब्यावहारिक कार्यान्वयन हुन नसकेको अवस्था छ । ऐन, कानुनमा आदिवासिको संरक्षणका सम्वन्धमा बिभिन्न व्यवस्थाहरु गरिए पनि व्यवहारमा त्यो कार्यान्वयन गर्ने बाताबरण अहिले पनि नभएको गुनासो यस क्षेत्रका आदीबासी जनजातीका अगुवाहरुले गरि रहेका छन । आदिवासी जनजातीका सवालमा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला पक्षसंग छलफल, समन्वय, सहकार्य लगायतका कार्य गर्दै आएको छ । कानुनी नितीगत र संरचनागत रुपमा यतिधेरै प्रवधानहरु रहेता पनि कार्यन्वयन पक्ष फितलो भएका कारण अझैपनि आदिबासी जनजातीहरुले  आफना अधिकारको अनुभूति गर्न सकेका छैनन् ।

## २.१२ मुक्त कमैया, हलिाय र भूमिहिनहरु र आरक्ष पीडितको अधिकारको अवस्था

सुदूर पश्चिमका तराईका दुई जिल्ला कैलाली र कंचनपुरका भूमिहिन मुक्त कमैयाहरु मुक्त भएको १६ बर्ष वितिसक्दा पनि भूमिमाथिको अधिकार स्थापित हुन सकेको छैन । प्राप्त पछिल्लो तथ्याङ्कमा कैलालीमा चार सय र कञ्चनपुरमा एक सय परिवार अझै पुर्नस्थापनाको  पर्खाइमा रहेको र

पुर्नस्थापित हरुको समस्या अझ व्यापक रहेको देखिन्छ । मुक्त कमैयाहरुलाई दिइएको ५ कठ्ठा जग्गा पनि सबैले प्राप्त गर्न सकेका छैन्न । प्राप्त गर्नेहरुले पनि जग्गा नदिको किनार र उत्पादन नहुने क्षेत्रमा हुँदा उपयोग हुन सकेको छैन । साथै उपलब्ध गराइएको ५ कठ्ठा जग्गाबाट पनि मुक्त कमैयाको परिवारले छाक टार्न सक्ने अवस्था छैन साथै उनिहरुका लागि रोजगार र शिपमुलक तालिमको दिगो व्यवस्था गर्न सकेको पाइदैन । मुक्त कमैयाहरु हाल बसिरहेको ठाउँहरुमा बालबालिका, बृद्ध, असक्त र गर्भवती महिलाहरु उच्च जोखिममा परिरहेका छन । मुक्त कमैयाका बालिबालिकाहरुका लागि निशुल्क शिक्षा, स्वास्थ्यको ग्यारेण्टी गरेर त्यसको ब्यावहारिक कार्यान्वयन हुनसकेको छैन ।

१९ हजार भन्दा बढी संख्यमा रहेका मुक्त हलियाहरुको पुर्नस्थापनाको कार्य सुस्त गतिमा रहेको देखिन्छ । राज्यबाट विनियोजन गरेको १ लाख ५० हजारमा जग्गा किन्न सकिने अवस्था नरहेको वा घरबनाउन समस्या रहने देखिन्छ । छाक टार्न र परिवार पाल्न एक्दमै गारो भई रहेको अवस्था छ भने पहाडी जिल्लामा मुक्त हलिया पुन : गास बास र कपासको समस्याहुदा हलिया बन्न बाध्यभनी पत्रिकाले समाचार प्रशारण गरेको पाईयो । मुक्त हलियाको छोरा छोरीलाई शिक्षा आर्जन गर्न बिद्यालय पठाउन पनि एक्दमै समस्या भईरहेको पाइयो ।

विगतका केही बर्षमा सुदूर पश्चिमका विभिन्न जिल्लाहरुमा आएको बाढी पहिरोका कारण हजारौं मानिसहरु घरबार विहीन भएका छन, कतिपय स्थानमा बाढीपहिरोमा परी आमाबावु समेत गुमाएका बालबालिकहरुले संरक्षकत्व नपाएको अवस्था छ । प्राकृतिक विपत्तीको कारण बासस्थान र सम्पत्ती नै गुमाउने नागरिकहरुको संख्या बर्षेनी बढदोक्रममा छ, त्यस्ता विस्थापितहरुको हाल पनि विभिन्न खोलाको किनार र सरकारी प्रति जग्गामा टहराहरु बनाई असुरक्षितरुपमा बसोबास गरीरहेका छन भने कतिपय आफन्तहरुको आश्रय र गाउँछिमेकी कै गोठमा बस्दै आएका छन । सामाजिक र प्राकृतिक कारणले उपयुक्त बासस्थान र जीवनस्तरको अधिकारः गुमाउन पुगेका व्यक्तिहरुले विभिन्न मागहरु राखि सम्वन्धित निकायमा पहल गर्दा पनि सुनवाई हुनसकेको छैन । शुक्लाफाँटा बन्यजन्तु आरक्षणबाट विस्थापित भएका परिवारका तथ्थाङ्क र हैसियतमा एकरुपता नरहेको र २१ पटक बनिसेकको आयोगबाट समेत पुर्नस्थपाना हुन नसकेको देखिन्छ । आयोगका अनुगमनबाट समेत मुक्त कमैया, कमलरी , हलिया भूमिहिन र शुक्लाफाटा बन्यजन्तु आरक्षण पीडितहरुको अहिले सम्म पनि एकिन तथ्यांकको अभाव रहेको उनीहरुको पुर्नस्थापनमा समस्या रहेको । बिभिन्न संघसस्थाले उनीहरुको वारेमा काम गर्दै आएको भए पनि सहकार्य र समन्वयको खाडलको कारण कामले गति लिन नसकेको पाईयो ।

## २.१३ मानव अधिकार रक्षकहरुको अधिकारको अवस्था

मानव अधिकारको क्षेत्रमा कार्यरत मानव अधिकारकर्मी र पत्रकारहरुले बिबिध समस्याका बाबजुद काम गरेतापनि सुदुर पश्चिमको मानव अधिकारको अवस्थामा देखिने गरी सुधार आउन सकेको छैन । मानव अधिकार रक्षकहरुले मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि रात दिन खटिएर काम गरे

पनि मानव अधिकार सस्कृतिको बिकास भने हाल सम्म पनि उल्लेख्य रुपमा सुधार हुन नसकेको अवस्था बिद्यमान छ । पछिल्लो समयमा भएका आन्दोलनका क्रममा मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरुलाई आन्दोलनरत पक्षले आफनो पक्षबाट आन्दोलनको वकालत नगरेको भन्दै मानसिक भौतिक यातना, धम्की, त्रास फैलाउने गरेको आयोगको अनुगमन तथा विभिन्न पक्षसंगको छलफलका क्रममा प्राप्त भएको छ । अधिकारकर्मीहरुले मानव अधिकारका आधारभूत सिद्धान्त, तटस्थता, स्वतन्त्रता, पेशागत ईमान्दारिता सधै कायम राख्नु पर्ने समेत देखिन्छ । आयोगको यस क्षेत्रीय कार्यालयले आयोगमा प्राप्त भएका उजुरीहरुको छानविन तथा अनुसन्धान गर्ने क्रममा विभिन्न जिल्लामा कार्यरत अधिकारकर्मी तथा पत्रकारहरुसँग अर्न्तक्रिया तथा छलफल कार्यक्रमहरु चलाएको थियो । आम नागरिकले अधिकारकर्मीलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो रहेको पाइन्छ ।

## २.१४ उपभोक्ता अधिकारको अवस्था

वर्तमान संविधानले प्रथम पटक उपभोक्ताहरुको अधिकारलाइ मौलिक हकको रुपमा स्थापित गर्दै संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि अधिकारको प्रत्याभूति गरेको छ मानव अधिकारको बिश्वब्यापी घोषण पत्र १९४८ को धारा २५ (१) मा प्रत्येक ब्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य कल्याणको लागि खाद्यान्न, कपडा, आवास, औषधी, उपचारको सुविधा र सामाजिक सेवा पाउने ब्यवस्था रहेता पनि आम नागरिकका अति आवश्यकीय खाद्य एवं उपभोग्य पदार्थहरुमा हुने गरेको मिसावट, रसायनहरुको प्रयोग र त्यसबाट मानव स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरहरुले मानिसको स्वास्थ्यसम्बन्धी अधिकार तथा जीवनको अधिकार नै गुम्न सक्ने खतरा रहेको छ । अर्कातीर नाप तौलमा कमी हुने गरेको, उपभोग्य बस्तु तथा सेवाहरुको खरिद तथा बिक्रीमूल्य पारदर्शी हुने नगरेको, आपूर्ति ब्यवस्था ब्यवस्थित र पारदर्शी हुन नसकिरहेको अवस्था छ । उपभोक्ताको सुरक्षित हुन पाउने अधिकार, सु सुचित हुन पाउने अधिकार, छनौट गर्न पाउने अधिकार, सुनुवाईको अधिकार, क्षतिपूर्तिको अधिकार, उपभोक्ता शिक्षाका अधिकार कानूनले निर्धारण गरेका छन् । कानुनी ब्यवस्थामा उपभोक्ता संरक्षण ऐन २०५४, कालोबजार नियन्त्रण ऐन २०३२, मासु जाँच ऐन २०५५, खाद्य ऐन २०२३, स्वास्थ्य ऐन २०३५, गुणस्तर तथा नापतौल ऐन २०२५, विभिन्न प्रकारका मिसावटका खाने कुराले गर्दा रोगी बनिरहेको अवस्था छ । यस बर्ष सिमा क्षेत्रमा भएको आन्दोलन र आपूर्ति व्यवस्थाको असहजतामा मुलत पेट्रोलिय पदार्थ सहित अत्यावश्यक बस्तु र सेवामा नागरिकहरुले ठूलो समस्या बेहोर्नु पऱ्यो । स्थानिय प्रशासनले त्यस माथी टिकापुर घटना पश्चात लगाएको कर्फयु र निषेधाज्ञाले सर्वसाधारणको लाई जीविकोपार्जनमा असहज अवस्था रहयो । उक्त अवस्थाको अनुचित फाईदा केहि पक्षले लिदां समग्र उपभोक्तले ठुलो सास्ती भोग्नु परेको जनगुनासा सर्वसाधारणबाट पाइयो । धनगढीका विभिन्न पसलहरुबाट गुणस्तरहिन मासु बरामद गरएिको छ । निरिक्षणका क्रममा धनगढीका विभिन्न पसलहरुबाट बोईलर , माछा , खसि गरी ४ क्वीन्टल गुणस्तरहिन मासु बरामद गरीएको । रसायनिक

मल तथा कृषि उत्पादनका सामग्रीको अभाव तथा काला बजारी बढने क्रम निरन्तर रहेको ।जिल्ला प्रशासन कार्यालयले महिनाको एक पटक अनुगमन गर्ने भनि निर्णय गरेको रजिष्टर छन तर बजार अनुगमन दशैको बेलामा मात्र हुने गरेको छ । त्यसैले नामा फरेर र वा निर्णय गरेर मात्र हुदैन व्यवहारमा कार्यान्वयनको खाँचो छ । यसरी कार्यन्वयनकारी निकायबाट गरिने भनिएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन नहुदा आम नागरिकले सास्ती बेर्होनु परेको अवस्था पाइयो ।

# भाग-३

**३. क्षेत्रीय कार्यालय धनगढीबाट आ.ब.२०७२/०७३ मा सम्पादित भएका कार्यहरु ।**

नेपालको संबिधान २०७२ को धारा २४९ र मानव अधिकार आयोग ऐन २०६८ अनुसार आफ्नो क्षेत्राधिकार भित्र पर्न आएको दायित्व एवं जिम्मेवारी अन्तर्गत मानव अधिकारको संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्नु आयोगको प्रमुख जिम्मेवारी हो । सो अन्तर्गत आयोगको क्षेत्रीय कार्यालय धनगढीले यस बर्ष निम्न अनुसारका गतिविधि गरेको छ ।

- सुदुर पश्चिम क्षेत्रका ९ वटै जिल्लाको कम्तीमा पनि सदरमुकाममा बर्षमा एक पटक मानव अधिकार आयोगको उपस्थिती रहि विवधि कार्यक्रम सम्पन्न गरिएको ।
- आयोगका माननीय सदस्य ज्यूहरुको उपस्थितीमा बाजुरा, डोटी कैलाली जिल्लामा आयोगको रणनितिक योजना ,मानव अधिकार राष्ट्रिय कार्ययोजना, समग्र मानव अधिकार सम्बन्धी अन्तरक्रिया छलफलका साथै ,कारागार ,स्वास्थ्य निकायहरुको नीरिक्षण तथा विविध कार्यक्रम सम्पन्न गरिएको ।
- विभिन्न समयमा भएका बन्द, हडताल, आपूर्ति अभाव ,सत्य निरुपण र बेपत्ता आयोगको उजुरी संकलन कार्य लगायतका घटनाहरुको गरि १९ पटक अनुगमन कार्य सम्पन्न गरिएको ।
- खास गरि २०७२ भाद्र ७ र ८ गतेको कैलालीको टिकापुर घटना पूर्व र पश्चात उत्पन्न परिस्थितिका सम्वन्धमा आयोगले माननीय सदस्यको नेतृत्वमा यथासिघ्र, तुरुन्तै घटनास्थलमा आफनो सक्रिय र प्रभावकारी उपस्थिती देखाई खास गरि समाजिक सदभावको लागि विभिन्न किसिमका छलफल गोष्ठी अन्तरसंवाद लगायतका कार्यक्रम अगाडी बढाएको जुन अहिले सम्म निरन्तर रहेको छ ।
- क्षेत्रीय कार्यालयमा दर्ता हुन आएका उजुरी मध्ये ४५ वटा उजुरीको अनुसन्धान सम्पन्न गर्ने अघिल्लो बर्षको लक्ष्यका पूरा गर्दै ५४ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरि केन्द्रिय कार्यालयमा निणयार्थ पठाएको ।
- सबैका लागि घर घरमा मानव अधिकारको आयोगको नारालाई कार्यान्वयनमा ल्याउनको लागि कैलाली, कञ्चनपुर ,बैतडी अछाम गरि ४ वटा जिल्लामा एफएमहरु बाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गरिएको । स्थानिय क्षेत्रमा मानव अधिकारको प्रवर्द्धनको लागि डोटेली भाषामा मानव अधिकार प्रश्नोत्तर लाई अनुवाद गरिएको ।

- अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने कार्यलाई देशको सबै भूगोलमा प्राथमिकता दिने क्रममा यस पटकको मानव अधिकार दिवस डोटी जिल्लामा आयोगका मननीय सदस्य प्रकाश वस्तीको नेतृत्वमा मनाउने कार्य भएको ।
- मध्य र सुदुरपश्चिम क्षेत्रका कारागार प्रमुखहरु ,नेपाल प्रहरी, सशस्त्र प्रहरीका अधिकृत तथा जवानलाई मानव अधिकार सम्बन्धी तालिम प्रदान गरिएको ।
- विभन्नि सरकारी, गैससका कार्यक्रमहरुमा सक्रिय सहभगिताका साथै श्रोत व्यक्तिका रुपमा आयोगको सहभगिता रहेको तथा विभिन्न मानवअधिकारका दिवस सहकार्यतामा मनाइएको ।

आयोगले मानवअधिकार उल्लघंनका घटनाहरुको उजुरी ग्रहण गरि त्यस उपर अनुसन्धान छानविन तथा अनुगमन गरि नेपाल सरकार समक्ष सिफारिश गर्ने कार्य गर्दछ । हाल आयोगको धनगढी क्षेत्रीय कार्यालय समक्ष रहेको उजुरी निम्न अनुसार रहेका छन

### ३.१ मानव अधिकार संरक्षण सम्बन्धि कार्यहरु

### ३.१.१ राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीमा रहेका उजुरीको अवस्था

तथ्याङ्क नं. १

| S.N | Theme | 2072-2073 Shrawan to Ashad | Running Complaints |
|---|---|---|---|
| 1 | ICCPR – *Killings State* | | 15 |
| | ICCPR – *Killings Non State* | 2 | 13 |
| 1.2 | *ICCPR – Others* | 7 | 55 |
| 2.1 | ESCR | | 25 |
| 3.1 | CAT - by State | 1 | 25 |
| 3.2 | CAT - *by Non State* | | 7 |
| 4.1 | CED - *Disap'rances* | 1 | 20 |
| 4.2 | CED – *Abductions* | 1 | 10 |
| 5 | CEDAW | 1 | 6 |
| 6 | CRPD | - | - |
| 7 | CERD | | 1 |
| 8 | CRC | 2 | 7 |
| 9 | MWs *and* Others – Migrant workers, senior citizen, refugees, HR defenders etc | - | - |
| 10 | Registerd as Jankari on verious theme | 21 | - |
| Total | | 36 | 184 |

**३.१.२ (आ.ब.२०७२/०७३ मा आयोगको यस क्षेत्रीय कार्यालयले गरेको उजुरीहरुको अनुसन्धान बिवरण)**

यस बर्षमा आयोगको यस क्षेत्रीय कार्यालयले भएको श्रोतसाधनहरुको अधिकतम उपयोग गरि सु.पका ९ ओटा जिल्लाबाट प्रायः बिगत द्वन्द्वकालमा घटेका घटनाहरुको बारेमा आवश्यक अनुसन्धान कार्य गरेको थियो । अनुसन्धान कार्य पक्कै पनि गहन र जटिल कार्य पनि हो । कतिपय घटनाहरु आयोग स्थापना हुनुभन्दा पनि पहिलेका घटनाहरु भएकाले त्यस्ता घटनाहरुको अनुसन्धान अझ जटिल रहेको छ । कतिपय घटनामा त पीडक अन्यत्रै गईसकेको हुने, घटनास्थलको पहिचान गर्न गाह्रे हुने, यातना जस्ता घटनाहरुमा आवश्यक प्रमाणको अभावले गर्दा अनुसन्धान कार्य कठिनाई भईरहेको छ ।

**आर्थिक वर्ष २०७२/७३ मा मानव अधिकारको अनुसन्धान सम्पन्न भई केन्द्रिय कार्यालयमा निणयार्थ पठाएका फाईल**

**<u>तथ्याङ्क नं. २</u>**

**आर्थिक वर्ष २०७२/७३ को मानव अधिकारको अनुसन्धान विवरण**

| क्र.सं. | उजुरीको विषय | ठेगाना | उजुरी नं. | उजुरी मिति | हालको अवस्था |
|---|---|---|---|---|---|
| १ | राज्यपक्षबाट मारिएको | बर्दिया | १०८६, | २०६५।२।१२ | अनुसन्धान सम्पन्न |
| २ | द्वन्दकालमा मृत्यु भएका | बर्दिया | १७९४, | २०६५।२।१२ | अनुसन्धान सम्पन्न |
| ३ | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १७९५, | २०६५।२।१० | अनुसन्धान सम्पन्न |
| ४ | बलात्कार | कंचनपुर | ७४५, | २०७१।३।२९ | अनुसन्धान सम्पन्न |
| ५ | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १८००, | २०६५।२।१० | अनुसन्धान सम्पन्न |
| ६ | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १७९६, | २०६५।२।१० | अनुसन्धान सम्पन्न |
| ७ | माओवादीबाट हत्या | बर्दिया | ५८४, | २०६४।१०।२० | अनुसन्धान सम्पन्न |
| ८ | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १८०३, | २०६५।२।१२ | अनुसन्धान सम्पन्न |
| ९ | राज्यपक्षबाट हत्या भएको | बर्दिया | १७८८, | २०६५।२।०५ | अनुसन्धान सम्पन्न |
| १० | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १७९९, | २०६५।२।१० | अनुसन्धान सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | द्वन्दकालमा दोहोरो भिडन्तमा परी मृत्यु भएको | बर्दिया | १७८९, | २०६५।२।५ | अनुसन्धान सम्पन्न |
| १२ | राज्यपक्षबाट मारिएको | बर्दिया | १०८६, | २०६५।२।१२ | अनुसन्धान सम्पन्न |
| १३ | यातना | कंचनपुर | ७४०, | २०७१।२।२९ | अनुसन्धान सम्पन्न |
| १४ | सम्पत्ति लुटपाट | कैलाली | ४७०, | २०६३।९।३ | अनुसन्धान सम्पन्न |
| १५ | माओवादीबाट कुटपिट | कैलाली | ३१६, | २०६३।२।१५ | अनुसन्धान समपन्न |
| १६ | बेपत्ता | कैलाली | ३७५, | २०६५।१२।२४ | अनुसन्धान सम्पन्न |
| १६ | माओवादीबाट यातना | कंचनपुर | ७३२, | २०७०।१२।०५ | अनुसन्धान सम्पन्न |
| १७ | गैरकानुनी थुना | अछाम | ५८, | २०६२।३।२८ | अनुसन्धान सम्पन्न |
| १८ | शिक्षकबाट कुटपिट | कैलाली | २७८ | २०७२।३।२७ | अनुसन्धान सम्पन्न |
| १९ | कारागारको सिधा हिनामिना सम्वन्धमा | डोटी | २१४, | २०७१।१०।९ | अनुसन्धान सम्पन्न |
| २० | न्यायप्रशासन | कैलाली | ७५३, | २०७१।११।३ | अनुसन्धान सम्पन्न |
| २१ | माओवाट अपहरण | दार्चुला | | | अनुसन्धान सम्पन्न |
| २२ | हत्या | बभाङ | ७०४७, | २०६०।१२।०४ | अनुसन्धान सम्पन्न |
| २३ | कमलरी राखेको सम्बन्धमा | कैलाली | ६२८ | २०६५।८।९ | अनुसन्धान समपन्न |
| २४ | न्यायप्रशासन | कंचनपुर | ७६७, | २०७३।१।३० | अनुसन्धान सम्पन्न |
| २५ | यातना | कैलाली | ६५४ | २०६६।१।८ | तामेली |
| २६ | सुरक्षाकमीद्वारा बेपत्ता | कैलाली | ६, | २०७२।१०।२८ | तामेली |
| २७ | न्यायप्रशासन | कैलाली | २४५, | २०७१।१२।२५ | तामेली |
| २८ | सम्पत्ति लुटपाट | कंचनपुर | ५२८, | २०६४।१।११ | तामेली |
| २९ | माओवादीबाट लुटपाट | कैलाली | ५७९ | २०६४।९।९ | तामेली |
| २९ | न्यायप्रशासन | कंचनपुर | २३०, | २०७१।११।११ | तामेली |
| ३० | यातना/कुटपिट गैरकानुनी थुना | कैलाली | २५, | २०७२।५।२७ | तामेली |
| ३१ | विस्थापित | डोटी | ४०५, | २०६३।५।६ | तामेली |
| ३२ | हत्या | कंचनपुर | ७०७ | २०६९।२।३० | तामेली |
| ३३ | महिला हिंसा | कैलाली | ४८, | २०७१।११।२९ | तामेली |
| ३४ | हत्या, | कैलाली | ४२२ | २०६७।१।१९ | तामेली |
| ३५ | न्यायप्रशासन | कैलाली | २२८, | २०७१।११।०६ | तामेली |
| ३६ | ज.ज.क | कैलाली | २७०, | २०७२।३।६ | तामेली |
| ३७ | यातना/अभद्र व्यवहार | कैलाली | २५२, | २०७२।२।३ | तामेली |
| ३८ | न्यायप्रसासन | कैलाली | २२९, | २०७१।११।०८ | तामेली |
| ३९ | कारागार सारिपाऊँ | कंचनपुर | ३०, | २०७२।५।२७ | तामेली |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | न्यायप्रशासन | कैलाली | २४१ | २०७१।१२।०५ | तामेली |
| ४१ | हत्या, | कैलाली | २६१ | २०७२,२।२६ | तामेली |
| ४२ | प्रहरीबाट यातना | कंचनपुर | ७४२ | २०७१।३।१० | तामेली |
| ४३ | कुटपिट | कैलाली | ३८, | २०७२।८।२ | तामेली |
| ४४ | माओवादीबाट अपहरण | दोलखा | ३५८७ | २०६२।१२।२१ | तामेली |
| ४५ | प्रहरीबाट यातना | कंचनपुर | ७४८ | २०७१।५।२ | तामेली |
| ४६ | न्यायप्रशासन | कैलाली | २३१, | २०७१।११।११ | तामेली |
| ४७ | बेपत्ता | डडेल्धुरा | ६७४ | २०६२।१०।२५ | तामेली |
| ४८ | न्यायप्रशासन | कैलाली | २०, | २०७२।५।२७ | तामेली |
| ४९ | न्यायप्रशासन | कैलाली | ४८ | २०७१।११।२६ | तामेली |
| ५० | यातना सुरक्षाफौजबाट | कञ्चनपुर | २३६ | २०६२।३।१६ | सिफारिश |
| ५१ | हत्या | कैलाली | ७५९ | २०७२/५/८ | सिफारिश |
| ५२ | हत्या, आगजनी, लुटपाट | कैलाली | ७६१ | २०७२/५/२३ | सिफारिश |
| ५३ | यातना प्रहरीबाट | बाजुरा | ७५४ | २०७१/१०/१० | सिफारिश |
| ५४ | हत्या | कैलाली | ७५८ | २०७२/०६/०१ | सिफारिश |

### ३.१.३ मानव अधिकारको अवस्था अनुगमनको अवस्था

**तथ्याङ्क नं. ३**

| क. सं. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान |
|---|---|---|---|
| १ | बन्दको अनुगमन | २०७२/४/२४ र २५ गते | कैलाली/कंचनपुर |
| २ | बन्दको अनुगमन | २०७२।०४।३१ र ३२ | टीकापुर लगायत कैलालीका विभिन्न ठाउँहरु |
| ३ | मानव अधिकारको अवस्था सम्बन्धमा | २०७२/५/७ देखी २९ गते सम्म | कैलाली |
| ४ | लैंगिक समानता सम्बन्धि अनुगमन | २०७२/६/२६-२८ | कैलाली, कंचनपुर |
| ५ | आयोगले सिफारिस गरेको बाढीपीडितमा कार्यान्वयको अवस्थाबारे गरिएको अनुगमन | २०७२/७/१६-१९ | कैलाली, कंचनपुर |
| ६ | शैलेश्वरी मन्दिरमा दलित समुदायको प्रवेशको क्रममा दलित र गैर दलित सद्दाय बिच भएको झडपको सर्न्दभमा आयोगको सिफारिशको कार्यान्वयनको अनुगमन | २०७२/७/२८-३० | डोटी |
| ७ | बाजुरा जिल्ला कारागार अनुगमन | २०७२/८/२५ | बाजुरा |
| ८ | जिल्ला अस्पतालको अनुगमन | २०७२/८/२५ | बाजुरा |

| | | | |
|---|---|---|---|
| ९ | टीकापुर घट्नाको क्रममा भएको आग लागी पीडितहरुको अनुगमन | २०७२/८/२८ | कैलाली |
| १० | मुक्त हलिय तथा दलित समुदायको अवस्था सम्बन्धी अनुगमन | २०७२/८/२६ | बाजुरा |
| ११ | बैतडी जिल्लामा महिला अधिकारको अवस्थाको अनुगमन | २०७२/९/१३–१७ | बैतडी |
| १२ | मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सम्बन्धमा अनुगमन | २०७२/९/२५–३० | बाजुरा |
| १३ | मानव बेचविखनको अवस्था | २०७२/११/२७ | कैलाली |
| १४ | कैलालीमा पछिल्लो मानव अधिकारको अवस्था, भलमन्सा प्रथामा देखा परेको असरको सम्बन्धमा, टीकापुरमा भदौ ८ गतेका अग्नि पीडितहरुको मानव अधिकारको अवस्था विषयक अनुगमन | २०७३/१/११–०७३/१/१७ | कैलाली |
| १५ | कंचनपुर कारागारको अनुगमन | २०७३/१/२५ | कंचनपुर |
| १६ | बर्दिया जिल्लामा द्वन्दपीडितहरुको अवस्थाको विषयमा गरिएको अनुगमन | | **बर्दिया** |
| १७ | कैलाली जिल्लामा स्थानिय शान्ति समितिमा बेपत्ता तथा सत्यनिरुपणमा परेका उजुरीको अवस्थाको विषयमा अनुगमन | २०७३/२/०४ | कैलाली |
| १८ | डडेल्धुरामा सत्य निरुपण तथा मेलमिलाप आयोगको काम कर्वाहीको सम्बन्धमा गरिएको अनुगमन | २०७३/३/०४ | डडेल्धुरा |
| १९ | कञ्चनपुर जिल्लामा सत्य निरुपण तथा मेलमिलाप आयोगको काम कर्वाहीको सम्बन्धमा गरिएको अनुगमन | २०७३/२/०६ | कञ्चनपुर |

मानव अधिकारको संरक्षण र सम्बर्धन गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संबैधानिक तथा कानून प्रदत्त कर्तव्य पनि हो । यहि कर्तव्य र दायित्व अन्तर्गत सरकार तथा राज्यको दायित्व र नागरिकको साझा उपभोग र कर्तव्य भित्रपर्ने नागरिक तथा राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक, धार्मिक अधिकारहरुको साथै बालबालिका, महिला, दलित र सिमान्तकृतबर्गको अधिकारको संरक्षण र पालना भए–नभएको समग्र मानव अधिकारको अवस्थाको अनुगमन गरि राज्यलाई सुझाव तथा सिफारिस गर्दै आईरहेको छ । यसरी मानव अधिकारको अनुगमनबाट प्राप्त तथ्यका आधारमा सम्भावित मानव अधिकार उलङ्घनलाई रोक्न र मानव अधिकारको अवस्थामा व्यापक सुधार ल्याउन महत्वपूर्ण भुमिका खेल्दै आईरहेको छ ।

साझा लक्ष्य प्राप्तिको लागि चालिएका कदमहरु समय सापेक्ष हुनसकिरहेका छैनन् । राजनैतिक दलहरुमा केवल सत्ताको हानाथापले नागरिकका अन्य प्रमुख मुद्धाहरु नयाँ संबिधान निमार्ण गरि शिक्षा, स्वास्थ्य, रोजगारि तथा देश बिकासबाट नयाँ नेपालको रुपरेखा थालनी ओझेलमा परेका छन । मानव अधिकारमा उल्लेख्यरुपमा सुधारहुन सकिरहेको छैन । दण्डहिनताले गर्दा कानून कार्यान्वयन हुन सकिरहेको छैन । अदालत र आयोगका महत्वपूर्ण निर्णयहरु समेत सरकारले पूर्ण कार्यान्वयन गर्न सकेको छैन । यद्दपि आयोगको आफ्नो दायित्व अन्तर्गत यस प्रतिवेदन अवधीभर आयोगको क्षेत्राधिकार भित्र रहि भएको श्रोत साधनको अधिकतम उयोग गरि प्राथमिकताका साथ विभिन्न जिल्ला तथा क्षेत्रहरुको अनुगमन कार्य गरेको थियो ।

**३.२.४: २०७२ साउन देखी २०७३ असाड मसान्तसम्ममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीले गरेको विभिन्न सम्बर्द्धन/प्रबर्द्धन सम्बन्धि गतिविधिहरु**

**तथ्याङ्क नं. ४**

| क्र. सं | जिल्ला/ स्थान | मिति | कार्यक्रमको बिषय | कार्यक्रमको उद्देश्य | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | कैलाली | २०७२/५/१० | अर्न्तक्रिया कार्यक्रम | शान्ति र सद्भावका लागि पहल गर्ने | ३८ |
| २ | कैलालीटीकापुर | २०७२/५/११ | अनर्तक्रिया कार्यक्रम | शान्ति र सदभाव | २२ |
| ३ | कैलाली, धनगढी | २०७२/५/१२ | टीकापुर घट्नाको सम्बन्धमा धनगढीमा छलफल कार्यक्रम | शान्ति र सदभाव | १० |
| ४ | कैलाली, धनगढी | २०७२/५/१३ | सामाजिक सद्भाव र शान्ति कायमको लागि सरोकारवालाको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम, | शान्ति र सदभाव | ७६ |
| ५ | कैलाली, टीकापुर | २०७२/५/१३ | सामाजिक सद्भाव र शान्ति कायमको लागि राजनैतिक दल र सरोकारवालाको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम, | शान्ति र सद्भाव | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कैलाली, धनगढी | २०७२/५/१४ | थारुवान थरुहटका नेताहरुसँग कैलालीको धनगढीगाँउमा छलफल कार्यक्रम | शान्ति र सदभाव | १५ |
| ७ | कैलाली, धनगढी | २०७२/५/२० | सामाजिक सद्भाव र शान्ति कायमको लागि स्थानियस्तरमा मानव अधिकारकर्मीहरुको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम, | शान्ति र सदभाव | २५ |
| ८ | टीकापुर, कैलाली | २०७२/५/२२ | टीकापुरको पछिल्लो अवस्थाबारे सो क्षेत्रको ईलाका प्रशासन र प्रहरीअधिकारीहरुसँग छलफल कार्यक्रम | शान्ति र सदभाव | २० |
| ९. | कैलाली | २०७२/८/१६ | ६७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने सर्न्दभमा पूर्व तयारी बैठक, | ६७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सफल पार्न | १८ जना |
| १० | कैलाली | २०७२/८/२२ | सुदूरपश्चिमको मानव अधिकार सम्बन्धि अन्तरसम्बाद कार्यक्रम, | मानव अधिकारको संरक्षण र सम्वर्द्धन | ६५ जना |
| ११ | कैलाली र डोटी | २०७२/८/२४ | ६७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा प्रभात फेरी कार्यक्रम, | मानव अधिकार सस्कृतीको बिकास | १०० |
| १२ | डोटी | २०७२/८/२४ | NHRAP मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धि अभिमुखी कार्यक्रम, | सरकारी कार्यालयका प्रमुख, गैससका प्रमुख र सञ्चारकमीको चेतनामा अभिबृद्धि | ४५ जना |
| १३ | बाजुरा | २०७२/८/२५ | NHRAP मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धि अभिमुखी कार्यक्रम, | सरकारी कार्यालयका प्रमुख, गैससका प्रमुख र सञ्चारकर्मीको चेतनामा अभिबृद्धि | २५ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | दार्चुला | २०७२।९।२८ | मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, | सिडिओ, स्थानिय विकास अधिकारी, जनस्वाथ्य अधिकारी, महिला विकास कार्यालय प्रमुख, बार अध्यक्ष, नागरिक समाज लगायत अन्य सरोकारवालाको चेतनामा अभिबृद्धि | ३४ |
| १५ | कैलाली | २०७२/१०/१९ | मानव अधिकार सचेतना कार्यक्रम | मानव अधिकार सस्कृतिको बिकास | १५ |
| १६ | कैलाली र कञ्चनपुर | २०७२ माघ देखि निरन्तर | **रेडियो एफ एम मार्फत** कैलाली र कञ्चनपुरका आम सर्वसाधारण | मानव अधिकार सचेतनामा बृद्धि | एफएम का श्रोताहरु |
| १७ | कैलाली | २०७२।१०।११ देखि हाल सम्म | मानव अधिकार सचेतना कार्यक्रम | महिमा चौधरी (सहायम प्रथम) शिवराज भट्ट (संवादाता) | रेडियो दिनेश एफएम ९३.८ मेगाहर्ज |
| १८ | कैलाली | २०७२।१०।२८ | कैलाली जिल्लामा मानव बेचविखनको अवस्था र सरोकारवालहरुको भूमिका विषयक अन्तरसंवाद कार्यक्रम | मानव बेचबिखन सम्वन्धि जनचेतनामा अभिबृद्धि | २५ जना |
| १९ | कैलाली | २०७२।१०।२९ | मानव अधिकार र टिकापुर घट्नाको सम्बन्धमा रेडियो धनगढी एफएम ९०.५ मेगाहर्जमा प्रत्यक्ष कुराकानी । | मानव अधिकार सचेतनामा बृद्धि | एफ एमका श्रोता |
| २० | कैलाली | २०७२।१०।३० | जातीय विभेद र मानव अधिकार सम्बन्धी रेडियो सुदुरसन्देश एफएमसँग प्रत्यक्ष कुराकानी । | मानव अधिकार सस्कृतिको बिकास | एफ एमका श्रोता |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | कैलाली/कञ्चनपुर/अछाम/बैतडी | २०७२।१०।११ देखि निरन्तर | मानव अधिकार सचेतना कार्यक्रम दिनेश, एफएम, कैलाली, नागरिक एफएम कञ्चनुपर, सौगत एफएम, बैतडी, रेडियो अछामबाट प्रशारित मानव अधिकार सचेतना कार्यक्रमले कार्य गरेको | सुपका प्राय सबै जिल्लाका सर्वसाधारण र सरोकारवाला माझ मानव अधिकार सचेतना फैलाउने | सुप क्षेत्र |
| २२ | कैलाली | २०७३/१/१३ | जोशीपुरमा मानव अधिकारको अवस्था सम्बन्धि अर्न्तक्रिया कार्यक्रम | मानव अधिकार सचेतना अभिबृद्धि | ४९ |
| २३ | कैलाली | २०७३/१/१४ | भदौ ८ गतेका अग्नि पीडितहरुको पछिल्लो मानव अधिकारको अवस्था सम्बन्धि अर्न्तक्रिया कार्यक्रम | पीडितको मानव अधिकारको संरक्षण | १९ |
| २४ | कैलाली | २०७३/१/१४ | भलमन्सा प्रथा सम्बन्धि टीकापुर आसपासका भलमन्साहरुसँग अर्न्तक्रिया | भलमन्सा प्रथाको संरक्षण | २२ |
| २५ | कैलाली | २०७३/१/१७ | कैलालीको मानव अधिकारको अवस्था र शान्ति र सद्भावको लागि सरोकारवाला निकायको भूमिका अर्न्तक्रिया | मानव अधिकार सस्कृतिको बिकास | ५४ |
| २६ | कैलाली | २०७३/२/३० | एफएम मा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगमा परेका उजुरीको अवस्था सम्बन्धी अन्तर्वाता | सत्य निरुपण मेलमिलाप र बेपत्ता आयोग बारे जानकारी | पश्चिम टुडे का श्रोता |
| २७ | कंचनपुर | २०७३।०३।०९ | चौथो मानव अधिकार राष्ट्रिय कार्य योजना कार्यान्वयन सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम, | सरोकारवाला निकायलाई मानव अधिकार राष्ट्रिय कार्ययोजनाको वारेमा जानकाकरी | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | कैलाली | २०७३/३/४ | विद्यालयमा हुने शारीरिकदण्ड र समाधानका उपाय, सरोकारवाला सबै | बाल अधिकारको बारेमा जानकारी | ३५ |
| २९ | कैलाली | २०७३/३/२३ | सुदुर पश्चिमको मानव अधिकारको अवस्था बारे छलफल, | मानव अधिकारको बारेमा जानकारी | २० |

**३.३.५ अन्य क्षेत्रले (सरकारी तथा गैरसरकारी) आयोजना गरेका सम्बर्धन सम्वन्धि कार्यक्रममा भएको सहभागिता र बिषयबस्तु**

**तथ्याङ्क नं. ५**

| क्र.सं | जिल्ला/ स्थान | मिति | कार्यक्रमको बिषय | आयोजक |
|---|---|---|---|---|
| १ | कैलाली | २०७२।०४। १० | अर्न्तक्रिया | सिविन नेपाल |
| २ | कैलाली | २०७१/५/१३ | मानव अधिकार तथा महिला अधिकार सम्बन्धि तालिम कार्यक्रम | |
| ३ | कैलाली | २०७२/५/३ | शान्ति सुरक्षा सम्वन्धमा | जिल्ला प्रशासन कार्यालय कैलाली |
| ४ | कैलाली | २०७२/५/४ | अर्न्तक्रिया कार्यक्रम | ईन्सेक |
| ५ | कैलाली | २०७२/५/५ | शान्ति सुरक्षाको सम्वन्धमा | जिल्ला प्रशासन कार्यालय |
| ४ | कैलाली | २०७२/५/१४ | शान्तिसुरक्षाको सम्वन्धमा | जिल्ला प्रशासन कार्यालय |
| ५ | कैलाली | २०७२/५/१७ | शान्ति सुरक्षको सम्वन्धमा सम्वनधमा | जिल्ला प्रशासन कार्यालय |
| ६ | कैलाली | २०७२/५/२१ | शान्ति सुरक्षको सम्वन्धमा | जिल्ला प्रशासन कार्यालय |
| ७ | कैलाली | २०७२/६/२६ | अर्न्तक्रिया कार्यक्रम | दलित एकल महिला समाज |
| ८ | कैलाली | २०७२/७/१५ | तराईमा मानव अधिरकाको अवस्था सम्बन्धि छलफल | ईन्सेक |
| ९ | कैलाली | २०७२/७/३० | अन्तक्रिया कार्यक्रम | नेपाल रेडक्रस सोसाईटी, |
| १० | कैलाली | २०७२/७/१२ | अर्न्तक्रिया कार्यक्रम | जिल्ला सरकारी वकिल कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| ११ | कैलाली | २०७२/८/२ | अर्न्तक्रिया कार्यक्रम | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन |
| १२ | कैलाली | २०७२/८/४ | रक्तदान कार्यक्रम | सिविन नेपाल |
| १३ | कैलाली | २०७२/८/२४ | १६ दिने महिला हिंशा विरुद्धको अभियान कार्यक्रम | महिला तथा बालबालिका कार्यालय |
| १४ | कैलाली | २०७२/८/२९ | सामाजिक लेखा परिक्षण कार्यक्रम | दलित महिला अधिकार मंच नेपाल |
| १५ | | २०७२/८/२९ | अर्न्तक्रिया कार्यक्रम | महिला तथा बालबालिका कार्यालय |
| १६ | कैलाली | २०७२/९/१२ | अनुगमन | मुक्त कमैया उन्मूलन समाज |
| १७ | कैलाली | २०७२/९/१५ | नगर सरसफाई अभियान | वातावरण मन्त्रालय र धनगढी उपमहागरपालिका |
| १८ | कैलाली | २०७२/९/१७ | महोत्सव सहभागिता | भादा होम स्टे |
| १९ | कैलाली | २०७२।१०।२९ | भवन सिलन्यास कार्यक्रम | दिनेश एफएम ९३.८ मेगाहर्ज |
| २० | कैलाली | २०७२।१०।२५ | कारागार व्यवस्थापन सुचना प्राणाली अभिमुखिकरण कार्यक्रमका | कारागार व्यवस्थापन विभाग काठमाण्डौको |
| २१ | कैलाली | २०७२/१०/२५ | राजश्व व्यवस्थापन सुचना प्रणाली सम्बन्धी अन्तरक्रिया | महालेखा नियन्त्रकको कार्यालय काठमाडौ |
| २२ | कैलाली | २०७२।११।०३ | आदिवासी महिलाको सम्बन्धमा सिडाको लागि छाया रिपोर्ट | राष्ट्रिय आदीवासी जनजाती महिला मंच |
| २३ | कैलाली | २०७२।११।११ | मानव अधिकारका लागि आत्मसम्मान र साझा आवाज | राष्ट्रिय दलित नेटवर्क |
| २४ | कैलाली | २०७२।११।१३ | अन्तरिक्रया कार्यक्रम | ACT |
| २५ | कैलाली | २०७२।११।२२ | ८ मार्च अन्तराष्ट्रिय नारि दिवस तयारी सम्बन्धी | महिला विकास कार्यालय |
| २६ | कैलाली | २०७२।११।२९ | अन्तरिक्रया कार्यक्रम | मानव अधिकारका लागि महिला, एकल महिला समुह |
| २७ | कैलाली | २०७२/१२/२३ | सु.प.को शान्ति सुरक्षा सम्बन्धी छलफल | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| २८ | कैलाली | २०७२।१२।२६ | अर्न्तरक्रिया | नेपाल राष्ट्रिय दलित समाज |
| २९ | कैलाली | २०७२।१२।२६ | लैगिंक शसीक्तकरण र समाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया | ईन्हुरेड ईन्टरनेशनल |
| ३० | कैलाली | २०७२/१२/०८ | नागरिक संवाद संवधान सम्बन्धी | नागरिक संवाद केन्द्र |
| ३१ | कैलाली | २०७२/१२/०८ | ५१ औ जातिय भेदभाव विरुद्धको दिवस | दलित महिला संघ |
| ३२ | कैलाली | २०७३।१।१७ | बलात्कार र मानव बेचविखन विरुद्ध भएका अदालतको फैसला कार्यान्वयन र पीडितले पाउनु पर्ने क्षतिपूर्तीको अवस्था विषयक संवाद कार्यक्रम | दलित महिला अधिकार मंच |
| ३३ | कैलाली | २०७३।१।२३ | अन्तरिक्रया कार्यक्रम | क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कैलाली |
| ३४. | कैलाली | २०७३।१।३० | पुस्तौनी रोग सिकलसेलको अवस्था र हाम्रो भूमिका | ईन्सेक, कैलाली |
| ३५ | कैलाली | २०७३।१।३० | अन्तरिक्रया कार्यक्रम | जिल्ला प्रशासन कार्यालय, कैलाली |
| ३६. | कैलाली | | अन्तरिक्रया कार्यक्रम | फाया नेपाल |
| ३७. | कैलाली | २०७३।१।३१ | पश्चिम टुडे एफएमको सातौ बार्षिकोत्सव समारोह | पश्चिम टुडे एफएम, कैलाली |
| ३८. | कैलाली | २०७३।१।३१ | कैलाली जिल्ला बारको २६ औं साधारण सभा । | कैलाली जिल्ला बार |
| ३९ | डडेल्धुरा | २०७३/२/०७ | मानव अधिकारको अवधाराण विकास, राष्ट्रिय मानव अधिकार आयोग र गैसससंगको सहकाय | ओरेक नेपाल |
| ४० | कैलाली | | मानव अधिकारको संरक्षणमा प्रहरीको दायित्व | सशस्त्र प्रहरी वल बैद्यनाथ वाहिनी |
| ४१ | कैलाली | २०७३/२/०९ | मानव अधिकार र यौनिक अल्पसंख्यकको अवस्था | निलहिरा समाज |
| ४२ | कैलाली | २०७३।३।२ | अन्तरक्रिया कार्यक्रम | राष्ट्रिय दलित नेटवर्क |

| | | | | |
|---|---|---|---|---|
| ४३ | कैलाली | २०७३।३।२३ | भ्रष्टाचार निवारणमा अख्तियारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ४४ | कैलाली | २०७३।३।२६ | सरकारी वकिल कार्यालय र सरोकारवालावीच अन्तरसम्बन्धी अन्तरक्रिया कार्यक्रम | जिल्ला सरकारी वकिल कार्यालय |
| ४५ | कैलाली | २०७३।२।२७ | अन्तरिक्रया कार्यक्रम | ईन्सेक, एडजस, दलित महिला अधिकार मंच कैलाली |
| ४६ | कैलाली | २०७३।३।३० | मानव बेचविखनको अवस्था र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम | ओरेक नेपाल |

# भाग-४

## (उपसंहार)

### ४. निष्कर्षमा मानव अधिकारको अवस्था

- ✓ यस बर्ष खास गरि राज्य पुर्नसंरचना अर्न्तगत संघियतामा सिमांकनका बिषयलाई लिएर बिषेशत कैलाली कञ्चनपुर क्षेत्रमा भएका आन्दोलन, बन्दका कारण टिकापुर क्षेत्रमा भएको हिंसात्मक घटनामा नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरिक्षक सहित ९ जनाको मृत्यु भएको र खास गरि थारु समुदायको सम्पत्ती लुटपाट ,आगजनी तोडफेडका घटना भएको, स्थानिय प्रशासनले शान्ति सुरक्षाको दृष्टिकोणबाट भन्दै एक महिनासम्म लगाएको कर्फयु र निषेधाज्ञाको आदेशले नागरिकहरुको आवत-जावत, पेशा व्यवसाय समेतका अधिकार कुण्ठित हुन पुगेको छ ।
- ✓ भदौको पहिलो साता देखि झण्डै ३ महिना भन्दा बढी समयसम्म सिमा क्षेत्रमा भएको आन्दोलन र आपूर्ति प्रणालीमा गम्भिर समस्या आउदा देश भरि जस्तो सुप क्षेत्र पनि प्रभावित रहेको, पेट्रोलिय पदार्थ देखि आवश्यक खाद्यान लगायतको अभाव, कालोबजारी लगायतका समस्याले सम्पूर्ण जनाताहरुले ठुलो दुःख र सास्ती बेहर्नु परेको पाईयो ।
- ✓ आदिवासी थारु समुदायमा सदियौं देखि चलि आएको वडघर भलमन्सा प्रथा / प्रणाली संकटमा पर्न थालेको छ । टिकापुर घटना पश्चात केवल परम्परा धान्नका लागि मात्र वडघर/भलमन्सा रहन् पुगेको आभास पाइएको छ । वडघर भलमन्सा वन्न कोही तयार नहुने वनि हालेको खण्डमा पनि असुरक्षा र अन्यौल भावना निजहरुमा देखिएको छ ।
- ✓ सिकलसेलका कारण थारु समुदाय नै विनाश हुने खतरा । सिकलसेल निदान र रोकथाममा अहिलेसम्म राज्यको भूमिका प्रभावकारी नदेखिएको
- ✓ कमैया प्रथालाई २०५७ साल र हलिया प्रथालाई २०६५ सालमा सरकारले उन्मुलन गरेको भएपनि कमैयाको धेरै हदसम्म पुर्नस्थापनाको कार्य भएपनि हलियाको पुर्नस्थापनाका कार्य एकदमै सुस्त गतिले अगाडी बढेको देखिन्छ । कमलरी छात्रवृत्ती समेत प्रभावकारी हुन नसकेको गुनासो रहेको देखिन्छ । विभिन्न परिस्थितीका कारण भूमिहिन भएकाहरुका समस्याको पनि सम्बोधन हुन सकेको छैन ।
- ✓ असोज १६, दशैंको लागि माटो लिन गएका दोदोधरा गाविस ७ स्थित कट्टीपुरका ६ बालबालिकाहरु माटोमा पुरिएर मृत्यु भएका छन् । अढाई बर्ष अगाडी आफ्नै आफन्तहरुबाट

बोक्सीको आरोपमा मरणासन्न हुनेगरी यातना पाएकी अत्तरिया नपा स्थित बेलादेवीपुरकी राजकुमारी रानाको निधन भएको छ ।

- ✓ यस बर्षको एस.एल.सी.मा कैलाली जिल्लामा ४ सय विद्यार्थीहरु परिक्षा दिनबाट बञ्चित भएका छन् । ७५% विद्यालयमा हाजिर नभएका र विद्यालयमा अनुपस्थित भएका विद्यार्थीहरु परिक्षा दिनबाट बञ्चित हुन पुगको देखिन्छ ।
- ✓ देश भरिनै आत्महत्याका घटना बढी रहेको अवसथामा कैलाली जिल्लामा १६२ भन्दा बढी घटना भएको तथ्याङ्क प्राप्त हुँदा गम्भिर चिन्ता र चासोको बिषय देखिएको छ भने कञ्चनपुर जिल्लामा शान्ति सुरक्षाको अवस्था कमजोर देखिएको अवस्था रहेको पछिल्लो ५ महिनामा ७ वटा हत्याको घटनाले नागरिकहरुमा त्रासको वातावरण रहेको छ ।
- ✓ यस क्षेत्रमा सेती अञ्चल अस्पतालमा मात्र यस बर्ष आईसियु सेवा शुरु गरिएको भएपनि पूर्णरुपमा सञ्चालित हुन नसकेको देखिन्छ । एच आइ भि संक्रमितहरुलाई निशुल्क वितरण गरिने औषधीको समयसमयमा अभाव तथा अपुग हुने गरेको देखियो
- ✓ आयोगको अनुगमनबाट निशुल्क पाईने भनिएका औषधीहरुको अस्पतालमा अभाव हुने गरेको
- ✓ उपभोक्ता अधिकारकर्मी र बजार अनुगमन गर्ने निकायका अधिकारीहरुले नियमित अनुगमन हुन नसक्दा बजारमा खाद्य स्वच्छताको अवस्था दयनिय रहेको ।धनगढीका विभिन्न पसलहरुबाट गुणस्तरहिन मासु बरामद गरऐको छ । निरिक्षणका क्रममा धनगढीका विभिन्न पसलहरुबाट बोईलर , माछा , खसि गरी ४ क्वीन्टल गुणस्तरहिन मासु बरामद गरीएको ।
- ✓ युवायुवतीहरु भारत तेस्रो मुलुक पलायन हुने अवस्था बढदै गई रहेको, उनीहरुको अवस्था जोखिममा परेको, भारतिय सिमा क्षेत्रमा लुटिने गरेको र कतिपय महिलाहरु दलालको झुक्यानमा परि विदेशमा वेचिने गरेको घटना रहेका छन ।
- ✓ सुदूरपश्चिम क्षेत्रमा घरेलु हिंसाका घटना बेला बेलामा घटी नै रहेका छन भने पहाडी जिल्लाहरु बैतडी, दार्चुला, बझाङ्ग, डोटी, बाजुरा अछाम जस्ता जिल्लाहरुमा जातीय छुवाछुत तथा छाउपडी सम्बन्धि घटनाहरु समय समय घटि रहेको पाईयो । यसैगरि महाकाली अञ्चल अस्पताल, अछाम, डोटी, कैलाली, तथा डडेल्धुरामा, दरबन्दी अनुसारका स्वास्थ्यकर्मीको अभाव, निशुल्क वितरण गर्ने औषधीको अभावका साथै एच आई भि एडस्को संक्रमण तथा प्रभावको अवस्था उच्च रहेपनि सरकारबाट त्यसको रोकथाम र उपचार, स्याहारको प्रभावकारी व्यवस्था गरिएको पाईएको छैन ।
- ✓ सुदूरपश्चिम बिकास क्षेत्र मुलुकका अन्य बिकास क्षेत्रको तुलनामा मानव विकास सुचाङ्कका दृष्टिले पछाडी रहेको छ । अन्य क्षेत्रको तुलनामा भौतिक पूर्वाधारको विकास हुन नसकिएको, रोजगारीको अभाव , चेतनाको कमी जस्ता समस्या र परम्पारगत समाजिक संरचानाका कारण जातीय विभेदका तथा मानवीय मर्यादा र मानवअधिकारको अहम सवालहरु यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन ।

- ✓ बाजुरा, अछाम, बझाङ्ग र दार्चुला लगायतका पहाडी जिल्लाहरमा बर्षेनी खाद्यान्नको संकट आइरहेको देखिन्छ । तर नागरिकको खाद्यअधिकारलाई मध्यनजर गर्दै भोकमारी समस्याको निदानका उपायहरुको समाधान खोजीएको पाईदैन । यस क्षेत्रका प्राय सबै जिल्लाहरु तथा ग्रामिण बस्तिहरुमा (झाडा पखाला, हैजा) स्वास्थ्य तथा उपचारको समस्याले रहेको देखिन्छ ।
- ✓ दण्डहिनताले राज्यले बिषेश सुरक्षा नीति ल्याएपनि मानव अधिकारकर्मी, शिक्षक, प्राध्यापक, पत्रकारहरुको सुरक्षा हुन सकिरहेको छैन भने मानव बेचबिखन, हत्या, हिंसा, बलात्कार, लुटपाट तथा कुटपिट लगायत चोरी डकैती जस्ता घटनामा कमि आउन सकिरहेको छैन । आम नागरिकले शान्तिको महसुश गर्न सकेको अवस्था छैन ।
- ✓ सदिऔं देखि चलीआएको पुरातन, सोच  पुरुष प्रधान समाजका कारण अझै पनि सूदूरपश्चिमका  आमा दिदीबहिनी हरु महिनावारी भएका बेला घरबाट टाढा गई छाउ गोठमा बस्नु पर्ने अवस्थाका कारण सूरक्षित रहन नसक्ने अवस्था विद्यामान रहेको छ ।

**४.१ केहि सकारात्मक पक्ष**

- नेपाल सरकारले चौथो राष्ट्रिय मानवअधिकार कार्ययोजना कार्यान्वयन गरिरहेको अवस्थामा आयोगको अनुगमन पश्चात कार्यायोजना अनरुपको समिति गठन भई कार्यान्वयनमा  रहेको,
- विश्वव्यापी आवधिक समिक्षाबाट प्राप्त सुझाव तथा राज्यले मानवअधिकार प्रति अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिवद्धता जाहेर गर्दै त्यसलाई घरेलुकरण गर्दे गएको हुँदा हाल नेपालमा प्रायः सवै बिषयसंग सम्बन्धित मानवअधिकार सम्बन्धी कानून जारि भएका र केही नीति कार्यक्रम र बजेट समेत विनीयोजित भई कार्यसञ्चालनमा रहेको देखिन्छ ।
- मूलत एफएम रेडियो मार्फत सुशासनको लागि ग्रामिण तहसम्म सुचना प्रवाहमा केहि बृद्धि ( सुचनाको हक) भएको,
- राज्यका संयन्त्र विगतको तुलनामा मानवअधिकार प्रति बढी प्रतिवद्ध रहेका,
- विभिन्न संघसस्था नागरिक समाज तथा राज्यकै तर्फबाट संञ्चालन भएका विविध मानव अधिकार तथा नागरिकमा सचेतनाको (नागरिक तथा राजनैतिक अधिकार प्रति सचेत) स्तरमा केहि बृद्धि भएको,

**४.२.चुनौतिहरु** :

- सुदुर पश्चिम क्षेत्रको सिमांकनका बिषयमा रहेका मत भिन्नताका कारण त्यसले आउने असर र प्रभावले जातिय ,समाजिक सदभावको ठुलो चुनैती रहेको छ ।
- अविकास र गरिवीका कारण हनन हुन मानव अधिकारको संरक्षण गर्नु ठुलो चुनैति रहेको छ
- जातीय स्तरमा निर्माण भएको परम्परागत समाजिक संरचना प्रथा परम्पराका कारण सुदूरपश्चिम क्षेत्रमा मुख्यता जातीय, समाजिक र पारिवारिक विभेदलाई न्युनीकरण गरिनु चुनौतीका रुपमा रहको छ । महिलाहरुलाई अझै पनि दोश्रो दर्जाको नागरिकको हैसियतमा राखि गरिने व्यवहारमा परिवर्तन गरिनु पर्नै चुनौतीको रुपमा छ ।

- मुक्त कमैया हलिया, भूमिहिनहरुको न्यायोचित पूर्नस्थापनाको चुनौतिको रुपमा रहेको देखिन्छ
- गास, बास, कपास, शिक्षा स्वास्थ्य जस्ता आवश्यक आधारभूत आवश्यकताको परिपूर्ति गर्न सरकारवाट प्राथमिकतामा राखे पनि समन्वय तथा कार्यान्वयनका तहमा कमी रहनु समेत चुनौतीको रुपमा रहेको छ ।
- आयोगको निर्णय कार्यान्वयनको अर्को चुनौती सरकार तथा जिम्मेवार राजनैतिक दलहरुमा जवाफदेहिता नहुन तथा उदासिनता रहनु हो । सुरक्षानिकायले प्रभावकारी सुरक्षानीति कार्यान्वयन गर्न नसक्नु  चुनौतीको रुपमा रहेको देखिन्छ ।
- यसैगरि विभिन्न बाहनामा पटक-पटक भैरहने बन्द, हडताल तथा चक्काजामको संस्कृति बढ्दै गएको र आमनागरिकको संविधान प्रदत मौलिकहक अधिकारको व्यापक हन्न हुँदा देशको सबै क्षेत्रमा यसको प्रभाव पर्नाले अत्यावश्यकीय वस्तु र सेवाको अभाव भई यसको नियन्त्रण हुन नसक्दा र राज्य विहीनताको झै अवस्था एक चुनौतिपूर्ण रहेको छ ।

### ४.३ केहि सुझावहरु

- ✓ बृहत राजनीतिक सहमति र राष्ट्रिय हितलाई मध्यनजर गरि राज्य पुर्नसंरचना अन्तर्गत सबैको भावनाको न्यूनतम रुपमा कदर हुने गरे सिमांकनको बिषयलाई अगाडी बढाउनु पर्ने ।
- ✓ मानव अधिकार राष्ट्रिय   कार्यायोजनालाई  प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्ने ।
- ✓ विकास र मानव अधिकार परिपुरक रहदा रोजागारीको बृद्धि, भौतिक पूर्वाधारको निर्माण लगायतका कार्यक्रम उच्च प्राथमिकताका साथ अघि बढाउनु पर्ने ।
- ✓ उपभोक्ताहरुको अधिकारको संरक्षणको लागि निरनतर बजार अनुगमन , कालोबजारी, ठगी, गुणस्तरहिन बस्तु र सेवा विक्रि वितरण गर्ने उपर आवश्यक कानूनी कार्वाही अगाडी बढाउनु पर्ने
- ✓ जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, जेष्ठनागरिक, अल्पसंख्यकहरुको अधिकारको प्रत्याभूति अनुभूति हुने गरि व्यवहारिक रुपमा गरिनु पर्ने
- ✓ समाजिक तथा जातीय अन्तरविरोधलाई न्यूनीकरण गर्न मुलत मन्दिरका पुजारी, गाउका अगुवा ,समाजका प्रतिष्ठीत व्यक्तिलाई राज्य तथा विभिन्न संघसस्थाहरुले बेलाबखत सामाजिक तथा जातीय अन्तरमिलनका लागि सहभोज, सम्मान, छलफल, सहकार्यका क्रियाकलाप सञ्चालन गरिनु पर्दछ ।
- ✓ सुदुरपश्चिममा रहेको को खाद्यान्न लगायत अन्य अत्यवश्यक वस्तुको आपुर्तिमा बेला बेला समस्या भई नागरिकहरुको दैनीक जीवन  सञ्चालनमा आउने समस्याको समाधानको लागि निश्चित निति कार्यक्रम बनाई प्रभावकारी रुपमा सरकारले कार्यान्वयन गर्नु पर्ने  ।
- ✓ हलिया, मुक्त कमैया, सुकुम्बासी,भुमिहिनहरुको समस्याको समाधानका लागि सरोकारवालाहरु बिच तथ्याकंगत एकमतता बनाई समन्वयनकारी रुपमा मर्यादित रुपमा पुनस्थापनाका कार्यक्रम सञ्चालन गरिनु पर्ने ।

- ✓ .देशमा बढ्दै गईरहेको दण्डहिनताको अन्त्य तथा विभिन्न सम्झौता, निर्णय, आयोगका सिफारिसहरु र ऐन कानूनको प्रभावकारी कार्यान्वयनको लागी सम्बन्धित पक्ष जिम्मेवार भई लाग्नुपर्ने । उक्त नीति निर्णय कानून बमोजिम कार्यान्वयन नगर्ने निकाय वा पदाधिकारी/व्यक्तिलाई कारवाही प्रकृया थालनी गर्ने ।
- ✓ प्रायः राजनैतिक संगठन र विभिन्न समूहका नाममा निरन्तर चलिरहने बन्दहड्ताल, चक्काजामबाट जनजीवनलाई पर्न जाने असरलाई न्युनिकरण गर्नका लागी विना सुचना बन्दहडताल गर्ने निकाय वा समुहलाई कानुनी दायरामा ल्याइनु पर्ने तथा शान्तिपूर्णरुपमा बार्ता र सहमितबाट राजनैतिक र अन्य समस्याहरुको समाधान गर्ने तर्फ सम्बन्धित राजनैतिक दल तथा अन्य समूहहरु प्रतिबद्ध हुनु पर्ने ।
- ✓ राज्यका सुरक्षा तथा प्रशासनिक संयन्त्रहरु (निकाय) हरुमा भैरहने राजनैतिक दवाब अन्त गर्न कानूनबमोजिम निश्पक्ष ढंगबाट कार्य गर्नुपर्ने । आफ्नो कर्तव्य निर्वाहमा राम्रो कार्यगर्ने राष्ट्रसेवक वा व्यक्तिलाई पुरस्कार र कर्तव्य विमुखहुने राष्ट्रसेवक वा व्यक्तिलाई कानून बमोजिम दण्डितगर्ने व्यवस्था गर्नुपर्ने ।
- ✓ नागरिकको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारसंग जोडिएका स्वास्थ्य, शिक्षा, रोजगारि, खाद्य, बसोबास आदि समस्याहरुको निदान र त्यसबाट पर्नजाने समस्याहरुको पुर्व सर्तकताहरु राज्य र जिम्मेवार पक्षले समयमै निर्वाह गर्नुपर्ने ।
- ✓ नागरिक समाज तथा सरोकावालाहरु सबैले साझा सवालहरुमा एकमत भई परिवर्तनको कानूनका लागि आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्ने ।

## ४.४ सुदूरपश्चिम क्षेत्रका मानवअधिकार हननका घटनामा आयोगबाट भएको सिफारिश

**१. पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्लाको मुडभरा-१ स्थित शारदा उ.मा.वि. का ४ जना मृतक विद्यार्थीहरु यदुनाथ जोशी, मीना विक, सुशीला कुमारी जोशी, हरिणा कुमारी भण्डारी तथा ५ जना घाइते विद्यार्थीहरु विष्णु प्रसाद शर्मा, टेक वहादुर विक, धर्म कुमारी भुत्याल, राम बहादुर बोहोरा, डम्बरी विक ।

उल्लंघनकर्ता : सुरक्षाकर्मी तथा माओवादी

उजुरीको संक्षिप्त विवरण : डोटी जिल्लाको मुडभरा गा.वि.स. १ स्थित शारदा उच्च मा.वि.मा मिति २०६०।६।२६ गते सुरक्षाकर्मी र ने.क.पा. (माओवादी) का बीच भिडन्त भएको भनिएको घटनाको सम्वन्धमा उक्त विद्यालयमा केही विद्यार्थी तथा केही माओवादीहरु समेतको मृत्यु भएको भन्ने सम्वन्धमा आयोगको ध्यानाकर्षण भई आयोगको सक्रियतामा उजुरी ग्रहण गरिएको ।

आयोगको निर्णय : उक्त घटनाका वास्तविक दोषी पत्ता लगाई कानून बमोजिम दोषीउपर कारवाही हुन र घाइते तथा मृत्यु भएका बालबालिकाहरुको परिवारलाई उचित क्षतिपूर्ति समेत अविलम्ब उपलब्ध गराउन श्री ५ को सरकार समक्ष लेखि पठाउने साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन, सुरक्षाफौजको कुनैपनि कारवाही विद्यमान कानून बमोजिम हुनुपर्ने र कानून बमोजिम बाहेक कसैको

पनि संविधानद्वारा प्रत्याभुत गरिएको मौलिक हक हनन् गर्न नहुने विषयमा सतर्कता अपनाउन सम्बन्धित निकायहरुलाई स्पष्ट निर्देशन दिन समेत श्री ५ को सरकारलाई लेखि पठाउने मिति २०६०।८।२ को निर्णय ।

**२. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला धनगढी १२ जुगेडीवी वस्ने मुनादेवी दमाइ

उल्लंघनकर्ता: स्थानिय व्यक्तिहरु

जुरीको संक्षिप्त विवरण : जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १२ जुगेडीवी गाउँ वस्ने ४० वर्षिया मुनादेवी दमाईलाई उनकै छिमेकी वीर बहादुर थापा र पार्वती थापाले मिति २०५९।१२।२५ गते अर्काको खेतको गहुँ काट्न गईरहेको अवस्थामा एउटा काम छ भनी बोलाई वीरवहादुरले बोक्सीको आरोपमा मुक्का प्रहार गरी कपालमा समातेर भुईमा पछारेपछि उनकी श्रीमती पार्वती थापाले नुनचुक खुर्सानी मिसाएर पातमा ल्याएको दिशा मुखमा हाल्नुका साथै शरीरभरि दलिदिई अमानवीय व्यवहार गरेको हुँदा आवश्यक कारवाही गरीपाउँ भनी नेपाल राष्ट्रिय दलित कल्याण संघका तर्फबाट आयोगमा निवेदन दर्ता ।

आयोगको निर्णय : निजलाई रू. ३०,०००।- क्षतिपूर्ति स्वरुप उपलब्ध गराईदिने सम्वन्धमा मन्त्रि परिषद् सविचालय मार्फत श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६०।१।२३ को निर्णय ।

**३. पीडितको नाम, थर र ठेगाना:** अछामका नौरता चलाउने, नेत्र कडायत, भिमवहादुर परियार, रनसिंह विश्वकर्मा, नरवहादुर नेपाली र प्रभुनाथ रिमाल

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : अछाम जिल्ला विनायक गा. वि.स. ५ स्थित विद्या मन्दिर उ.मा.वि.मा मिति २०६०।१२।३० गते अछाम जिल्ला जन परिष्दको आयोजनामा साँस्कृतिक प्रर्दशनी हेर्न भेला भएका जनताहरु माथि शाही नेपाली सेनाको हेलिकप्टर बाट अन्धाधुन्ध गोली प्रहार गरी सर्वसधारणको मृत्यु तथा घाइते भएको भन्ने घटनाको आयोगले आफ्नै स्वविवेकमा कारवाही अगाडि वढाइएको ।

आयोगको निर्णय : दोषी सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम कारवाही तथा पीडित परिवारहरुलाई जनही रु. १,५०,०००।- क्षतिपूर्ति उपलव्ध गराइदिन श्री ५ को सरकारलाई लेखी पठाउने मिति २०६२।२।३ को निर्णय ।

**४ पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्ला मान्नाकापडी -१, का चक्रराज जोशी

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : डोटी जिल्ला मान्ना कापडी गा.वि.स वडा नं. १ बराल गाउँ घर भई कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ८ अनामनगरमा आफ्नै भाई मिन कुमार जोशीको घरमा वस्दै आएका वर्ष ३७ का चक्रराज जोशीलाई मिति २०६१।८।२७ गते विहान करीव ८:३० वजे सादा पोशाकका सुरक्षाकर्मीहरुले पक्राउ गरी ४।५ सय मिटर टाढा देवरियाको जंगलमा लगि हत्या गरेकाले पीडित लाई आवश्यक क्षतिपूर्ति र दोषीलाई कानून बमोजिम कारवाही गरीपाउँ भनि इन्सेक क्षे.का. धनगढीका संयोजक खड्गराज जोशीले मिति २०६१।०८।२९ गते टेलिफोन मार्फत आयोगमा दिएको उजुरी निवेदन ।

आयोगको निर्णय : त्यस्तो कसुरको कसबाट भएको हो पत्ता लगाई दोषीलाई कानून बमोजिम कारवाही गर्न तथा मृतकको परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन समेत श्री ५ को सरकारलाई सिफारिस गर्ने मिति २०६२।७।३ को निर्णय ।

**५. पीडितको नाम, थर र ठेगाना :** जनज्योती क्याम्पस, कञ्चनपुरका महेशप्रसाद पन्त, किरण सिंह क्षेत्री, नरवहादुर धामी

उल्लंघनकर्ता: प्रहरी

उजुरीको संक्षिप्त विवरण : जनज्योती क्याम्पस कञ्चनपुरमा अनेरास्ववियुको केन्द्रिय कार्यक्रममा प्रहरी हस्तक्षेप हुँदा महेशप्रसाद पन्त, किरण सिंह क्षेत्री र नरवहादुर धामी घाइते भएको घटना सम्बन्धमा आयोगबाट अनुसन्धान/अनुगमन ।

आयोगको निर्णय : उक्त घटनामा घाइते भएका विरामीहरुको औषधोपचार लगायतमा लागेको सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यवस्था गर्न, घाइतेहरुलाई मानसिक सन्त्रास समेत देखाई गोली प्रहार गरिएको प्रत्येक घाइतेलाई रु. ५०,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन, घटनाको सम्बन्धमा दोषीलाई कारवाही गर्न, क्याम्पस, विद्यालय लगायतका सम्पूर्ण शैक्षिक संस्थामा सुरक्षाकर्मीको हस्तक्षेप वन्द गरी शिक्षा क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा राख्ने वातावरण मिलाउन तथा कथंकदाचित सुरक्षाकर्मी शिक्षण संस्थामा प्रवेश गर्नैपर्ने अवस्था आएमा पनि सम्बन्धित शैक्षिक संस्थाको प्रशासनको अनुमति विना प्रवेश गर्न नपाउने व्यवस्था गर्न सिफारिस गर्ने निर्णय ।

**६. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला धनगढी - १० का होरिलाल राना

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १० घुईयाघाटमा दिसा वस्न गएका होरिलाल रानालाई मिति २०६२।१०।२६ गते सुरक्षा कर्मीहरुले गोली हानि हत्या गरेकाले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति दिलाई पाउँ भनि आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानूनी कारवाही गर्न तथा मृतकहरुको पीडित परिवारलाई जनही रु. २,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने २०६३।२।२३ को निर्णय ।

**७. पीडितको नाम, थर र ठेगाना**

उजुरीको संक्षिप्त विवरण गाना : दार्चुला जिल्ला सिप्टि- २ वस्ने कुमार सिंह धामी

उल्लंघनकर्ता:- सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : दार्चुला जिल्ला सिप्टि गा.वि.स. वडा नं. २ वस्ने शिवालिङ्ग प्रा.वि.का प्रधानाध्यापक कुमार सिंह धामीलाई मिति २०५९।३।२२ गते सुरक्षा कर्मीले तरकारी बारीमा काम गरिरहेको वेला पक्राउ गरी मिति २०५९।३।२३ गते गोली हानि मारेकाले आवश्यक छानविन गरी पीडकलाई कारवाही गरी पीडितका परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनि आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानूनी कारवाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने २०६३।२।२३ को निर्णय ।

**८. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला धनगढी - १ कि पुजा चैसिर

उल्लंघनकर्ता : अज्ञात

उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १ वस्ने वर्ष ८ की बालिका पुजा चैसिरको मिति २०६२।२।७ गते राती १२:०० वजे घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले चलाएको गोली लागि मृत्यु भएकोले आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गरी मृतकको परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनि मिति २०६२।२।१७ मा आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : पीडित परिवारलाई रु. १,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराईसकेकोले केही गर्नु परेन, दोषीलाई आवश्यक अनुसन्धान गरी कारवाही गर्न नेपाल सरकारलाई लेखि पठाउने २०६३।२।३० को निर्णय ।

**९. पीडितको नाम, थर र ठेगाना :** अछाम जिल्ला जनज्योती प्रा.वि. जयगढका प्रधानाध्यापक मोहनसिंह भुल

उल्लंघनकर्ताः सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : अछाम जिल्ला जनज्योती प्रा.वि. जयगढका प्रधानाध्यापक मोहनसिंह भुललाई मिति २०५९।५।२९ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले पक्राउ गरी कैलास खोलामा निर्ममतापूर्वक मारेकाले परिवारलाई आवश्यक क्षतिपूर्ति दिलाई दिन आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : दोषीलाई कारवाही गरी पीडित परिवारलाई रु. २,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने २०६३।३।६ को निर्णय ।

**१०. पीडितको नाम, थर र ठेगाना :** कञ्चनपुर जिल्ला कारागार शाखाका बन्दी हरिसिंह माल

उल्लंघनकर्ता : सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : कञ्चनपुर जिल्ला कारागार शाखामा मिति २०६१।८।२३ गते वन्दीहरु विचको सामान्य विवादका कारण उत्पन्न भएको हल्लाको आधारमा सुरक्षाका लागि खटिएका प्र.ज. सुरेश थापाले अन्धाधुन्ध गोली चलाउँदा वन्दी हरि सिंह मालको मृत्यु भएको हुँदा दोषी माथि कडा कारवाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई दिन आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : निज प्र.ज. सुरेश थापालाई कारवाही गर्न तथा पीडित परिवारलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने २०६३।२।३० को निर्णय ।

**११. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला शिवपुर - ४ कि आशी चौधरी

उल्लंघनकर्ताः विष्णु चौधरी

उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला शिवपुर गा.वि.स. वडा नं. ४ निवासी ४५ वर्षिय आशी चौधरीलाई मिति ०६२।१।३ गते निजको जेठाजु नाता पर्ने ४६ वर्षिय विष्णु चौधरीले बोक्सीको आरोपमा कुटपिट गरी गाउँलेहरुका अगाडी मानिसको दिसा पिसाव खुवाई मानसिक तथा शारीरिक

यातना दिएकाले उक्त घटनाको आवश्यक छानविन गरी क्षतिपूर्ति दिलाई पाउँ भनि आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय :

पीडितलाई रु. २५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने २०६३।३।६ को निर्णय ।

**१२. पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्ला वर्छेन - ८ वस्ने निर्मला चन्द

उल्लंघनकर्ताः सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : मिति २०६१।६।१९ गते जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ८ वस्ने निर्मला चन्दलाई गिरफ्तार गर्न सकिने अवस्था छँदाछँदै गोली हानि सुरक्षाकर्मीले मारेको र ११/१२ वर्षे नावालकलाई समेत गोली लागेको भनी आयोगको क्षेत्रिय कार्यालय धनगढीमा दर्ता उजुरी निवेदन।

आयोगको निर्णय : दोषी सुरक्षाकर्मीलाई आवश्यक पहिचान गरी कानून बमोजिम कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति वापत रु. ३,००,०००।- उपलब्ध गराउन र नावालक घाइतेको आवश्यक उपचार खर्चको साथै निजलाई निःशुल्क पठन पाठनको व्यवस्था मिलाई दिन नेपाल सरकारलाई सिफारिश गरी पठाउने ठहर्छ भन्ने मिति २०६५।२।२७ को निर्णय ।

**१३. पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्ला वर्छेन - ९ वस्ने खड्ग बहादुर बोहरा

उल्लंघनकर्ता : सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ९ वस्ने खड्ग वहादुर बोहरालाई मिति ०५९।६।१० गते आफ्नो भाई नरवहादुर बोहोरालाई सुरक्षाकर्मीले कुटपिट गर्न थालेको जानकारी पाई वचाउन खोज्दा सुरक्षाकर्मीले गोली हानि निज खड्ग वहादुर बोहराको मृत्यु भएको सम्बन्धमा आयोगको क्षेत्रिय कार्यालय धनगढीमा दर्ता उजुरी निवेदन ।

आयोगको निर्णय : दोषीको पहिचान गरी कानूनी कारवाही गर्न र पीडित परिवारको भरणपोषणको लागि आयोग को क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. २,५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने ठहर्छ । साथै मृतकको वालवालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई सिफारिस गरी पठाउने भन्ने मिति २०६५।२।२७ को निर्णय ।

**१४. पीडितको नाम, थर र ठेगाना :** अछाम जिल्ला कालिका - २ वस्ने हिरण्य वहादुर रावल

उल्लंघनकर्ताः सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : जिल्ला अछाम कालिका गा.वि.स. वडा नं. २ वस्ने हिरण्य वहादुर रावललाई २०५९।५।२९ गते सुरक्षाकर्मीबाट कैलाश खोला जलविद्युत नजिक कब्जामा रहेको बेला गोली हानि मारेको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषीको पहिचान गरी मानव अधिकार उल्लंघन गरेकोमा फौजदारी अपराधमा कारवाही गर्न र पीडितको परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६५।३।८ को निर्णय ।

**१५. पीडितको नाम, थर र ठेगाना :** बैतडी जिल्ला वासुलिंग - ७ का नारद पाण्डे
उल्लंघनकर्ता : सुरक्षाकर्मी
उजुरीको संक्षिप्त विवरण : धनगढी जिल्ला बैतडी वासुलिंग गा.वि.स. वडा नं. ७ वस्ने पूर्व प्रहरी नारद पाण्डेलाई मिति २०५९।२।२३ मा सुरक्षाकर्मीले डिलासैनी गा.वि.स. मा लगि गोली हानि मारेको भन्ने उजुरी परेको ।
आयोगको निर्णय : दोषी सुरक्षाकर्मीको पहिचान गरी कारवाही गर्न तथा पीडित आश्रित परिवारको भरणपोषणको लागि आयोगको (उजुरी, कारवाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका नाबालक छोराछोरीको निःशुल्क शिक्षाको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६५।३।११ को निर्णय ।
**१६. पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्ला वर्छेन - ८ का दल वहादुर चन्द, लोकेन्द्र वहादुर चन्द, रण वहादुर चन्द, टेक वहादुर चन्द, डवल वहादुर सार्की (मृतकहरु) र घाइते चक्र वहादुर मटेली
उल्लंघनकर्ताः सुरक्षाकर्मी
उजुरीको संक्षिप्त विवरण : जिल्ला डोटी वर्छेन गा.वि.स. वडा नं. ८ वस्ने दल वहादुर चन्द, लोकेन्द्र वहादुर चन्द, रण वहादुर चन्द, टेक वहादुर चन्द र डवल वहादुर सार्कीको मृत्यु भएको र चक्र वहादुर मटेलीलाई गोली लागि गम्भीर रुपमा घाइते भएको घटना सम्बन्धी आयोगको अनुसन्धान टोलीको प्रतिवेदन आयोग समक्ष पेश भएको ।
आयोगको निर्णय : उक्त कार्यमा संलग्न रहेका सुरक्षाकर्मीको पहिचान गरी फौजदारी अभियोगमा कारवाही गर्न र क्षतिपूर्ति बापत मृतकका आश्रित परिवारलाई आयोगको (उजुरी, कारवाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- का दरले क्षतिपूर्ति दिन र घाइते चक्र वहादुर मटेलीलाई ऐ. नियम १८ बमोजिम रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । साथै मृतकका बाल बच्चालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन भन्ने मिति २०६५।३।११ को निर्णय ।
**१७. पीडितको नाम, थर र ठेगानाः** डडेलधुरा जिल्ला आलिताल-४ का विर्ख वहादुर धामी (मृतक) र लक्ष्मीदत्त पन्त
उजुरीको संक्षिप्त विवरण : डडेलधुरा जिल्ला आलिताल गा.वि.स. वडा नं. ४ बडेल गाउँबाट मिति २०६०।५।१६ गतेका दिन जोगबुढा बेस क्याम्पबाट गएको सुरक्षा कर्मीहरुले विर्ख वहादुर धामी (मृतक) र लक्ष्मी दत्त पन्तलाई आतंककारीको आरोपमा पक्राउ गरी जोगबुढा गा.वि.स. वडा नं. १ कैनपानी भन्ने बजारमा ल्याई हात बाँधी गोली हानि हत्या गरेको उजुरी ।
आयोगको निर्णय : तत्कालिन जोगबुढा वेस क्याम्पबाट गएको सुरक्षाफौजका प्रमुख लगायत खटी जाने सुरक्षाकर्मीलाई आवश्यक कारवाही र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ( उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ को उपनियम (क), (ख), (

ग) को आधारमा रु. ३,००,०००।- क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई लेखि पठाउने मिति २०६५।४।१४ को निर्णय ।

**१८. पीडितको नाम, थर र ठेगाना :** वभ्काङ जिल्ला रायल गा.वि.स. का प्रकाश वहादुर विष्ट, लोकेश वहादुर मल्ल र देवराज जोशी

उजुरीको संक्षिप्त विवरण : रायल गा.वि.स. वभ्काङ जिल्ला श्री गर्जेपानी माध्यामिक विद्यालयमा कक्षा १० मा अध्ययनरत प्रकाश वहादुर विष्ट, लोकेश वहादुर मल्ल र देवराज जोशी समेत ३ जना विद्यार्थीहरुलाई ने.क.पा. माओवादीको INGO Plan International को जफत गरेको सामान विद्यालयलाई बुझाउने कार्यक्रम गरिरहेको समयमा एकाएक सुरक्षाकर्मी आई अन्धाधुन्ध गोली चलाइएको र निज ३ जना विद्यार्थीलाई आफ्नो कब्जामा लिएको डरका कारण नजिकै को घरमा पसिसकेको अवस्थामा सुरक्षाकर्मीले निजहरुलाई घरभित्र गई कान समातेर बाहिर ल्याई आफ्नो कब्जामा लिईसकेपछि लाइन लगाई गोली हानि हत्या गरिएको घटनाको सम्बन्धमा आयोगमा दर्ता उजुरी ।

आयोगको निर्णय : तत्कालिन कालीजंग गुल्म चैनपुरबाट सो गस्तीको कमाण्डिङ्ग गरेर जाने अधिकारी, आदेश दिने अधिकारी र गोली चलाउने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्न र निज मृतकहरुको परिवारलाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- दिलाउन आयोगको उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १७ को उपनियम (क), (च) र (छ) को आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने मिति २०६५।४।१४ को निर्णय ।

**१९. पीडितको नाम, थर र ठेगाना:** बैतडी जिल्ला भटना- ५ का नारद दत्त भट्ट, रमेश भट्ट र अन्दराज भट्ट

उल्लंघनकर्ता : सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : जिल्ला बैतडी भटना गा.वि.स. वडा नं. ५ वस्ने नारद दत्त भट्ट–१, ऐ.ऐ. वस्ने रमेश भट्ट र ऐ.ऐ. वस्ने अन्दराज भट्ट समेत ३ जनालाई २०६१।६।२१ गते सुरक्षाकर्मीले गोली हानि मानव अधिकारको हनन् भएकोले कारवाहीको लागि आयोगमा उजुरी पर्न आएको ।

आयोगको निर्णय : मृतकहरु नारद दत्त भट्ट, रमेश भट्ट र भक्तराज भट्टका आश्रित परिवारलाई जनही रु ३,००,०००।- का दरले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने मिति २०६५।५।२४ को निर्णय ।

**२०. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला रामशीखरभ्काला - ८ वस्ने ठम्मानसिंह बम

उल्लंघनकर्ता : माओवादी

उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला रामशीखरभ्काला गा.वि.स. वडा नं. ८ वस्ने वर्ष ४५ को ठम्मानसिंह बमलाई मिति २०६०।२।२९ गते माओवादीहरुले अपहरण गरी हत्या गरेको भन्ने घटनाको आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडी वढाइएको ।

आयोगको निर्णय : निजको भनि उत्खनन गरिएको शवको डिएनए परिक्षण गराई प्रतिवेदन उपलब्ध गराउन तथा निजको परिवारलाई पछि ठहरे बमोजिम हुनेगरी हाललाई रु. १,००,०००।- अन्तरिम राहत स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफरिस गर्ने भन्ने मिति २०६५।३।२६ को निर्णय।

**२१. पीडितको नाम, थर र ठेगाना:** अछाम जिल्ला रामारोशन - २ का डवल वहादुर साउद

उल्लंघनकर्ता : माओवादी

उजुरीको संक्षिप्त विवरण : जिल्ला अछाम रामारोशन गा.वि.स. वडा नं. २ वस्ने डवल वहादुर साउदलाई मिति २०६१।५।२२ मा ने.क.पा. (माओवादी) का कार्यकर्ताले अपहरण गरी कब्जामा लिई हत्या गरेको भन्ने विषयमा आयोगमा दर्ता निवेदन ।

आयोगको निर्णय : हत्यामा संलग्न व्यक्तिहरुलाई फौजदारी अभियोगमा कानूनी कारवाही चलाउन र जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरित मानविय कानून एवं मानव अधिकारको हनन् भएको देखिंदा मृतकको आश्रित परिवारको भरणपोषणको लागि (आयोगको उजुरी, कारवाही र क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने निर्णय गरियो भन्ने मिति २०६५।३।२६ को निर्णय ।

**२२. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला रामशिखरझाला -८ का मान वहादुर बम

उल्लंघनकर्ताः माओवादी

उजुरीको संक्षिप्त विवरण : उजुरी नं. ४३०।धनगढी, जिल्ला कैलाली रामशिखरझाला गा.वि.स. वडा नं. ८ वस्ने र श्री गोरखनाथ दल गण तेहरी, कैलालीमा कार्यरत मान वहादुर बमलाई २०६०।३।२० गते नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी अवस्था अज्ञात पारेको भनि आयोगमा २०६२।११।२१ गते उजुरी दर्ता हुन आएको ।

आयोगको निर्णय : सशस्त्र द्वन्दको अवस्थामा सुरक्षा निकायमा कार्यरत निःशस्त्र व्यक्तिलाई आफ्नो कब्जामा लिई हत्या भएको देखिंदा नेकपा (माओवादी) का कार्यकर्ताले जेनेभा महासन्धीको साझा धारा ३ को वर्खिलाप मानव अधिकार र मानविय कानूनको गम्भीर उल्लंघन गरेको पाइएकोले घटनामा संलग्न दोषीलाई फौजदारी अभियोगमा कारवाही गर्न नेपाल सरकारलाई लेखि पठाउने ठहर्छ मानव अधिकारको संरक्षणमा ध्यान नदिई गैर जिम्मेवारपूर्ण जवाफ दिने जिल्ला प्रहरी कार्यालय कैलालीका तत्कालिन प्रहरी उपरिक्षक रमेश शेखर वज्राचार्यलाई राष्ट्रिय मानव अधिकार आयोग ( उजुरी, कारवाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १३ (२) बमोजिम आवश्यक कारवाही गर्न नेपाल प्रहरीलाई लेखि पठाउने साथै मृतकको हकवालालाई ऐ. नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन र नोकरी बहाल रहेको अवधीमा मृत्यु भएका सुरक्षाकर्मीले पाउने सरह नियमानुसारको तलब, भत्ता, क्षतिपूर्ति लगायतको सुविधा पीडित परिवारलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भनि मिति २०६५।१२।२५ मा निर्णय गरियो ।

**२३. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला धनगढी नपा - १ वस्ने कमल बराल

उल्लंघनकर्ता : प्रहरी

उजुरीको संक्षिप्त विवरण : जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १ वस्ने कमल बराललाई प्रहरी हिराशतमा रहेकै अवस्थामा २०६३।२।२ गते साझ अन्दाजी ८:०० बजे ड्युटीमा रहेका प्रहरीद्वारा कुटपिट भएकोले दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि आयोगमा उजुरी पर्न आएको ।

आयोगको निर्णय : प्रहरी हिराशतमा रहेको व्यक्तिलाई आँखामा चोटको असरबाट आँखाको दृष्टि शक्ति नै समाप्त भएको देखिएको र सुरक्षाकर्मीको कुटपिटको कारण चोटपटक लाग्न गई आँखाको दृष्टि

शक्ति हनन् भई मानव अधिकारको हनन् भएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली २०५७ को नियम १८ बमोजिम पीडित व्यक्ति कमल बराललाई पर्न गएको, शारीरिक क्षति उपचार नै हुन नसक्ने गरी आँखाको क्षति भएको, पीडितको उमेर, जीविकोपार्जनको माध्यम तथा पारिवारिक दायित्व समेतलाई विचार गरी रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो भन्ने मिति २०६५।५।२४ को निर्णय ।

**२४. पीडितको नाम, थर र ठेगाना:** कैलाली जिल्ला नारायणपुर-८ कि जानकी चौधरी

उल्लंघनकर्ता : नेपाली सेना

उजुरीको संक्षिप्त विवरण : जिल्ला कैलाली नारायणपुर गा.वि.स. वडा नं. ८ वस्ने १९ बर्षिया जानकी चौधरीलाई मिति २०५८।१२।९ गते दिउँसो निजकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारिएको भनि यस आयोगमा उजुरी पर्न आएको ।

आयोगको निर्णय : प्रत्यक्षदर्शी चश्मदीत गवाहहरुको वयानबाट सुरक्षाकर्मीले पक्राउ गरेको पुष्टि हुन गएको तर जानकी चौधरी लाई इलाका प्रहरी कार्यालय, टिकापुर कैलालीबाट छाडेको प्रमाण रेकर्ड मिसिल संलग्न कागजातबाट नदेखिएकोले इलाका प्रहरी कार्यालय टिकापुर कैलालीका तत्कालिन प्रमुखसँग घटना सम्बन्धमा आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट बुझ्केको नदेखिदा सो घटना सम्बन्धमा थप अनुसन्धान गरी प्रतिवेदन गर्न फाइल क्षेत्रिय कार्यालय धनगढीमा पठाईदिनु । नागरिकको ज्यूज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितको अवस्था हालसम्म पनि अज्ञात रहेको देखिन आएकोले यस्तै प्रकृतिका उजुरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडितलाई अन्तरिम राहत उपलब्ध गराउन २०५४।२।१८ मा भएको आदेश अनुसार अन्तरिम राहत स्वरुप रु १,००,०००।- उपलब्ध गराईदिन नेपाल सरकारलाई लेखि पठाउने ठहर्छ भन्ने २०६५।४।२९ को निर्णय।

**२५. पीडितको नाम, थर र ठेगाना :** कञ्चनपुर जिल्ला श्रीपुर - २ का छोटेलाल चौधरी, जंग वहादुर चौधरी, नाथुराम चौधरी

उल्लंघनकर्ता: नेपाली सेना

उजुरीको संक्षिप्त विवरण : जिल्ला कंचनपुर श्रीपुर गाउँ विकास समिति वडा नं. २ वस्ने वर्ष १४ को छोटेलाल चौधरी वर्ष २८ को जंग वहादुर चौधरी र ऐ.ऐ. वस्ने वर्ष २२ को नाथुराम चौधरीलाई सुरक्षाकर्मीले मिति २०५९।६।२ मा पक्राउ गरी वेपत्ता वनाएको भनि आयोगमा उजुरी पर्न आएको सम्बन्धमा दर्ता निवेदन ।

आयोगको निर्णय : मन्कुराम थुनामा रहेको महेन्द्रनगर स्थित कारागार शाखा र जिल्ला प्रहरी कार्यालयका प्रमुख समेतसँग बुझ्नुपर्नेमा बुझ्केको नदेखिएकोले थप अनुसन्धान गरी पठाउन फाइल आयोगको क्षेत्रिय कार्यालय धनगढी फिर्ता पठाईदिनु । नागरिकको ज्यूधनको सुरक्षा गर्नुपर्ने प्रत्येक राज्यको जिम्मेवारी भएकोमा पीडितको अवस्था अझैसम्म अज्ञात रहेको देखिंदा यस्तै प्रकृतिका उजुरीमा सम्मानित सर्वोच्च अदालतबाट २०६४।२।१८ मा पीडितलाई अन्तरिम राहत उपलब्ध गराउन भएको आदेश अनुसार प्रस्तुत घटनाका पीडित परिवारलाई पनि अन्तरिम राहत रु. १,००,०००।- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने २०६५।४।२९ को निर्णय ।

**२६. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला मसुरिया - १ वस्ने कुमारी दमाई
उल्लंघनकर्ता: सुरक्षाकर्मी
उजुरीको संक्षिप्त विवरण : उजुरी नम्बर १२, धनगढी कैलाली जिल्ला मसुरिया गा.वि.स. वडा नं. १ वस्ने वर्ष १३ की कुमारी दमाईलाई २०५९।६।८ गते सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारिएको भनिएको उजुरीको सम्बन्धमा निजसँगै पक्राउ परेका प्रत्यक्षदर्शीको वयान अनुसार निज कुमारी दमाईलाई सुख्खड वेशक्याम्पमा राखिएको भन्ने देखिंदा नेपाली सेना सुख्खड वेशक्याम्प, कैलालीमा प्रमुखसँग घटनाबारे थप बुझ्नुपर्ने भएकोले सक्कलै फाइल आयोगको क्षेत्रिय कार्यालय धनगढीमा थप अनुसन्धानको लागि पठाईदिनु ।
आयोगको निर्णय : सुरक्षाकर्मीले वेपत्ता पारिएको भनिएको घटनामा नागरिकको ज्यूज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितको अवस्था हालसम्म पनि पत्ता नलागेकोले यस्तै प्रकृतिका उजुरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडित परिवारलाई भरणपोषणको लागि अन्तरिम राहत स्वरुप रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराए बमोजिम नै राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय ।
**२७. पीडितको नाम, थर र ठेगाना:** कैलाली, कन्चनपुरका बाढी पीडितहरु
उजुरीको संक्षिप्त विवरण : सुदुर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका केही जिल्लामा आएको बाढीको कारण विस्थापित हुन पुगेका नागरिकको अवस्था बुझ्न गई आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट प्रस्तुत प्रतिवेदन ।
आयोगको निर्णय : आयोगको क्षेत्रिय कार्यालय धनगढीबाट प्रस्तुत प्रतिवेदन सिफारिस सहित नेपाल सरकारलाई पठाई सोको प्रेश विज्ञप्ति प्रकाशित गर्ने भनि २०६५।६।९ मा निर्णय गरियो । निम्न बमोजिम सिफारिश गरिएको छ :

- विस्थापित र बाढी पीडितहरुलाई राहत वितरण गर्ने कार्य अत्यन्त प्रारम्भिक अवस्थामा रहेको हुनाले राहत वितरणमा हरसम्भव उपायहरु अपनाउन र भैरहेको श्रोत साधन अपर्याप्त भएको, भएको साधनको पनि प्रभावकारी उपयोग नभएकोले श्रोतसाधन थप गर्न तथा भएको साधनको योजनाबद्ध ढंगले एकद्धार नीति बमोजिम उद्धार तथा राहत वितरणमा प्रभावकारी व्यवस्था गर्न ।
- बाढी पीडित/विस्थापितहरु रहे बसेको शिविरहरुको अद्यावधिक अभिलेख नभएको पाइएकाले सो अद्यावधिक अभिलेख गर्न ।
- कतिपय शिविरहरुमा सानो कोठामा धेरै व्यक्तिहरु एकै ठाउँमा अटाइनअटाइ वसेको र महिला र पुरुषहरु एकै ठाउँमा बसेको पाइएकोले शिविरहरुलाई संख्यात्मक र लैंगिक संवेदनशीलताको दृष्टिकोणले व्यवस्थित गर्न ।
- सुत्केरी महिला, गर्भवती महिलाहरुले आश्रय लिईरहेका स्थानहरुमा शारीरिक आवश्यकता अनुसारको खानाको व्यवस्था र ओड्ने ओछ्याउने सामग्रीको थप गरी आवश्यक स्वास्थ्य व्यवस्था गरी मातृत्वको संरक्षणको अधिकार सुनिश्चित गर्न ।

- कतिपय स्थानहरुमा मानव वस्तीको नजिक चौपायाहरु मरेका तर तिनिहरुको उचित व्यवस्थापन नहुँदा वातावरण दुर्गन्धित भई मानव स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्न सक्ने हुँदा समयमै उचित व्यवस्था गर्ने ।

**२८. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला पहलमानपुर - ५ का जंगली डगौरा र जंगीरुवा डगौरा

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण:

कैलाली जिल्ला पहलमानपुर गा.वि.स. वडा नं. ५ वस्ने जंगली डगौरा र जंगीरुवा डगौराको गैरन्यायिक हत्या गरिएको भन्ने घटनाको सम्बन्धमा उजुरी दर्ता ।

आयोगको निर्णय : यस कार्यले निजहरुको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले मृतकहरुका कानून बमोजिमका हकवालाहरुलाई जनही रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी पत्ता लगाई कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय।

**२९. पीडितको नाम, थर र ठेगाना:** कैलाली जिल्ला वसौटी - ९ का निराजन चौधरी, पर्शुराम चौधरी, सविना चौधरी मृतक र किरण चौधरी र रामकुमार चौधरी घाइते

उल्लंघनकर्ता:

उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला वसौटी गा.वि.स. वडा नं. ९ का कृषक क्षेत्र व. चौधरीको गाईगोठमा रहेको धान काट्ने मिल रहेको स्थानबाट मिति २०६३।६।२० गते अचानक विष्फोटक पदार्थ विष्फोटन हुँदा सो स्थानमा खेलिरहेका ऐ.ऐ. वस्ने वर्ष २ को निराजन चौधरी, वर्ष १२ को प्रशुराम चौधरी, वर्ष ९ को सविना चौधरीको मृत्यु भएको र ऐ. जिल्ला हसुलिया गा.वि.स. वडा नं. १ घर भई सो स्थानमा आमाको साथ आएका ८ महिनाको बालक किरण चौधरी र ऐ. जिल्ला वसौटी गा.वि.स. वडा नं. ९ वस्ने रामकुमार चौधरी घाइते भएको घटनाको उजुरी ।

आयोगको निर्णय:

मृतकहरुको कानून बमोजिमको हकवालालाई जनही रु. १,००,०००।- का दरले र घाइते रामकुमार चौधरी र बालक किरण चौधरीलाई उपचार खर्चका लागि जनही रु. २५,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय ।

**३०. पीडितको नाम, थर र ठेगाना :** अछाम जिल्ला कालेकाँडा - २ का उदयराम जैसी

उल्लंघनकर्ता:

उजुरीको संक्षिप्त विवरण:

अछाम जिल्ला कालेकाँडा गा.वि.स. वडा नं. २ वस्ने उदयराम जैसीको अपहरण पश्चात नेकपा ( माओवादी) बाट हत्या गरिएको भन्ने घटना सम्बन्धमा आयोग समक्ष परेको उजुरी निवेदन ।

आयोगको निर्णय : पीडितका परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति बापत रु. १,५०,०००।- रकम बुझिसकेको प्रतिवेदनबाट खुल्न आएकोले सो रकम कटाई थप रु. १,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र अपहरणमा संलग्न गोपी जैसी समेत उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महल बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।२६ को निर्णय ।

**३१. पीडितको नाम, थर र ठेगाना:** कैलाली जिल्ला कोटा तुल्सीपुर - ४ का गणेश वहादुर मल्ल

उल्लंघनकर्ता : माओवादी
उजुरीको संक्षिप्त विवरणः
कैलाली जिल्ला कोटा तुल्सीपुर गा.वि.स. वडा नं. ४ का गणेश वहादुर मल्ललाई मिति २०५७।५।१२ गतेदेखि ने.क.पा. माओवादीबाट घर जग्गा कब्जा गरी विस्थापित गरेकोले घर जग्गा फिर्ता गराई पुनः स्थापित गराई पाउँ भन्ने उजुरी ।
आयोगको निर्णय : विस्थापित गणेश वहादुर मल्लको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भनि २०६६।५।९ मा निर्णय भएको ।

**३२. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला साडेपानी-८ का लिलाधर भण्डारी
उल्लंघनकर्ता : माओवादी
उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला साडेपानी गा.वि.स. वडा नं. ८ का लिलाधर भण्डारीलाई मिति २०५९।२।१९ गतेदेखि ने.क.पा माओवादीबाट घर जग्गा कब्जा गरी विस्थापित गरेकोले घर जग्गा फिर्ता गराई पुनः स्थापित गराई पाउँ भन्ने उजुरी ।
आयोगको निर्णय : विस्थापित लिलाधर भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भनि २०६६।५।९ मा निर्णय भएको ।

**३३. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला साडेपानी - ६ का दिनराज भण्डारी
उल्लंघनकर्ताः माओवादी
उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला साडेपानी गा.वि.स. वडा नं. ६ का दिनराज भण्डारीलाई मिति २०५७ साल कार्तिक देखि ने.क.पा. माओवादीबाट घरजग्गा कब्जा गरी विस्थापित गरेकोले, घर जग्गा फिर्ता गराई पुनः स्थापना गराई पाउँ भन्ने उजुरी ।
आयोगको निर्णय : विस्थापित दिनराज भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन

**३४. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला मसुरियाका गम्भीर सिंह बम
उल्लंघनकर्ताः माओवादी
उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला मसुरिया गा.वि.स.का गम्भीर सिंह बमलाई मिति २०५८।१०।८ गतेदेखि ने.क.पा. माओवादीबाट घर जग्गा कब्जा गरी विस्थापित गरेकोले घर जग्गा फिर्ता गराई पुनःस्थापित गराई पाउँ भन्ने उजुरी ।
आयोगको निर्णय : आयोगको अनुसन्धान टोलीको अनुसन्धान प्रतिवेदन समेतलाई विचार गर्दा विस्थापित गम्भीर सिंह बमको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय ।

**३५. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला खैलाड - ८ का शेर वहादुर हमाल
उल्लंघनकर्ताः माओवादी
उजुरीको संक्षिप्त विवरण : कैलाली जिल्ला खैलाड गा.वि.स. वडा नं. ८ का शेर वहादुर हमाललाई मिति २०५७।८।२३ गते ने.क.पा. माओवादीबाट घरजग्गा कब्जा गरी विस्थापित गरिएकोले, घर जग्गा फिर्ता गराई पुन स्थापित गराई पाउँ भन्ने उजुरी ।

आयोगको निर्णय : आयोगको अनुसन्धान टोलीको अनुसन्धान प्रतिवेदन समेतलाई विचार गर्दा विस्थापित शेर वहादुर हमालको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने आयोगको मिति २०६६।५।९ को निर्णय ।

**३६. पीडितको नाम, थर र ठेगाना :** बझाङ जिल्ल मटेला गा.वि.स. वडा नं. २ वस्ने जंग गिरी

उल्लंघनकर्ता: नेपाली सेना

उजुरीको संक्षिप्त विवरण : उजुरी नं. २९६, बझाङ जिल्ला मटेला - २ वस्ने जंग गिरीलाई यातना दिएको घटना सम्बन्धमा आयोगमा परेको उजुरी निवेदन ।

आयोगको निर्णय : यस कार्यले निजको यातना विरुद्धको हकको हनन् भएकोले पीडितलाई रु. १,००,०००।- क्षतिपूर्ति उपलब्ध गराउन, निजको उपचार खर्चको हकमा पेश भएका विल भरपाइहरु भर्पाइहरु जाँचबुझ गरी यकिन हुन आए अनुसार सोधभर्ना दिन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

**३७. पीडितको नाम, थर र ठेगाना :** बाजुरा जिल्ला मार्तडी - ५ का राम बहादुर रावल

उल्लंघनकर्ता : नेपाली सेना

उजुरीको संक्षिप्त विवरण : उजुरी नं. ४४८, बाजुरा जिल्ला मार्तडी गा.वि.स. वडा नं. ५ वस्ने राम बहादुर रावल (पत्रकार) लाई यातना दिइएको घटना सम्बन्धमा आयोगमा प्राप्त उजुरी ।

आयोगको निर्णय : राज्यको निकायबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत अधिकारको उल्लंघन गरिएकोले पीडितलाई पर्न गएको असरलाई दृष्टिगत गरी पीडित राम वहादुर रावललाई क्षतिपूर्ति बापत रु. ५०,०००।- प्रदान गर्न, घटनामा संलग्न नेपाली सेना, ज्वालादल गुल्मका सैनिक जयवहादुर भाट समेतलाई कानूनी कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।४ को निर्णय ।

**३८. पीडितको नाम, थर र ठेगानाः** बाजुरा जिल्ला सत्य मा.वि. पाण्डुसेनका शिक्षकहरु गणेश बहादुर सिंह, लाल बहादुर बम र प्रेम बहादुर रोकाया

उल्लंघनकर्ता:

उजुरीको संक्षिप्त विवरण : बाजुरा जिल्ला सत्य मा.वि. पाण्डुसेनमा कार्यरत शिक्षक गणेश व. सिंह, लाल व. बम र प्रेम व. रोकायालाई सुरक्षाफौजले यातना दिएको सम्बन्धमा आयोगमा प्राप्त उजुरी निवेदन ।

आयोगको निर्णय : निजहरुलाई नेकपा (माओवादी) भएको आशंकामा २०५९।२।१४ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बाजुरामा थुनामा राख्दा यातना दिइएको बुझियो । अतः यस कार्यले निजहरुको यातना विरुद्धको हकको उल्लंघन भएकोले पीडितहरुलाई जनही रु. ५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । सो क्षतिपूर्तिको ५५ रकम यातना दिने कार्यमा नेतृत्व गर्ने प्रहरी नायव उपरिक्षक देव व. वोहराबाट भराई घटनामा संलग्न प्रहरीहरु पहिचान गरी कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।७ को निर्णय ।

**३९. पीडितको नाम, थर र ठेगानाः** सुन्तली धामी (अछाम घटना)

उल्लंघनकर्ता: प्रहरीहरु

उजुरीको संक्षिप्त विवरण:
जिल्ला प्रहरी कार्यालय अछाम अन्तर्गत कार्यरत एक महिला प्रहरी जवानमाथि सहकर्मी प्रहरी सहायक नीरिक्षक दानसिंह भण्डारी सहित ६ जनाले मासुमा नशालु पदार्थ मिसाई झुक्याएर सेवन गराई सामूहिक बलात्कार गरिएको भन्ने घटनाको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय, धनगढीमा मिति २०६६।६।१८ मा उजुरी पर्न आएको ।
आयोगको निर्णय:
सो घटनाको सम्बन्धमा आमसंचार माध्ययमहरुमा घटना पश्चात लगातार बिभिन्न समाचारहरु आइरहेको तथा महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजालबाट २०६६।६।२० मा आयोग समक्ष प्राप्त हुन आएको घटना बिवरण सहितको माग पत्र, आयोगबाट खटिई गएको टोलीको प्रारम्भिक प्रतिवेदन, आयोगले पीडित तथा अन्य भरपर्दो आधिकारिक श्रोतबाट लिएको सूचना तथा जानकारीहरुको आधारमा निज महिला प्रहरीमाथि सामूहिक बलात्कार भएकै हो भन्ने पर्याप्त आधारहरु पाइएको हुँदा उक्त घटनामा संलग्न पीडकहरुलाई निलम्बन गरी कानून बमोजिम तत्काल कारबाही गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ बमाजिम आयोग सम्माननीय प्रधानमन्त्रीज्यू मार्फत नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६६।६।२१ को निर्णय ।
**४०. पीडितको नाम, थर र ठेगाना :** डडेलधुरा जिल्ला शिर्ष - ७ का हरिसिंह माल
२. उल्लंघनकर्ता: सुरक्षाकर्मी
३. उजुरीको संक्षिप्त विवरण : डडेलधुरा जिल्ला शिर्ष गा.वि.स. वडा नं. ७ वस्ने हरिसिंह मालको पसलमा सुरक्षाकर्मीले तालावन्दी गरी सम्पति सम्बन्धी अधिकारको हनन् गरेको सम्बन्धमा प्राप्त उजुरी निवेदन ।
४. आयोगको निर्णय : आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार निजको निङ्गलासैनी जनरल स्टोरमा २०५८।८।२२ गते इलाका प्रहरी कार्यालय, जोगबुढाका सुरक्षाकर्मीहरुको प्रशासनको आदेश भन्दै विनाकारण तालावन्दी गरेको, २०६३।१।२८ गते इ.प्र.का. जोगबुढाबाट खटिई गएको प्रहरी टोलीले गा.वि.स. सचिव तथा स्थानीय वासिन्दाको रोहवरमा पसल खोल्न लगाई पसलमा भएका सडीगली नष्ट भएका धनमाल सामानको मुचुल्का तयार पारेको बुझियो । सो अनुसार जिल्ला प्रशासन कार्यालय, डडेलधुराबाट मूल्यांकन भई गृह मन्त्रालय पठाइएको भन्ने बुझिएकोले सो बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउन र व्यापार व्यवसाय गर्न पाउने तथा सम्पतिको अधिकार उल्लंघन गर्ने कार्यमा संलग्न प्रहरी माथि विभागिय कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६६।१०।३ को निर्णय ।
**४१. पीडितको नाम, थर र ठेगाना :** बझाङ्ग जिल्ला चैनपुर - १ गन्दर्भ टोलका रंगे गन्धर्व (वादी)
उजुरीको संक्षिप्त विवरण : बझाङ्ग जिल्ला चैनपुर गा.वि.स. वडा नं. १ गन्दर्भ टोल वस्ने रंगे गन्धर्व ( वादी) लाई सुरक्षाकर्मीले गोली हानि हत्या गरेको भनी आयोगमा प्राप्त उजुरी ।
आयोगको निर्णय : मृतकका कानून बमोजिमका हकवालाले क्षतिपूर्ति नपाएको भए रु. १,००,०००।- ) राहत स्वरुप क्षतिपूर्ति उपलब्ध गराउन र निजका छोराछोरीलाई निःशुल्क शिक्षा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय ।

**४२. पीडितको नाम, थर र ठेगाना :** अछाम जिल्ला कालेडाँडा - २ मटेलाका श्रीप्रसाद भाट
उजुरीको संक्षिप्त विवरण : अछाम जिल्ला कालेडाँडा गा.वि.स. वडा नं. २ मटेला वस्ने श्रीप्रसाद भाटको गैरकानूनी हत्या भएको भन्ने उजुरी ।
आयोगको निर्णय : यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय ।
**४३. पीडितको नाम, थर र ठेगाना :** डोटी जिल्ला वर्छेन - ३ का प्रकाश वि.क.
उजुरीको संक्षिप्त विवरण : डोटी जिल्ला वर्छेन गा.वि.स. वडा नं. ३ वस्ने कक्षा ५ मा अध्ययनरत वर्ष १३ का प्रकाश वि.क.को गैरकानूनी हत्या भएको भनी आयोगमा प्राप्त उजुरी ।
आयोगको निर्णय : यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन हुन गएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरुप रु. ३,००,०००।- प्रदान गर्न र दोषी सुरक्षाकर्मी पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय ।
**४४. पीडितको नाम, थर र ठेगाना :** अछाम जिल्ला कालकाँडा - ५ का नमराज भाट
उजुरीको संक्षिप्त विवरण : अछाम जिल्ला कालकाँडा गा.वि.स. वडा नं. ५ वस्ने नमराज भाटलाई सुरक्षाकर्मीद्वारा गैरकानूनी हत्या गरिएको भनी आयोगमा प्राप्त उजुरी ।
आयोगको निर्णय : यस कार्यबाट निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ बमोजिम पीडितका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय।
**४५. पीडितको नाम, थर र ठेगाना :** बझाङ्ग जिल्ला सुवेदा - ६ नोरा का डबल वहादुर सिंह, दिल वहादुर सिंह र केशव वहादुर सिंह
उल्लंघनकर्ता: सुरक्षाकर्मी
उजुरीको संक्षिप्त विवरण : बझाङ्ग जिल्ला सुवेदा गा.वि.स. वडा नं. ६ नोरा वस्ने डबल वहादुर सिं, दिल वहादुर सिंह र केशव वहादुर सिंहलाई सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेको भनी आयोगमा प्राप्त उजुरी ।
आयोगको निर्णय : यस कार्यबाट निजको बाँच्न पाउने हकको उल्लंघन हुन गएकोले पीडित डबल वहादुर सिंहका कानून बमोजिमका नजिकका हकवालालाई क्षतिपूर्ति बापत रु. ३,००,०००।- प्रदान गर्न, अन्य पीडितहरु दिल वहादुर सिंह र केशव वहादुर सिंहका परिवारले राहत स्वरुप जनही रु. १,००,०००।- प्राप्त गरेको खुल्न आएको हुँदा निजहरुका कानून बमोजिमका हकवालाहरुलाई थप जनही रु. २,००,०००।- क्षतिपूर्ति प्रदान गर्न र उपरोक्त तीनैजनाको हत्यामा संलग्न दोषी

सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने २०६७।७।११ को निर्णय ।

**४६. पीडितको नाम, थर र ठेगाना :** बाजुरा जिल्ला ब्रम्हटोला - १ डुंग्री गाउँका मंगल थापा

उल्लंघनकर्ता: सेना

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिसिल नं १४८५, जिल्ला बाजुरा ब्रम्हटोला गा.वि.स. वा.नं. १ डुंग्री गाउँमा बस्ने वर्ष ८ को मंगल थापाको मिति २०६०/९/३० गते खेली रहेको अवस्थामा मार्तडीबाट गस्तीमा आएका सुरक्षाफौजले गोली फायर गरी हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६०/१०/१२ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : सेनाबाट लापरवाहीपूर्वक फायर गरी मृत्यु हुन गएकाले दोषी उपर विभागीय कारवाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**४७. पीडितको नाम, थर र ठेगाना:** डडेलधुरा जिल्ला आलीताल-८ धिमाडाका शिक्षकहरु दान बहादुर मडै र कर्ण बहादुर साउद

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिसिल नं ४४०, जिल्ला डडेल्धुरा, आलीताल गा.वि.स वा.नं. ८ धिमाडा घर भई श्री गणेश प्रा.वि. धिमाडाका शिक्षकहरु दान बहादुर मडै र कर्ण बहादुर साउदलाई मिति २०५९/३/२८ गते सुरक्षाफौजले पक्राउ गरी गोली हानी हत्या गरेकाले दोषीलाई कारवाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाँऊ भनि मिति २०६२/६/१६ गते उजुरी आयोगमा दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न बुडर वेसक्याम्पका सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कारवाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालाहरुलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलव्ध गराउन र बुडर बेश क्याम्पका तत्कालिन क्याप्टेन (कमाण्डर)लाई आयोग समक्ष बयानका लागि उपस्थित गराउन नेपाली सेना मानव अधिकार निर्देशानालयलाई पत्राचार गरिएकोमा जानकारी नदिएकाले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**४८. पीडितको नाम, थर र ठेगाना** : कैलाली जिल्ला रामशिखरझाला- ६ गणेशपुरका कृष्णबहादुर चौधरी

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिसिल नं ४२८, जिल्ला कैलाली रामशिखरझाला- ६ गणेशपुर बस्ने कृष्णबहादुर चौधरीलाई मिति २०५९/३/१७ गते सुख्खड बेसक्याम्पका सुरक्षाकर्मीले पक्राउ गरी

पहलपुरमा पुऱ्याई हत्या गरेकाले छानवीन गरी पाउँ भनि मिति २०६३/६/५ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकद्वय कृष्णबहादुर चौधरी र तीर्थलाल चौधरीका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**४९. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला थापापुर - ६ खैरा गोड्चौरामा शान्तिकुमारी चौधरी, सियाराम चौधरी र तेतराम चौधरी डगौरा र अन्य ४ जना गरी ७ जना

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिसिल नं ३३६, जिल्ला कैलाली थापापुर गाविस वा.नं. ६ खैरा गोड्चौरामा मिति २०५९/८/१३ गते शान्तिकुमारी चौधरी लगायत ६ जनालाई भजनी बेश क्याम्प भजनी कैलालीबाट खटी आएको सुरक्षाफौजको टोलीले पक्राउ गरी गोली हानी लाश बेपत्ता पारेकाले छानवीन गरीपाउँ भनि मिति २०६३/३/३ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान  पहचिान गरी मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम कारवाही गर्न तथा मृतकद्वय शान्तिकुमारी चौधरी, सियाराम चौधरी र तेतराम चौधरीका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपालसरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५०. पीडितको नाम, थर र ठेगाना :** डडेल्धुरा जिल्ला  आलीताल - ५ मौरीका राज सार्की

उल्लंघनकर्ता : सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ४४१, जिल्ला डडेल्धुरा आलीताल गा.वि.स. वडा नं. ५ मौरी वस्ने वर्ष ३८ को राज सार्कीलाई मिति २०५८।९।२९ गते जोगवुढा वेसक्याम्पबाट गस्तीमा आएको सुरक्षाफौजले पक्राउ गरी गोली हानी हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारवाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६२।६।१६ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटना संलग्न डडेल्धुरा जोगवुढा वेस क्याम्पबाट गस्तीमा खटिएका दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र जोगबुढा क्याम्पका तत्कालिन कमाण्डरलाई आयोग समक्ष वयानका लागि उपस्थित गराउन पत्राचार गरिएकोमा प्रधान सेनापतिको सैनिक सहायक अड्डाबाट पत्रको म्याद भुक्तान भईसक्दा पनि जानकारी नदिएकोले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५१. पीडितको नाम, थर र ठेगाना :** कञ्चनपुर जिल्ला कृष्णपुर- ९ वालुवाफाँटका ताराप्रसाद चौधरी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ३८७, जिल्ला कञ्चनपुर कृष्णपुर गा.वि.स. वडा नं. ९ बालुवाफाँट घर भैं सोही गा.वि.स.को मौरीफाँटमा घर बनाउने ठेक्काको काम गरी बसेका ताराप्रसाद चौधरीलाई मिति २०५९।९।१५ गते तत्कालिन शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्तीले पक्राउ गरी गुलरीया चौकीमा राखेको र हालसम्म जानकारी नदिएकाले सार्वजनिक गरीपाउँ भनि मिति २०६२।५।१० गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५२ पीडितको नाम, थर र ठेगाना :** बझाङ्ग जिल्ला, मठेला-२ का महेशराज गरी र नवराज गिरी

उजुरीको संक्षिप्त विवरण : नेपालगञ्ज, मिशिल नं. १४८१, जिल्ला बझाङ्ग मठेला गाविस वडा नं. २ घर भई सोही ठाउँको जनप्रिय उच्च माविमा कक्षा १० मा अध्ययनरत महेशराज गरी र नवराज गिरीलाई चैनपुरका तत्कालिन कालीजंग गुल्मबाट गस्तीमा आएका सुरक्षाकर्मीले मिति २०५९।७।५ गते पक्राउ गरी घरनजिकैको ठूलोखोलामा लगी गोली हानी हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारवाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६०।११।१२ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कारवाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र तत्कालीन कालीजंग गुल्म चैनपुरका प्रमुखलाई आयोगसमक्ष बयानका लागि उपस्थित गराउन रक्षा मन्त्रालय र नेपाली सेना मानव अधिकार निर्देशानालयलाई पत्राचार गरिएकोमा जानकारी नदिएकोले रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५३. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला फुलवारी - ७ स्याउले बजारका तुलाराम सार्की

उजुरीको संक्षिप्त विवरण :

धनगढी, मिशिल नं. ३८७ जिल्ला कैलाली फुलवारी गाविस वडा नं. ७ स्याउले बजार बस्ने तुले सार्की भन्ने तुलाराम सार्कीलाई मिति २०५९।१।१ गते सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनि मिति २०६३।४।२३ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कारवाही गर्न तथा मृतकका आश्रित कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को

नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५४. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला लालबोझी - १ हिम्मतपुरका ज्ञानसिंह थारू

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण:

धनगढी, मिशिल नं ३३७, जिल्ला कैलाली, लालबोझी १ हिम्मतपुर बस्ने ज्ञानसिंह थारूलाई मिति २०५८।११।२९ गते भजनी सुरक्षा क्याम्पबाट गएका तत्कालीन शाही नेपाली सेनाको टोलीले पक्राउ गरी गोली हानी हत्या गरी लाश वेपत्ता पारेकाले छानविन गरीपाउँ भनि मिति २०६३।३।३ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : सुरक्षा निकायबाट आफ्नो नियन्त्रणमा लिई हत्या गरी लाश बेपत्ता पारिएको मिशिल संलग्न प्रमाणबाट पुष्टि हुने आधार नदेखिएकाले हाललाई राष्ट्रिय मानव अधिकार आयोग, ( उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम ३० बमोजिम निजका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**५५. पीडितको नाम, थर र ठेगाना :** कन्चनपुर जिल्ला रैकवार विचवा - ७ राजघाट का तपराज जोशी

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : धनगढी, उजुरी नं. ४८७, कन्चनपुर जिल्ला रैकवार विचवा गाविस-७ राजघाट वस्ने तपराज जोशीलाई मिति २०५९।१।११ गते गस्तीमा आएको सशस्त्र प्रहरीले गोली हानी हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराईपाउँ भनी मिति २०६३।१०।५ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।११।२३ को निर्णय ।

**५६. पीडितको नाम, थर र ठेगाना :** बझाङ्ग जिल्ला रिणपाटा-६ चौडका ज्ञानबहादुर रसाईली

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : जिल्ला बझाङ्ग रिणपाटा-६ चौडका ज्ञानबहादुर रसाईलीलाई मिति २०५८।९।१ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय, बझाङ्गमा बोलाएको छ भनी पक्राउ गरी लगेकोमा मिति २०५८।९।२ गते निज ज्ञानबहादुर रसाईली विरामी छ भेट्न आउनु भनी खबर आई भेट्न जाँदा लाश बुझ्न भनेकाले निर्दोष व्यक्तिलाई सुरक्षाफौजले हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६२।४।१२ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : यसमा मृतक ज्ञानबहादुर रसाईलीको परिवारको भनाई अनुसार  सुरक्षाकर्मीले निजलाई समातेर लगेको भन्ने देखिन्छ । मृतक सशस्त्र द्धन्दको क्रममा सुरक्षाकर्मीबाट मारिएको सुचीमा रहेको भन्ने जिल्ला प्रशासन कार्यालय, बझाङ्गको जवाफ ।  हिरासतवाट भाग्न लाग्दा सुरक्षाकर्मीले चलाएको गोली कानूनलागि घाईते भएकाले उपचारको क्रममा मृत्यु भएको भनी जिल्ला प्रहरी कार्यालय, बझाङ्गले पठाएको पत्रमा उल्लेख भएको देखियो । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले पठाएको जवाफ तथ्यपरक रूपमा पुष्टि हुने आधार प्रमाण देखिएन । तसर्थ निज ज्ञानबहादुर रसाईलीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखिएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मीको  पहिचान गरी मुलुकी ऐन, ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रु. ३,००,०००।-क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

**५७. पीडितको नाम, थर र ठेगाना:** बझाङ्ग जिल्ला रायल गाविस वडा नं. १ वस्ने बमबहादुर मल्ल

उल्लंघनकर्ता: सुरक्षाकर्मी

उजुरीको संक्षिप्त विवरण : जिल्ला बझाङ्ग रायल गाविस वडा नं. १ वस्ने बमबहादुर मल्ललाई मिति २०५९।२।३० गते सुरक्षाफौजले पक्राउ गरी गोली हानी हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति र नाबालक छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरी पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय : यसमा आयोगको अनुसन्धानबाट निज बमबहादुर मल्ल सुरक्षा घेरा तोडी भाग्ने क्रममा सुरक्षाकर्मीले चलाएको गोली मृत्यु भएको भनी जिल्ला प्रशासन कार्यालय बझाङ्गको जवाफ पुष्टि हुने आधार प्रमाण देखिएन । निजलाई सुरक्षाकर्मीले पक्राउ गरी कानून बमोजिम कारवाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन  र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

**५८. पीडितको नाम, थर र ठेगाना:** कैलाली जिल्ला उदासीपुर - ७ कि यात्री भन्ने बिनोदकुमार चौधरी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ७१२, जिल्ला कैलाली उदासीपुर गाविस वडा नं. ७ वस्ने ३३ वर्षिया यात्री भन्ने बिनोदकुमार चौधरीलाई टिघडी व्यारेक कैलालीबाट आएका तत्कालिन शाही नेपाली सेनाले मिति २०५८।११।२७ गते पक्राउ गरी लगेकोमा हालसम्म बेपत्ता पारेकाले खोजतलाश गरी पाउँ भनि मिति २०६२।१०।३० गते आयोगमा निवेदन दर्ता हुन आएको छ ।

आयोगको निर्णय : घटनामा संलग्न तत्कालीन शाही नेपाली सेनाको गोरखनाथ गण तेघरी व्यारेक अत्तरियाका कमाण्डर तथा सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम

कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**५९. पीडितको नाम, थर र ठेगानाः** कंचनपुर जिल्ला दैजी - ९ रानदैजीका सुरेश राना र सर्जु राना

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ३५८, जिल्ला कंचनपुर, दैजी गाविस वडा नं. ९ रानदैजी बस्ने सुरेश राना र सर्जु रानालाई मिति २०५९।६।१० गते कंचनपुर भगतपुर व्यारेकबाट आएका सुरक्षाफौजको टोलीले पक्राउ गरी हालसम्म वेपत्ता पारेकाले खोजतलाश गरीपाउँ भनि मिति २०६३।४।२ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : घटनामा संलग्न दोषी कमाण्डर तथा सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न र मृतकका आश्रित कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६०. पीडितको नाम, थर र ठेगानाः** डडेल्धुरा जिल्ला जोगबुढा - ६ का दलबहादुर धामी र दिलबहादुर जाग्री

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ३५३/३५४, जिल्ला डडेल्धुरा जोगबुढा गाविस वडा नं. ६ बस्ने दलबहादुर धामी र ऐ. वडा नं. ५ वस्ने दिलबहादुर जाग्रीलाई मिति २०५८।१०।१५ गते जोगवुढा गाविसको कार्यालयमा मालपोत बुझाई घर फर्कने क्रममा संयुक्त सुरक्षाफौजले पक्राउ गरी बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरीपाउँ भनि मिति २०६३।३।२७ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : घटनामा संलग्न इलाका प्रहरी कार्यालय जोगबुढाका तात्कालिन असई आनसिंह भण्डारी, इन्सपेक्टर किसनसिंह वडाल र सैनिक बेशक्याम्पका कमाण्डर र सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कारवाही गर्न तथा मृतकद्वयका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम जनही रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६१. पीडितको नाम, थर र ठेगानाः** बझाङ्ग जिल्ला खिरातडी - ७ का मिनबहादुर सिंह

उजुरीको संक्षिप्त विवरण : धनगढी, उजुरी नं. ५८९, जिल्ला बझाङ्ग खिरातडी गाविस वडा नं. ७ घर भई इलाका प्रहरी कार्यालय, ढोढरी बर्दियामा कार्यरत प्रहरी हवल्दार मिनबहादुर सिंहलाई कामको सिलसिलामा बर्दियाको ताराताल गैरहेको अवस्थामा मिति २०५८।१२।२४ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी मिति २०५९।३।१३ गते बझाङ्गको बाँझ गाविसको निजार भन्ने खोलामा

हत्या गरेकाले दोषीलाई कारवाही तथा राज्यबाट पाउनुपर्ने सुविधा उपलब्ध गराई पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : घटनामा संलग्न नेकपा माओवादीका स्थानीय कार्यकर्ताहरू धनवहादुर मल्ल, दिपक केसी, प्रकाश स्याडा, हरि कुँवर र उक्त घटनामा सलंग्न अन्यलाई उल्लेखित व्यक्तिहरूबाटै नाम खुलाउन लगाई उनीहरूलाई समेत मुलुकी ऐन, ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका परिवारले नेपाल प्रहरीवाट पाउनुपर्ने क्षतिपूर्ति रकम अघि नपाएको भए राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम मृतकका कानून बमोजिमका हकवालालाई रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

**६२. पीडितको नाम, थर र ठेगानाः** अछाम जिल्ला वीरपथ - ५ बस्ने प्रेमबहादुर शाही

उजुरीको संक्षिप्त विवरण : जिल्ला अछाम वीरपथ गाविस वडा नं. ५ बस्ने प्रेमबहादुर शाहीलाई मिति २०६३।६।१३ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी मिति २०६३।६।१६ गते हत्या गरेकाले दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३।४।२३ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : यसमा आयोगको अनुसन्धानबाट निज प्रेमबहादुर शाहीलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी कालागाउँ भन्ने ठाउँमा लगी हत्या गरेको देखिंदा घटनामा संलग्न नेकपा माओवादीका दोषी कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन, ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।१०।२३ को निर्णय ।

**६३. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्लाका करणसिंह घर्ती मगर, सेहोत्री चौधरी, सुधिर चौधरी, कुसुमकुमारी चौधरी, नारायणप्रसाद चौधरी, सिंहविर मिजार, नरबहादुर घर्ती मगर

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. २६५/६०, जिल्ला कैलाली मोहन्याल गा.वि.स. ५ जिमिरेका करणसिंह घर्ती मगर, रतनपुर गा.वि.स.-५ का सेहोत्री चौधरी, प्रतापपुरका सुधिर चौधरीलाई मिति २०५९।१।२१ गते, मसुरीया १ अण्डैयाजिरायतका १३ वर्षिया कुमारी दमाईलाई मिति २०५९।६।८ गते, जोशिपुर लक्कडका १८ वर्षिया कुसुमकुमारी चौधरीलाई मिति २०५९।७।८ गते, रामशिखरझाला १ रत्तिपुरका १९ वर्षिय नारायणप्रसाद चौधरीलाई मिति २०५९।७।२९ गते, डोटी घाँघल गाविस ५ मुलीचौर वस्ने सिंहविर मिजारलाई मिति २०५९।१।२० गते र कैलाली खैराला गा.वि.स. ६ तिल्केनीका नरबहादुर घर्ती मगरलाई मिति २०५९।१।२२ गते सुरक्षाकर्मीले पक्राउ गरी निजहरुको अवस्था अज्ञात रहेकाले सार्वजनिक गरीपाउँ भनि मिति २०६१।१०।११ गते र मिति २०६२।१२।११ गते आयोगमा उजुरीहरु दर्ता भएको देखियो ।

आयोगको निर्णय : करणसिंह घर्ती मगर, सिंहविर मिजार र नरवहादुर घर्ती मगरलाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म निजहरुको अवस्था अज्ञात पारेको देखिंदा निजहरुको अकमा अनुसन्धान जारी

राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- का दरले जनही अन्तरिम राहत प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६४. पीडितको नाम, थर र ठेगानाः** कैलाली जिल्ला कोटा तुलसीपुर - ७, सुँगरखालका बाधुराम डगौरा

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ४६४, जिल्ला कैलाली, कोटा तुलसीपुर गा.वि.स. वडा नं. ७, सुँगरखालका बाधुराम डगौरालाई मिति २०५९।५।१३ गते सुखड वेशक्याम्पबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी सुखड व्यारेकमा लगी हालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतलाशका लागि आवश्यक पहल गरी पाउँ भनि मिति २०६३।८।२० गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : निज बाधुराम डगौरालाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म स्थिति अज्ञात पारेको देखिँदा निजको हकमा अनुसन्धान जारी राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत स्वरूप रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६५. पीडितको नाम, थर र ठेगानाः** कञ्चनपुर जिल्ला देखटमूली- ९ कटानका परमलौटी चौधरी, हिरामान चौधरी, ज्योती चौधरी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ५४०, जिल्ला कंचनपुर देखटमूली, वार्ड नं. ९ कटानकी कक्षा ६ मा अध्ययनरत १३ वर्षिया परमलौटी चौधरी, सोही जिल्लाको कृष्णपुर ५ मौवाफाँटका हिरामान चौधरी र वर्दियाकी ज्योती चौधरीलाई मिति २०५८।११।१३ गते तत्कालिन शाही नेपाली सेना मजगाउँ व्यारेकको गस्तीले पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरेकोले खोजतलाशका लागि आवश्यक पहल गरी पाउँ भनि मिति २०६४।२।१३ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : निजहरुको हकमा अनुसन्धान जारी राख्न र पीडितका कानून बमोजिमका हकवालालाइ जनही रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६६. पीडितको नाम, थर र ठेगाना :** कैलाली जिल्ला बसौटी - ८ का चक्रवहादुर विक

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ४७८ जिल्ला कैलाली बसौटी गाविस वडा नं. ८ बस्ने चक्रवहादुर विकलाई मिति २०५९।९।७ गते सेनाले पक्राउ गरी हालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतलाश गरीपाउँ भनि मिति २०६३।९।१४ गते आयोगमा उजुरी दर्ता भएको छ ।

आयोगको निर्णय : निजको हकमा अनुसन्धान जारी राख्ने र पीडितका आश्रित कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- अन्तरिम राहत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६७. पीडितको नाम, थर र ठेगानाः** अछाम जिल्ला रामारोशन - ९ तरीगैराका अम्वरबहादुर रोकाय

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. ३६१, जिल्ला अछाम, रामारोशन गा.वि.स. वार्ड नं. ९ तरीगैरा घर भई हाल टिकापुर नगरपालिका वार्ड नं. ४ वस्ने अम्वरबहादुर रोकायलाई मिति २०५८।११।१६ गते तेघरी व्यारेकका सुरक्षाकर्मीले गेटमा चेकजाँच गर्ने क्रममा पक्राउ गरी

मध्येपश्चिम पृतना नेपालगंजमा लगिएकोमात हालसम्म स्थिति सार्वजनिक नगरिएकाले खोजतालश गरी पाउँ भनि मिति २०६३।४।७ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : निजको हकमा अनुसन्धान जारी राख्न र पीडितका कानून बमोजिमका हकवालालाई रु. १,००,०००।- का दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६८. पीडितको नाम, थर र ठेगानाः** बझाङ जिल्ला मालुमेला - २ का मदन गिरी

उजुरीको संक्षिप्त विवरण : नेपालगंज मिशिल नं १०१, जिल्ला बझाङ मालुमेला २ बस्ने १४

वर्षिय मदन गिरीलाई मिति २०५८।८।२८ गते सुरक्षाफौजले पक्राउ गरी कालिजंग ब्यारेकमा १० दिनसम्म राखी यातना दिएकाले क्षतिपूर्ति उपलब्ध गराईपाउँ भनि मिति २०६२।४।१० गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : यातनाका कारण  शरीरमा घाउ भई भारतमा उपचार गराउँदा ४० हजार भारतिय रूपैया खर्च लागेको र कहि कतैबाट क्षतिपूर्ति नपाएको देखिदा निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रु. ५०,०००।- क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने

उजुरीको संक्षिप्त विवरण :- मिति २०५८ साल चैत्र महिनामा तत्कालिन नेकपा माओवादी कार्यकर्ताहरु निजको घरमा गई घर परिवारलाई धाक धम्की दिई नोकरीबाट राजीनामा गर्न लगाएको र नोकरीबाट राजीनामा दिई घरमा बसिरहेको अवस्थामा मिति २०५९।२।३० गते तत्कालिन नेकपा भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**६९. पीडितको नाम, थर र ठेगानाः** बैतडी जिल्ला गाँजरी - २ का योगेन्द्रराज अवस्थी

उजुरीको संक्षिप्त विवरण : धनगढी, मिशिल नं. १७१२, जिल्ला बैतडी गाँजरी गा.वि.स वडा नं २ का योगेन्द्रराज अवस्थी डडेल्धुराको बसपार्क छेउ आकाशदीप होटलमा बास बसेको र राती २.३० बजेको समयमा कर्फ्यु लागेको थाहा नपाई पिसाब फेर्न बाहिर निस्कँदा सुरक्षाकर्मीले चलाएको गोली निजको बायाँ हातको हत्केलामा लाग्न गई उक्त घटनाका कारण निजको शारीरिक र मानसिक अवस्था कमजोर हुँदै  गएकाले क्षतिपुर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६१।१।२३ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २० बमोजिम रु. ५०,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय ।

**७०. पीडितको नाम, थर र ठेगानाः-** जिल्ला बझाङ्ग, खिरातडी गाविस वडा नं. ७  बस्ने मिनबहादुर सिंह

माओवादीका १७/१८ जना कार्यकर्ताहरूले अपहरण गरी लगेको र मिति २०५९।३।२१ गते हत्या गरेको । सद्‌गद् गर्न लाश माग्दा नदिई, काजक्रिया समेत गर्न नदिएकोले घटनाको छानवीन गरी दोषीलाई कारवाही र आश्रीत परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय : राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३ ( तीन) लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

**७१. पीडितको नाम, थर र ठेगानाः-** टेकराज पनेरु, जिल्ला डडेल्धुरा, भन्द्रपुर गाविस वडा नं. ६

उजुरीको संक्षिप्त विवरण :- मिति २०५८ साल चैत्र महिनामा तत्कालिन नेकपा माओवादी कार्यकर्ताहरु निजको घरमा गई घर परिवारलाई धाक धम्की दिई नोकरीबाट राजीनामा गर्न लगाएको र नोकरीबाट राजीनामा दिई घरमा बसिरहेको अवस्थामा मिति २०५९।२।३० गते तत्कालिन नेकपा माओवादीका १७/१८ जना कार्यकर्ताहरूले अपहरण गरी लगेको र मिति २०५९।३।२१ गते हत्या गरेको । सद्गद् गर्न लाश माग्दा नदिई, काजक्रिया समेत गर्न नदिएकोले घटनाको छानवीन गरी दोषीलाई कारवाही र आश्रीत परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६४।११।१ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

आयोगको निर्णय

# भाग-५

## अनुसुची-१

**राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको वार्षिक आय व्यय विवरण**

राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक संवैधानिक अंग भएकोले अन्य संवैधानिक अंग झै यसका लागि मुलतः नेपाल सरकारकै श्रोतवाट विभिन्न शिर्षकहरुमा वार्षिक रुपमा वजेट प्राप्त हुन्छ । यद्यपी अनियमित तथा अप्रर्याप्त वजेटका वावजुत पनि आयोगले आफ्नो कार्य गरिरहेको छ । यस आ.व. मा पनि नेपाल सरकारको श्रोतवाट आयोगलाई दुईवटा खर्च शिर्षकमा वजेट विनियोजन गरेको छ । जसलाई निम्न प्रकारले उल्लेख गरिएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको आ.व.२०७२/०७३ को वार्षिक आय व्यय विवरण ।

राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र, स्वायत्त संवैधानिक निकाय भएकाले यसको वार्षिक कार्य सञ्चालन, व्यस्थापन तथा निृदिष्ट उद्देश्य प्राप्तिका गर्नका लागि आवश्यक पर्ने वजेटको मुख्य श्रोत नेपाल सरकारकै वजेट नै हो । यसका अतिरिक्त आयोगको क्षमता सवलीकरण परियोजना ९क्ऋल्ज्च्ऋ एचयवभअत० वाट पनि वार्षिक रुपमा यस क्षेत्रीय कार्यालयको लागि वजेट प्राप्त हुँदै आएको छ । आ.व.२०७२/०७३ मा आयोगको यस क्षेत्रीय कार्यालयको लागि तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ ।

**आ.व. २०७२/०७३ मा यस कार्यालय को वित्तिय विवरण**

राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक संवैधानिक निकाय भएकोले अन्य संवैधानिक निकाय झै मुलतः नेपाल सरकारकै श्रोतवाट विभिन्न शिर्षकहरुमा वार्षिक रुपमा वजेट प्राप्त हुन्छ । यद्यपी सिमित वजेटका वावजुत पनि आयोगले आफ्नो कार्य गरिरहेको छ । यस आ.व. २०७२/०७३ मा पनि नेपाल सरकारको श्रोतवाट आयोगलाई दुईवटा खर्च शिर्षकमा वजेट विनियोजन गरेको छ । जसलाई निम्न प्रकारले उल्लेख गरिएको छ ।

म.ले.प.फा.नं. १७

# राष्ट्रिय मानव अधिकार आयोग
## क्षेत्रीय कार्यालय, धनगढी
### आर्थिक बर्ष २०७२।०७३ को आर्थिक बिवरण

ब.शि.न.२१४०११३

कार्यालय कोड : ६७/२१४/०१

| खर्च संकेत नं. | खर्च शिर्षक | शरु विनियोजित बजेट | पूरक बजेट: थप | पूरक बजेट: घट | रकमान्तर बाट: थप | रकमान्तर बाट: घट | अन्तिम बजेट | निकाशा | खर्च | बाँकी: निकाशा | बाँकी: बजेट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | तलब | ३,८३५,०००।०० | | | | | ३,८३५,०००।०० | २,९०३,३४४।०० | २,९०३,३४४।०० | | ९३१,६५६।०० | |
| २१११३ | महँगी भत्ता | १३२,०००।०० | | | | | १३२,०००।०० | १३२,०००।०० | १३२,०००।०० | | - | |
| २१११९ | अन्य भत्ता | १०,०००।०० | | | | | १०,०००।०० | ९,०००।०० | ९,०००।०० | | १,०००।०० | |
| २११२१ | पोशाक | ८२,५००।०० | | | | | ८२,५००।०० | ८२,५००।०० | ८२,५००।०० | | - | |
| २२१११ | पानि बिजुली | १३०,०००।०० | | | | | १३०,०००।०० | १२३,१२९।०० | १२३,१२९।०० | | ६,८७१।०० | |
| २२११२ | संचार महशुल | ६०,०००।०० | | | | | ६०,०००।०० | ५९,०००।०० | ५९,०००।०० | | १,०००।०० | |
| २२१२१ | घरभाडा | ४८५,०००।०० | | | | | ४८५,०००।०० | ४७२,०९८।०० | ४७२,०९८।०० | | १२,९०२।०० | |
| २२२११ | इन्धन | १५६,०००।०० | | | | | १५६,०००।०० | १५५,४९६।०० | १५५,४९६।०० | | ५०४।०० | |
| २२२१२ | सञ्चालन तथा मर्मत | १६०,०००।०० | | | | | १६०,०००।०० | १५९,३३०।०० | १५९,३३०।०० | | ६७०।०० | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | १९०,०००।०० | | | | | १९०,०००।०० | १८५,४८७।०० | १८५,४८७।०० | | ४,५१३।०० | |
| २२३१३ | पुस्तक तथा सा.खर्च | १५,०००।०० | | | | | १५,०००।०० | १३,८६०।०० | १३,८६०।०० | | १,१४०।०० | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २५,०००।०० | | | | | २५,०००।०० | २३,७०५।०० | २३,७०५।०० | | १,२९५।०० | |
| २२४११ | सेवा तथा परामर्श | ४५,०००।०० | | | | | ४५,०००।०० | ३८,५८६।०० | ३८,५८६।०० | | ६,४१४।०० | |
| २२४१२ | अन्य सेवा शुल्क | ७०,०००।०० | | | | | ७०,०००।०० | ६५,९८५।०० | ६५,९८५।०० | | ४,०१५।०० | |
| २२५२२ | कार्यक्रम खर्च | ७७५,०००।०० | | | | | ७७५,०००।०० | ७४१,३४२।०० | ७४१,३४२।०० | | ३३,६५८।०० | |
| २२५२९ | अन्य कार्यक्रम खर्च | ५०,०००।०० | | | | | ५०,०००।०० | ४८,०००।०० | ४८,०००।०० | | २,०००।०० | |
| २२६११ | अनुगमन मूल्याङ्कन | ७०,०००।०० | | | | | ७०,०००।०० | ६६,००५।०० | ६६,००५।०० | | ३,९९५।०० | |
| २२६१२ | भ्रमण खर्च | ७५,०००।०० | | | | | ७५,०००।०० | ६७,०५५।०० | ६७,०५५।०० | | ७,९४५।०० | |
| २२७११ | विविध खर्च | ११५,०००।०० | | | | | ११५,०००।०० | १०९,८२२।०० | १०९,८२२।०० | | ५,१७८।०० | |
| | जम्मा | ६,४७०,५००।०० | | | | | ६,४७०,५००।०० | ५,४५५,७४४।०० | ५,४५५,७४४।०० | | १,०१४,७५६।०० | |

## मौज्दातको अवस्था

नगद मौजदात: रु.००
जम्मा वा भुक्तानी हुन बाकी: रु.००

तयार गर्ने
दस्तखत
नाम :भुपेन्द्रबहादुर धामी
दर्जा : लेखापाल
मिति

सदर गर्ने
दस्तखत
नाम: मोहनदेव जोशी
दर्जा : नि. क्षेत्रीय निर्देशक
मिति

पेश्की बाकी:
क) गत आ.व. सम्मको रु.००
ख) यस आ.व. सम्मको रु.००
जम्मा रु. ००

राष्ट्रिय मानव अधिकार आयोग

म.ले.प.फा.नं. १७

क्षेत्रीय कार्यालय, धनगढी

आर्थिक बर्ष २०७२।०७३ को आर्थिक विवरण

ब.शि.न.२१४०११४

कार्यालय कोड : ६७/२१४/०१

| खर्च सकेत नं. | खर्च शिर्षक | शुरु विनियोजित बजेट | पुरक बजेट बाट | | रकमनान्तर बाट | | अन्तिम बजेट | निकाशा | खर्च | बाकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | थप | घट | | | | निकाशा | बजेट | |
| २९३११ | फर्निचर तथा फि. | ५०,०००।०० | | | | | ५०,०००।०० | ४९,४६४।०० | ४९,४६४।०० | | ५३६।०० | |
| २९५११ | मेशिनरी औजार | १००,०००।०० | | | | | १००,०००।०० | ९८,९००।०० | ९८,९००।०० | । | १,१००।०० | |
| | जम्मा | १५०,०००।०० | | | | | १५०,०००।०० | १४८,३६४।०० | १४८,३६४।०० | । | १,६३६।०० | |

## मौज्दातको अवस्था

नगद मौजदात: रु.००
जम्मा वा भूक्तानी हुन बाकी: रु.००

पेश्की बाकी:
क) गत आ.व. सम्मको रु.००
ख) यस आ.व. सम्मको रु.००
जम्मा रु. ००

तयार गर्ने
दस्तखत
नाम : भुपेन्द्रबहादुर धामी
दर्जा : लेखा तथा प्रशासन सहायक
मिति :

सदर गर्ने
दस्तखत
नाम: मोहनदेव जोशी
दर्जा : नि. निर्देशक
मिति :

# नागरिक वडापत्र
## राष्ट्रिय मानवअधिकार आयोग
## क्षेत्रीय कार्यालय धनगढी

| क्र. सं. | प्रदान गरिने सेवाको विवरण | आवश्यक पर्ने कागजात, प्रमाण र अवस्था | लाग्ने समय | लाग्ने शुल्क | सेवा प्रदान गर्ने जिम्मेवार शाखा पदाधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | मानव अधिकार हनन् विरुद्धको उजुरी दर्ता | विवरण खुलेको निवेदनका साथ कुनै प्रमाण भए सो प्रमाण र सुचना | तत्कालै | नलाग्ने | उजुरी शाखा/ मानव अधिकार अधिकृत | क्षेत्रीय निर्देशक |
| २. | उजुरीको प्रारम्भिक कारवाही | उपलब्ध प्रमाण र सुचनाको आधारमा | आकास्मिक भए तुरुन्तै र सामान्य अवस्थामा उजुरी दर्ता भएको दुई दिन भित्र | नलाग्ने | मानव अधिकार अधिकृत | क्षेत्रीय निर्देशक |
| ३. | मानव अधिकारको उलल्धंनका घटनाको अनुसन्धान | उजुरीको आधारमा र आयोगले आफ्नै स्वग्रहण मा पनि गर्न सक्ने | सत्यतथ्य पत्ता नलागे सम्म | नलाग्ने | संरक्षण शाखा | क्षेत्रीय निर्देशक |
| ४. | मानव अधिकार अवस्थाको अनुगमन | नियमित भैरहने | | नलाग्ने | संरक्षण शाखा | क्षेत्रीय निर्देशक |
| ५. | उजुरी सम्बन्धि सुचना पाउन | उजुरी रसिद, आफै उपस्थित भई वा फोनमार्फत | दिन मिल्ने सुचनाको आकार बमोजिम | नालाग्ने | संरक्षण शाखा | क्षेत्रीय निर्देशक |
| ६. | उजुरी सम्बन्धि कागजपत्रको नक्कल | विवरण खुलेको निवेदन | प्रतिलिपि तयार गर्न लाग्ने समय | प्रतिलिपि तयार गर्न लाग्ने शुल्क लिएर | संरक्षण शाखा | क्षेत्रीय निर्देशक |
| ७. | मानव अधिकार हनन्/ उलल्धंन भए नभएको सम्बन्धी सिफरिस/ निर्माय | यथेष्ट प्रमाण सहितको अनुगमन अनुसन्धान फाइल | अनुगमन/ अनुसन्धानको पूर्णतापश्चात तत्कालै | नलाग्ने | सिफरिसको हकमा क्षेत्रीय कार्यालय/ निर्णयको हकमा आयोगको आयुक्त | आयोग |
| ८. | मानव अधिकारको प्रवद्धन गर्ने काम | मानव अधिकार चेतनाको कमी भएको क्षेत्र समुदाय संस्था र नागरिक समाजलाई लक्षित गरी कार्यक्रम गरिने | स्थान, सहभागी विषयवस्तुको आधारमा | नलाग्ने | प्र्रद्धन शाखा/ प्रवद्धन अधिकृत | क्षेत्रीय निर्देशक |
| ९ | विभिन्न संघ संस्थासंग सहकार्य | सहकार्य प्रस्ताव | प्रस्तावको अध्ययन गर्न लाग्ने समय | प्रस्ताव र छलफलबाट तय हुने | प्रवद्धन शाखा | क्षेत्रीय निर्देशक |
| १० | आयोगको प्रकाशन वितरण | सो प्रकाशन आवश्यकताको पुष्ट्याई सहितको निवेदन | तत्कालै | मुल्य तोकिएका प्रकाशनका हकमा बाहेक अन्यमा नलाग्ने | प्रवद्धन शाखा | क्षेत्रीय निर्देशक |
| ११ | आर्थिक कारोबारको भुक्तानी | सक्कल बिल, भरपाई, सामान दिएको र | बिल दिएको मितिले एक | नलाग्ने | लेखा शाखा/लेखापाल | क्षेत्रीय निर्देशक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बुझिलिएको कागजात आदि | हप्ता भित्र वा तत्कालै | | | |
| १२ | प्रशासनिक | कामको प्रकृति अनुसारका आवश्यक कागजपत्रहरु | कामको प्रकृति अनुसार | नलाग्ने | कार्य संचालन शाखा/ जनसम्पर्क | क्षेत्रीय निर्देशक |

## नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रहरु

| महासन्धि/प्रतिज्ञापत्रको नाम | सि.न. | पारित भएको मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| दासत्व महासन्धि | १ | २५ सेप्टेम्बर, १९२६ | ७ जनवरी, १९६३ (स) |
| २५सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संसोधन गर्ने प्रोटोकल पूरक महासन्धि | २ | २३ सेप्टेम्बर, १९५३ | ७ जनवरी, १९६३ (स) |
| दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मूलन सम्बन्धि पूरक महासन्धि | ३ | २३ सेप्टेम्बर, १९५६ | ७ जनवरी, १९६३ (स) |
| नारीको राजनितिक अधिकार सम्बन्धि महासन्धि | ४ | २० डिसेम्बर, १९५२ | २० अप्रिल १९६६ |
| जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धि महासन्धि | ५ | ९ डिसेम्बर, १९४८ | ७ जनावरी, १९६९ (स) |
| सबै किसीमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि | ६ | २१ डिसेम्बर १९६५ | ३० जनवरी, १९७१ (स) |
| रंगभेद अपराधको दमन र दण्ड सम्बन्धि अन्तराष्ट्रिय महासन्धि | ७ | ३० नोभेम्बर, १९७३ | १२ जुलाई १९७७ (स) |
| खेलकुदमा रंगभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धि | ८ | १० डिसेम्बर १९८५ | १ मार्च १९८९ (अ) |
| बाल अधिकार सम्बन्धि महासन्धि | ९ | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर,१९९० (अ) |
| महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि | १० | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ (स) |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र | ११ | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ (स) |
| नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र | १२ | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ (स) |
| नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्रको स्वच्छिक प्रोटोकल | १३ | १६ डिसेम्बर १९६१ | ४ मे १९९१ (स) |
| यातना तथा अन्य क्रुर, अमानवीय वा अपमान जनक व्यवहार वा दण्ड विरुद्ध | १४ | १० डिसेम्बर १९४८ | १४ मे, १९९१ (स) |

| | | | |
|---|---|---|---|
| महासन्धि | | | |
| जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृतिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि | १५ | २ डिसेम्बर १९४९ | २७ डिसेम्बर, १९९५ (स) |
| मृत्यूदण्ड उन्मूलन गर्ने उदेश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्रको दोस्रो स्वच्छिक उपलेख | १६ | १५ डिसेम्बर १९८९ | ४ जुन, १९९८ (स) |
| सशस्त्र द्धन्दमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार महासन्धिको ईच्छाधिन आलेख, २००० | १७ | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |
| बालबालिकाको बेचविखन, बाल वेश्यावृति र अश्लिल चित्रण विरुद्ध बाल अधिकार सम्बन्धि महासन्धिको ईच्छाधिन आलेख, २००० | १८ | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |
| महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धिको ईच्छाधिन आलेख | १९ | ६ अक्टोबर १९९९ | १५ जुन, २००७ (स) |
| अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि, २००६ | २० | २००६ डिसेम्बर १३ | २००९ डिसेम्बर २८ |
| अपाङ्गता भएका व्यक्तिरुहरुको अधिकार सम्बन्धिको पहिलो स्वच्छिक आलेख, २००६ | २१ | २००६ डिसेम्बर १३ | २००९ डिसेम्बर २८ |
| अन्तरदेशिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासंन्धी | २२ | | २०११ डिसेम्बर २३ |
| दक्षिण एसियमा बाल कल्याण प्रबर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धि सार्क महासन्धी | २३ | २००२ जनवरी ५ | |
| वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धी | | २००२ जनवरी ५ | |

**नेपाल पक्ष भएका श्रम सम्बन्धी ११ वटा  महासन्धिहरु (आई.एल.ओ कन्भेन्सनहरु )**

**नेपाल पक्ष भएका मानवीय कानुनी सम्बन्धी ४ वटा महासन्धि (जेनेभा कन्भेन्सनहरु)**

| S.N | Name of Conventions | Ratification |
|---|---|---|
| 1 | Convention for the Amelioration of the Wounded and sick in Armed Forced in the field. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 2 | Convention for the Amelioration of the Wounded, Sick and Shipwrecked Member of Armed Forced at Sea. Geneva, 12 August 1949 | 7 Feb 1964 |
| 3 | Convention relatives to the Treatment of Prisoners of War. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 4 | Convention relatives of the Protection of Civelian Persons in Time of War, Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 5 | C.14- Weekly Rest(Industry) Convention, 1921 (N0.14) | 10-12-1986 |
| 6 | C.29- Forced Labour Convention, 1930(No.29) | 3-01-2002 |
| 7 | C.98- Right to Organize and Collective Baragaining Convention | 11-11-1996 |
| 8 | Equal Remuneration Convention, 1951 (No.100) | 10-06-1976 |
| 9 | C.105- Abolition of Forced Labour Convention, 1957(No.105) | 30-08-2007 |
| 10 | C.111- Discrimination (Employment and Occupation) Convention, 1958(No.111) | 19-09-1074 |
| 11 | C.131- Minimum Wage Fixing Convention, 1970(No.131) | 19-09-1074 |
| 12 | C.138- Minimum Age Convention, 1973 (No.138) | 30-05-1997 |
| 13 | C.144- Tripartite Consultation (International Labour Standards) Convention, 1976 (No.144) | 21-03-1995 |
| 14 | C.169- Indigenous and Tribal People Convention, 1989 (No.169) | 14-09-2007 |
| 15 | C.182- Worst Forms of Child Labor Convention, 1999, (No.182) | 3-01-2002 |

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८**

धारा १ : जन्मजात स्वतन्त्रता, समान प्रतिष्ठाको अधिकार

धारा २ : विभेदबाट मुक्त हुन पाउने अधिकार

धारा ३ : जीवन, स्वतन्त्रता एवं व्यक्तिगत सुरक्षाको अधिकार

धारा ४ : दासत्वबाट मुक्त हुन पाउने अधिकार

धारा ५ : यातना तथा अमानवीय दुर्व्यवहारबाट मुक्त हुन पाउने अधिकार

धारा ६ : कानूनको अगाडि व्यक्तिको रुपमा स्थापित हुने अधिकार (समानताको अधिकार)

धारा ७ : कानूनको अगाडि समान संरक्षणको अधिकार

धारा ८ : न्यायिक तथा कानूनी उपचारको अधिकार

धारा ९ : गैर कानूनी थुना, गिरफ्तार एवं देश निकाला विरुद्धको अधिकार

धारा १० : निष्पक्ष सुनवाईको अधिकार

धारा ११ : दोषी सावित नभएसम्म निर्दोषिताको अधिकार

धारा १२ : व्यक्तिगत गोप्यताको अधिकार

धारा १३ : देश तथा बाहिर स्वतन्त्र आवत जावत एवं वसोवासको अधिकार

धारा १४ : शरणार्थी हुन पाउने अधिकार

धारा १५ : राष्ट्रियताको अधिकार

धारा १६ : विवाह तथा परिवारको अधिकार

धारा १७ : सम्पत्ति राख्ने एवं उपभोगको अधिकार

धारा १८ : आस्था, विश्वास एवं धार्मिक स्वतन्त्रताको अधिकार

धारा १९ : विचार, अभिव्यक्ति एवं धार्मिक स्वतन्त्रताको अधिकार

धारा २० : शान्तिपूर्ण सभा, जुलुस गर्ने र संस्था खोल्ने अधिकार

धारा २१ : सरकारमा प्रतिनिधि मार्फत भाग लिन पाउने, जागिरमा समान प्रवेश र मतदानको अधिकार

धारा २२ : सामाजिक सुरक्षाको अधिकार

धारा २३ : चाहेको काम छान्ने, समान परिश्रमिक एवं मजदुरहरुको अधिकार

धारा २४ : विदा, आराम तथा मनोरञ्जनको अधिकार

धारा २५ : बाँच्नको लागि पर्याप्त व्यवस्थाको अधिकार (गास, वास, कपास र सामाजिक सुरक्षा)

धारा २६ : शिक्षाको अधिकार

धारा २७ : साँस्कृतिक, वैज्ञानिक उपभोगमा सहभागिताको अधिकार

धारा २८ : सामाजिक सदभाव एवं व्यवहार सम्बन्धि अधिकार

धारा २९ : आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार एवं स्वतन्त्रताको आदर तथा सम्मान गर्ने दायित्व

धारा ३० : राज्यबाट अधिकार उपभोगमा सुनिश्चिता गरिने प्रत्याभूतिको अधिकार

# राष्ट्रिय मानव अधिकार आयोग

(उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९

अनुसूची: १ उजुरीको ढाँचा

## उजुरी फाराम

(गोप्य रहने छ)

१. पीडितको विवरण

(क) नाम : ..........

(ख) बुवाको नाम : .......... (ग) आमाको नाम : ..........

(घ) ठेगाना : स्थायी ठेगाना : ..........

फोन नं. : .......... मोबाइल : ..........

हालको ठेगाना: ..........

फोन/मोबाइल: .......... ई-मेल : ..........

(ङ) लिङ : पुरुष ☐ महिला ☐ अन्य ☐ (यदि अन्य हो भने खुलाउनुहोस्) ..........

(च) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ एकल ☐

(छ) राष्ट्रियता : .......... (ज) उमेर : ..........वर्ष (झ) पेशा : ..........

(ञ) जाति : .......... (ट) बोलीचालीको भाषा : ..........

(ठ) धर्म : ..........(ड) शिक्षा : ..........

(ढ) अपाङ्गता : छ ☐ छैन ☐ (यदि छ भने खुलाउनुहोस्)..........

(ण) कुनै संगठनको सदस्यता: (ऐच्छिक)..........

२. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम/संगठन : ..........

(ख) पुरा ठेगाना : ..........

(ग) फोन/मोबाइल : ..........ई-मेल : ..........

(घ) पीडितसँगको नाता/सम्बन्ध :..........बोलीचालीको भाषा : ..........

३. आरोपित पीडकको विवरण (यदि तपाई चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नाम : .......... (ख)संगठन/कार्यालय :..........

(ग) पद/दर्जा : .......... (घ)सम्पर्क ठेगाना :..........

(ङ) फोन/मोबाइल : ..........ई-मेल : ..........

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरु (जस्तो: लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

..........

..........

४. मानव अधिकार उल्लंघनको विषय: ..........

५. उजुरीको विस्तृत विवरण

(क) घटनाको मिति: .......... समय: ..........बजे (ख) घटना भएको स्थान : ..........

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्‍यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाईंको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ)।

..........

..........

..........

..........

..........

..........

..........

..........

(घ) के उक्त घटनाबाट तपाईं विस्थापित हुनु भएको छ ? : छ [ ] छैन [ ]

(ङ) के तपाईंले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन जस्तै: अदालत, प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ [ ] छैन [ ] (यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

..........................................................................................

..........................................................................................

६. उजुरीसँग सम्बद्ध अन्य प्रमाणहरू

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् [ ] छैनन् [ ] (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : ..........................................................................................

ठेगाना : .......................................................... फोन/मोबाइल: ..............................

साक्षीले दिनसक्ने सम्भावित सूचना: ..........................................................................................

..........................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने लिखत वा दसी प्रमाणहरू:

१. .................................................. २. ..................................................

३. .................................................. ४. ..................................................

(ग) उजुरीसँगै राखिएका प्रमाणहरू:

१. .................................................. २. ..................................................

३. .................................................. ४. ..................................................

७. माग गरिएको उपचार

(क) आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

८. उजुरीकर्ताको हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर : ..............................

नाम : .............................. मिति : ..............................

## उजुरी फाराम बुझाउन सकिने आयोगका कार्यालयहरू


ललितपुर : केन्द्रिय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, **हटलाइन: ५०-१०-०००**
फोन: ०१-५०१००१५(हन्टीङ) फ्याक्स: +९७७-१-५५४७९७३, इमेल: nhrc@nhrcnepal.org

विराटनगर : क्षेत्रीय कार्यालय, विराटनगर
फोन: ०२१-४६१०९३, फ्याक्स: +९७७-२१-४६११००, इमेल: nhrcbrt@nhrcnepal.org

जनकपुर : क्षेत्रीय कार्यालय, जनकपुर
फोन: ०४१-५२७८११ फ्याक्स: +९७७-४१-५२७२५०, इमेल: nhrcjnk@nhrcnepal.org

पोखरा : क्षेत्रीय कार्यालय, पोखरा
फोन: ०६१-५५१८११, फ्याक्स: +९७७-६१-५४२०४२, इमेल: nhrcpkr@nhrcnepal.org

नेपालगंज : क्षेत्रीय कार्यालय, नेपालगंज
फोन: ०८१-५२६७०७, फ्याक्स:+९७७-८१-५२६७०६, इमेल: nhrcnpj@nhrcnepal.org

धनगढी : क्षेत्रीय कार्यालय, धनगढी
फोन: ०९१-५२५६२१ फ्याक्स: +९७७-९१-५२५६२३ इमेल: nhrcdhn@nhrcnepal.org

खोटाङ : उप-क्षेत्रीय कार्यालय, खोटाङ
फोन: ०३६-४२०२८४ फ्याक्स: +९७७-३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

बुटवल : उप-क्षेत्रीय कार्यालय, बुटवल
फोन: ०७१-५४६१११ फ्याक्स: +९७७-७१-५४६१११ इमेल: nhrcbtl@nhrcnepal.org

जुम्ला : उप-क्षेत्रीय कार्यालय, जुम्ला
फोन: ०८७-५२०२२२ फ्याक्स: +९७७-८७-५२०२२२ इमेल: nhrcjum@nhrcnepal.org

वेबसाइट: www.nhrcnepal.org


## महत्वपूर्ण जानकारीहरू

- कृपया यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन जाँच गर्नुहोस् ।
- यो फारामसँग सम्बद्ध प्रमाणहरू राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।
- घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।
- यदि तपाईंको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस् ।
- उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षित साथ राख्नुहोस् ।

# आयोगका गतिविधिहरु छापामा

पश्चिम टुडे २०७३ वैशाख ३१ गते शुक्रबार | वार्षिकोत्सव विशेषाङ्क २०७३ | Paschim Today Friday, 13

## मानव अधिकारको प्रत्याभूतिको खोजीमा सुदूरप


मोहनदेव जोशी

स्वास्थ्य सरोकार केन्द्र | राष्ट्रिय दैनिक

## आयोगले 'मिसन' फिर्ता बोलायो

समाचार दूतेनी/धनगढी

थारुहट मोर्चा कार्यकर्ताले विरोध गरेपछि राष्ट्रिय मानवअधिकार आयोगको मिसन आफ्नो सदरमुकाम फर्किएको छ ...

'उपाईमा कर्मचारी असुरक्षित'

## सद्भाव समिति गठन

पश्चिम टुडे/धनगढी, भाद्र २७ -

टीकापुर घटनापछि सृजित नसकेको शान्ति, सद्भाव र सुरक्षा अवस्थालाई लिएर चासो व्यक्त गर्दै आइतवार धनगढीमा शान्ति सद्भाव समिति गठन भएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको ...मा कैलाली उद्योग वाणिज्य संघमा ...सर्वपक्षीय बैठकले शान्ति सद्भाव ...गरेको हो।

समितिले टीकापुर घटनापछिको ...बारे जानकारी लिन स्थलगत ...म गर्ने निर्णय गरेको छ।

शान्ति सद्भाव कायम गर्न ...र ...मा छलफल, संवाद ...न्तरक्रिया गर्ने निर्णय गरिएको छ। कैलाली जिल्लामा साउन ३२ गते, भदौ ..., ७ र ८ गते भएका घटना र ती ...का बारेमा प्रहरी प्रशासनले गरिरहेको ...हीका विषयमा पनि छलफल गर्दै...। समितिले गरेको निर्णयअनुसार ...बार साँझ समितिका सदस्यहरूले कैलालीका प्रमुख जिल्ला अधिकारी मोहन थापागाईलाई भेटेर कैलाली जिल्लामा कर्फ्यूले पारेको उद्योग, व्यवसाय र जनजीवनमा पारेको प्रभावका विषयमा जानकारी गराउँदै कर्फ्यू खुकुलो गर्न समेत आग्रह गरेको छ।

समितिमा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका प्रमुख मोहनदेव जोशी, त्रिदेश चौधरी, कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष शंकर बोगटी, उपाध्यक्ष हिक्मत कुँवर, नेपाल पत्रकार महासंघ कैलालीका पूर्व अध्यक्ष दीर्घराज उपाध्याय, इन्सेक क्षेत्रीय कार्यालयका संयोजक खड्कराज जोशी, थारु नागरिक समाजका अध्यक्ष बिन बहादुर चौधरी, रामदास चौधरी, जोहारीलाल चौधरी, नेपाल पत्रकार महासंघ कैलालीका अध्यक्ष भरत शाह, नेपाल बार एशोसिएसन कैलालीका अध्यक्ष पद्मराज शर्मा, सिभिनका क्षेत्रीय संयोजक माधव लोहनी, अधिकारकर्मी बसन्ती चौधरी सदस्य रहेका छन्।

## सामाजिक सद्भाव कायम गर्ने प्रयास



अनुमोदन समाचार/टीकापुर

कैलालीको टीकापुरमा भएको घटनापछि सिर्जित तनावको अवस्था अन्त्य गर्दै सामाजिक सद्भाव र एकता कायम राख्न विभिन्न प्रयास जारी छन्।

टीकापुर घटनापछि बिग्रेको सामाजिक सद्भाव कायम राख्न राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयले विभिन्न छलफल तथा अन्तर्क्रिया गरिरहेको छ।

आइतबार आयोगको संयोजकत्वमा धनगढीमा भएको एक सर्वपक्षीय भेलाले जिल्लामा भएका घटनाको संयुक्त अनुगमन गर्ने, कर्फ्यु कम गर्नेबारे स्थानीय प्रशासनसँग छलफल गर्ने, साउन ३२ देखि भदौ ८ गतेसम्म भएका घटनाको सम्बन्धमा कानुनी प्रक्रियाका बारे प्रहरी/प्रशासनसँग जानकारी लिने र शान्ति र सद्भावका लागि सबै पक्षीय छलफल तथा अन्तर्क्रिया कार्यक्रम जारी राख्ने निर्णय गरेको जनाइएको छ।

अनुगमन समितिमा राष्ट्रिय मानव अधिकार आयोग, उद्योग वाणिज्य संघ, थारु नागरिक समाज, इन्सेक, कैलाली जिल्ला बार एसोसिएसन, सिभिन, पत्रकार महासंघ, महिला अधिकारकर्मी सहितको अनुगमन टोली बनाइएको छ। टोलीले सोमबारदेखि अनुगमन कार्य थालनी गर्ने जनाइएको छ।

# आयोगका विविध गतिविधिहरु तस्वीरबाट





















अन्तरसंवाद कार्यक्रम




















बाजुरा जिल्ला कारागारको अनुगमन गर्दै आयोगका माननीय सदस्य प्रकाश वस्ती सहितको टोली



टीकापुर घटनाको बारेमा जानकारी लिदै आयोगका माननीय सदस्य सुदीप पाठक सहित

मुद्रण: पुष्प प्रिन्टर्स एण्ड स्टेशनरी सप्लायर्स प्रा.लि., बसपार्क, धनगढी, कैलाली (फोन: ०९१-५२३८४८)